
UNESCO
Kathmandu Office
United Nations
Educational, Scientific and
Cultural Organization

# शिक्षामा लैङ्गिक समानताको प्रवर्द्धन गर्दै



एशिया
प्रशान्त क्षेत्रमा
शिक्षामा लैङ्गिकता
संजाल (जेनिया)
साधन-सामग्री

# शिक्षामा लैङ्गिक समानताको प्रवर्द्धन गर्दै

एशिया
प्रशान्त क्षेत्रमा
शिक्षामा लैङ्गिकता
संजाल (जेनिया)
साधन-सामग्री

**Gender in Education Network in Asia-Pacific (GENIA) Tookit: Promoting Gender Equality in Education.**
Bangkok: UNESCO Bangkok, 2009

126 pp.

1. Gender equality. 2. Tookit. 3. Gender-responsiveness. 4 GENIA

ISBN 978-92-9223-296-2 (Print version)
ISBN 978-92-9223-297-9 (Electronic version)
**ISBN : 978-9937-8412-0-7 (Nepali version)**

© UNESCO 2009

Fourth Edition, 2009

Published by the
UNESCO Asia and Pacific Regional Bureau for Education
Mom Luang Pin Malakul Centenary Building
920 Sukhumvit Road, Prakanong Klongtoey
Bangkok 10110, Thailand

Chief Editor: Caroline Haddad
Design/Layout: Sirisak Chaiyasook
Photo Credits: © Mamun Mahmud Mollick, Bangladesh (front cover) and © Chuah Huat Beng, Malaysia (Back Cover)

Printed in Thailand

**पुनप्रकाशन (नेपाली) : युनेस्को काठमाडौं अफिस ।**
**नेपाली संस्करण मुद्रण : शाक्य अफसेट प्रेस प्रा.लि.**
**नेपालीमा अनुवादकर्ता - हेम राज लेखक ।**

**यस प्रकाशनमा उपयोगमा ल्याइएका पदहरू र सामग्रीहरूको प्रस्तुतिले कुनै पनि देशको, संरक्षित राज्यको शहर वा क्षेत्रको अथवा यसका अधिकारीहरूको कानूनी अथवा देश, क्षेत्रको सीमा सम्बन्धमा युनेस्कोको कुनै पनि विचारको अभिव्यक्तिलाई प्रस्तुत गर्दैन ।**

# प्राक्कथन

यो प्रकाशन एशिया प्रसान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता संजाल (जेनिया) साधन सामग्रीको चौथो परिमार्जित संस्करण हो जुन शिक्षामा लैङ्गिकतामा भएका पछिल्ला विकासहरूलाई प्रतिविम्वित गर्न नियमित रूपमा अद्यावधिक गरिन्छ । यो संस्करण 'जेनिया' सम्पर्क व्यक्तिहरू र एशिया प्रशान्त क्षेत्रका लैङ्गिक विशेषज्ञहरूद्धारा तयार गरिएको थियो जुन यस साधन सामग्रीलाई अन्तिम रूप दिन सेप्टेम्वर २००९ मा आयोजना गरिएको एउटा प्राविधिक कार्यशालाका लागि जम्मा भएका थिए : इष्टेफान बेङ्गात्शन, डेवीड क्लार्क, उषा दीक्षित, ज्वोत्सना झा, कोतो कानो, जोन काप, याँङ्जि ली, पेम्जाई मेस्सुकसाइ, चेम्बा राघवण र हाइवन्जु सोङ्ग ।

संयुक्त राष्ट्र संघका बालिका शिक्षा कार्यक्रमका साझेदारहरूलाई र बैंककमा सम्पन्न "लैङ्गिकताका लागि प्रमाणमा आधारित प्रचारात्मक कार्यशाला - शिक्षामा लैङ्गिक निष्पक्षता र समानता" का सहभागीहरूलाई उनीहरूको यस साधन सामग्रीका साधनहरूका प्रारम्भिक मस्यौदाहरूको अग्रिम जाँच गर्ने काममा सहभागिताका लागि विशेष धन्यवाद दिइन्छ । अन्तर्राष्ट्रिय श्रम संगठन एशिया र प्रशान्त क्षेत्रका लागि क्षेत्रीय कार्यालयका फु व्हीनेह र साउथ अष्ट्रेलिया विश्वविद्यालयका रेना इची र संजुक्ता बास देव, दुबैबाट प्राप्त सूझावहरूको पनि हामी सराहना गर्दछौं ।

अपील/युनेस्को बैकक का माकी ह्यासिकावा, जोहान लिन्डवर्ग, आशिमा कपुर र एड्रीन वाउचर तथा युनेस्को बैंकक कै प्रकाशन समूहका क्यारोलिन हडाड र श्रीसाक चैयासुकले पनि अमूल्य योगदान दिनु भएको थियो ।

यस संस्करणको परिमार्जन प्रक्रियामा तथा यस साधन सामग्रीका पछिल्ला संस्करणहरूमा संलग्न हुनु भएका सबैलाई हामी धन्यवाद दिन चाहन्छौ ।

# विषय-सूची


## प्राक्कथन.......................................................ग

**विषय-सूची** ..................................................................................... घ

## साधन-सामग्री मार्गदर्शन.................................... १

## खण्ड १: लैङ्गिक सचेतना जगाउनका लागि साधनहरू........ २१

**साधन १** | लैङ्गिकता सम्बन्धी शव्दावली तथा अवधारणाहरूका परिभाषाहरू........................ २३

**साधन २** | शिक्षामा लैङ्गिक समानताप्रति विश्वव्यापी प्रतिवद्धताहरू.................................. २८

**साधन ३** | शिक्षाका लैङ्गिक मुद्दाहरू..................................................................... ३०

**साधन ४** | तपाईको कार्यस्थल वातावरण कत्तिको लैङ्गिक अनुकूल प्रतिफल दिने किसिमको छ....................................... ३२

**उपयोगी स्रोत-साधनहरू**............................................................................................ ३५

**साधन ५** | लैङ्गिकता र लिङ्गभेद : के फरक छ ?...................................................... ३६

**साधन ६** | लैङ्गिकता विषयमा हाजिरी-जवाफ............................................................ ३८

**साधन ७** | लैङ्गिकता सम्बन्धी रुढीबद्ध धारणाहरू.....................................................४३

**साधन ८** | लैङ्गिक समानता गाडी.......................................................................४५

**साधन ९** | लैङ्गिक समानता चरा......................................................................... ४७

## खण्ड २ : लैङ्गिकता अनुकूल प्रतिफल दिने शैक्षिक वातावरणका लागि साधनहरू...........................................५१

**साधन १०** | लैङ्गिकता अनुकूल प्रतिफल दिने पाठ्यक्रम र पठन पाठन सामग्रीहरूको विकास गर्दै... ५३

**साधन ११** | विद्यालयहरूको लैङ्गिक मैत्री अवस्थाको मापन गर्दै.......................................... ५५

**साधन १२** | एउटा लैङ्गिकता संबेदनशील शिक्षक..........................................................

**साधन १३** | पठनपाठन सामग्रीहरूको लैङ्गिकता अनुकूल प्रतिफल दिने अवस्थाको विश्लेषण गर्दै.... ६०

**साधन १४** | लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकनका लागि मार्गदर्शन................ ६३

**साधन १५** | लैङ्गिकता अनुकूल प्रतिफल दिने सामुदायिक सिकाइ केन्द्रहरूको प्रवर्द्धन गर्दै............ ६५

**उपयोगी स्रोत-साधनहरू**............................................................................................६९

**साधन १६** | लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू.......................... ७०

## खण्ड ३ लैङ्गिकता अनुकूल प्रतिफल दिने शिक्षा व्यवस्थापनका लागि साधनहरू................................................ ८१


**साधन १७** | (अ): शिक्षामा लैङ्गिकताको मूलप्रवाहीकरण.................................................. ८३
(आ) लैङ्गिक मूलप्रवाहीकरण चक्र........................................................... ८७

**साधन १८** | शिक्षामा लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था.................................. ८८

**साधन १९** | लैङ्गिकता अनुकूल प्रतिफल दिने शैक्षिक परियोजना र कार्यक्रमहरूको विकास गर्दै...... ९४

**साधन २०** | अनुसन्धान र सर्वेक्षणहरूका लागि लैङ्गिक अनुकूल प्रतिफल दिने सेवा शर्तहरूको विकास गर्दै.......................................................................... ९७

**साधन २१** | लैङ्गिकता अनुकूल प्रतिफल दिने तालीम सत्रहरू, बैठकहरू र सम्मेलनहरूको आयोजना गर्दै........................................................................... ९९

**उपयोगी स्रोत-साधनहरू**........................................................................ १०३

**साधन २२** | लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था विषयमा हाजिरी-जवाफ............... १०४

**साधन २३** | लैङ्गिकता सम्बन्धी तालीम कार्यशालाको एउटा उदाहरण.................................. १०८

**साधन २४** | एउटा कार्यशालामा सहभागिता प्राप्त गर्नका लागि एघार वटा उपायहरू............... ११०

**साधन २५** | शिक्षामा लैङ्गिक समानता प्रवर्द्धन गर्न आफ्नो संजाल बनाउनु होस्...................... ११३

## सन्दर्भ सामग्रीहरू............................................. ११७

# साधन सामग्री मार्गदर्शन



© कामठोर्न साठा, थाइल्याण्ड

## यो साधन-सामग्री कसका लागि तयार गरिएको हो ?

यो प्रकाशन मूल रूपमा सन् २००३ मा तयार गरिएको हो जुन बेला एशिया-प्रशान्त क्षेत्रको शिक्षामा लैङ्गिकता संजाल (जेनिया) स्थापना गरिएको थियो । त्यस बखत शिक्षामा लैङ्गिकतामा स्रोतसाधनहरू उपलव्ध थिएनन् र सन् २००६ को संस्करण सम्म कार्यपत्रहरू मुख्यतया "जेनिया" का सदस्यहरूको प्रयोगका लागि मात्रै तयार गरिएका थिए जुन एशिया-प्रशान्त क्षेत्रका शिक्षा मन्त्रालयहरूका प्रतिनिधिहरू (सम्पर्क व्यक्ति) हुने गर्दछन् । त्यसबेला देखि "जेनिया" का सदस्यहरूले "साधन-सामग्री" लाई आफ्ना राष्ट्रिय समकक्षीहरूलाई समवेदनशील पार्न र तालीम दिन प्रयोग गरिआएका छन् ।

तथापि, साधन-सामग्री लैङ्गिक सम्पर्क व्यक्तिहरूद्वारा मात्र वितरित र प्रयोग गरिएको नभई "जेनिया" को बारेमा सुनेका व्यक्तिहरू र/अथवा युनेस्को बैंककद्वारा प्रकाशित सन्दर्भ सामग्रीहरूमा रुचि राख्ने व्यक्तिहरूद्वारा प्रयोग भई आएका छन् । यसकारणले सन् २००६ देखि "साधन-सामग्री" लाई युनेस्को बैंकको "वेभसाईट[१]" मा उपलव्ध गराइएको छ । फलस्वरूप, लैङ्गिक समानता सम्बन्धमा वेभमा सूचना खोज्ने जुनसुकैले सजिलैसंग "साधन-सामग्री" मा पहुँच प्राप्त गर्न सक्दछ ।

साधन-सामग्रीको यो चौथो संस्करणले यसरी लक्षित समूहको क्षेत्र विस्तार गरेको छ । यसमा पहुँच पुऱ्याउन सक्ने सबै सम्भाव्यहरूको आवश्यकताहरूको परिपूर्ति गर्नका लागि विषयवस्तु त्यसैगरी अनुकूल बनाइएको छ।

साधन-सामग्रीले शिक्षामा र अन्य क्षेत्रहरूमा लैङ्गिक समानता अभिबृद्धि गर्ने र तालीम प्रदान गर्ने कार्यमा कटिबद्ध अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संगठनहरूद्वारा तयार गरिएका विद्यमान सूचना तथा साधनहरूलाई पनि एकीकृत गरेको छ । यी स्रोतहरूबाट थप जानकारी साधन-सामग्रीको अन्तमा दिइएको सन्दर्भ खण्डको अध्ययनबाट प्राप्त हुनेछ ।

१ http://www.unescobkk.org/en/education/appeal/programme-themes/gender/genia/genia-resources/

| साधन/लक्षित समूह | सबै | नीति निर्माताहरू योजनाकारहरू | परियोजना/ कार्यक्रम अधिकृतहरू | शैक्षिक सामग्री निर्माताहरू | शिक्षक प्रधाना-ध्यापकहरू | शिक्षक प्रशिक्षकहरू | लैङ्गिक प्रशिक्षकहरू | अनुसन्धानकर्ताहरू |
|---|---|---|---|---|---|---|---|---|
| **भाग १: लैङ्गिक चेतना जगाउनका लागि साधनहरू** | | | | | | | | |
| १. "लैङ्गिकता" सम्बन्धी शब्दावली र अवधारणाहरूको परिभाषाहरू | X | | | | | | | |
| २. शिक्षामा लैङ्गिक समानताप्रति विश्वव्यापी प्रतिवद्धताहरू | | X | X | | X | X | X | |
| ३. शिक्षाका लैङ्गिक मुद्दाहरू | X | | | | | | | |
| ४. तपाईको काम गर्ने वातावरण कत्तिको लैङ्गिक अनुकूल प्रतिफल दिने किसिमको छ ? | X | | | | | | | |
| **उपयोगी स्रोतसाधनहरू** | | | | | | | | |
| ५. लैङ्गिकता र लिङ्गभेद : के फरक छ ? | | | | | | X | X | |
| ६. लैङ्गिकता विषयमा हाजिरी जवाफ | | X | X | | | X | X | |
| ७. लैङ्गिकता सम्बन्धी रुढिबद्ध धारणाहरू | X | | | | | | | |
| ८. लैङ्गिक समानता गाडी | | | | | X | X | X | |
| ९. लैङ्गिक समानता चरा | | | | | X | X | X | |
| **भाग २: लैङ्गिकता अनुकूल प्रतिफल दिने शैक्षिक वातावरणका लागि साधनहरू** | | | | | | | | |
| १०. लैङ्गिकता अनुकूल प्रतिफल दिने पाठ्यक्रम र शैक्षिक सामग्रीहरूको विकास गर्दै | | | | X | X | X | | |
| ११. विद्यालयको लैङ्गिकमैत्री आवश्यकता मापन गर्दै | | | X | | X | | | |
| १२. एउटा लैङ्गिक संवेदनशील शिक्षक | | | | | X | X | | |
| १३. शैक्षिक सामग्रीहरूको लैङ्गिक अनुकूल प्रतिफल दिने विश्लेषण गर्दै | | | X | X | X | X | | |
| १४. लैङ्गिक अनुकूल विद्यालय अवलोकनका लागि मार्ग दर्शन | | | X | | X | X | | X |
| १५. लैङ्गिकता अनुकूल प्रतिफल दिने सामुदायिक सिकाइ केन्द्रहरूको प्रवर्द्धन गर्दै | | | X | X | X | | | |
| **उपयोगी स्रोतसाधनहरू** | | | | | | | | |
| १६. लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू | | | | | X | X | | X |

| साधन/लक्षित समूह | सबै | नीति निर्माताहरू योजनाकारहरू | परियोजना/ कार्यक्रम अधिकृतहरू | शैक्षिक सामग्री निर्माताहरू | शिक्षक प्रधाना-ध्यापकहरू | शिक्षक प्रशिक्षकहरू | लैङ्गिक प्रशिक्षकहरू | अनुसन्धानकर्ताहरू |
|---|---|---|---|---|---|---|---|---|
| **भाग ३: लैङ्गिक अनुकूल प्रतिफल दिने शिक्षा व्यवस्थापनका लागि साधनहरू** | | | | | | | | |
| १७. (अ) शिक्षामा लैङ्गिकताको मूलप्रवाहीकरण | | X | X | | | | | |
| (आ) लैङ्गिकता मूलप्रवाहीकरण चक्र | | X | X | | | | | |
| १८. शिक्षामा लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था | | X | X | | | | | |
| १९. लैङ्गिकता अनुकूल प्रतिफल दिने शैक्षिक परियोजना र कार्यक्रमहरूको विकास गर्दै | | X | X | | | | | |
| २०. अनुसन्धान र सर्वेक्षणका लागि लैङ्गिकता अनुकूल प्रतिफल दिने सेवा शर्तका विषयहरू विकास गर्दै | | X | X | | | | | X |
| २१. लैङ्गिकता अनुकूल प्रतिफल दिने तालीम सत्रहरू, बैठकहरू र सम्मेलनहरू आयोजना गर्दै | | | X | | | X | X | |
| **उपयोगी स्रोतसाधनहरू** | | | | | | | | |
| २२. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्थाका लागि जाँच | | X | X | | | | | |
| २३. लैङ्गिकता सम्बन्धी तालीम कार्यशालाका उदाहरणहरू | | | X | | | X | X | |
| २४. एउटा कार्यशालामा सहभागिता प्राप्त गर्नका लागि एघार वटा उपायहरू | | | | | | X | X | |
| २५. शिक्षामा लैङ्गिक समानता प्रवर्द्धन गर्न आफ्नो संजाल बनाउनु होस् | X | | | | | | | |

## तपाई "साधन-सामग्री" बाट के गर्न समर्थ हुनुहुनेछ ?

"साधन-सामग्री" ले धेरै उद्देश्यहरू पूरा गर्नेछ । तपाईको आवश्यकता र रुचिका आधारमा यसले तपाईलाई मद्दत गर्नेछ ।

## सिक्न

लैङ्गिक समानतालाई बढावा दिन र लैङ्गिक-झुकावको भावना विकास गर्न समर्थ हुनुभन्दा पहिले गर्नु पर्ने पहिलो कदम हो - लैङ्गिक मुद्दाहरूका बारे जानकारी लिनु: यसको अर्थ के हो, के गर्नु पर्ने छ र यसलाई कसरी गर्ने भन्ने बारे अवगत हुनु । स्वाध्यायन आधारका रुपमा यही कुरा यस स्रोत सामग्रीले प्राप्त गर्न मद्दत गर्नेछ ।

## विश्लेषण गर्न

"साधन-सामग्री" का विभिन्न साधनहरूले लैङ्गिक सचेतना, तपाईको वातावरणको सम्बेदनशीलता अथवा प्रतिक्रिया र कार्यशैलीको मूल्यांकन गर्न सहयोग पुऱ्याउने छन् । यो अवस्था निर्णायक छ : तपाईले सोच्न सक्नुहुन्छ कि तपाईका कुनै पनि लैङ्गिक मुद्दाहरू छैनन् अथवा तपाईको वातावरण र दृष्टिकोण लैङ्गिक विभेद गर्ने खालका छैनन् तर यी कुराहरूको लैङ्गिक हिसावले विश्लेषण गर्ने प्रयत्न गर्नु होला र तपाईले कुराहरू फरक पाउनु हुनेछ ।

## काम गर्न

आफ्नो वातावरणको लैङ्गिक हिसावले गरिने विश्लेषणबाट प्राप्त हुने सूचनाले तपाईलाई यदि आवश्यक भएमा यिनीहरूलाई बढी लैङ्गिक सचेत भई सुधार गर्न लगाउने छ । काम तपाईबाट पहिले प्रारम्भ हुन्छ तर तपाईले पनि साँच्चिकै लैङ्गिक समानतालाई वास्तविकतामा बदल्ने तपाईको बाटोबारे तपाई वरिपरिका अरुहरूसंग भन्नु हुनेछ र उनीहरूलाई समावेश गराउनु हुनेछ ।

## वकालत गर्न

शिक्षामा लैङ्गिक समानता प्राप्तिका लागि वकालत जरुरी छ, किनभने अझै पनि बालक र बालिका/पुरुष र महिलाहरूका बीच शिक्षामा मात्र हैन सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रहरूमा पनि व्यापक असमानताहरू विद्यमान छन् । तपाईले यस उद्देश्यका लागि यस भित्र रहेका सबै साधनहरू प्रयोग गर्न समर्थ हुनुहुन्छ, चाहे तपाईले आफू वरिपरिका व्यक्तिहरूलाई लैङ्गिक मुद्दाहरूका बारेमा सूचना प्रदान गर्न लागि होस् वा उनीहरूलाई विश्वास दिलाउन कि उनीहरूको वातावरण र/अथवा व्यवहारमा लैङ्गिक सचेतना देखिँदैन ।

## तालीम दिन

अरुहरूलाई विश्वास दिलाउनु सजिलो काम होइन । विशेषगरी यदि तपाईले यस प्रक्रियामा सलग्न गराउन खोजेका व्यक्तिहरू लैङ्गिक मुद्दाहरू अथवा लैङ्गिक समानता प्राप्तिमा सहायता पुऱ्याउने व्यावहारिक विधिहरूसंग परिचित छैनन् भने त्यस अवस्थामा उनीहरूलाई तालीम दिनु पर्ने हुन जान्छ । यस साधन-सामग्रीमा दिइएका सूचनाहरू तथा साधनहरूले तपाइलाई यस कार्यमा मद्दत पुऱ्याउने छन् ।

## तपाईले साधन-सामग्रीलाई कहाँ प्रयोग गर्न सक्नु हुन्छ ?

जुहा सुकै? तपाईले यसलाई आफ्नो संगठनको परिधिभित्र काममा वा कार्यक्षेत्रमा र आफ्नो घरमा समेत प्रयोग गर्न सक्नु हुनेछ ।

## तपाईले साधन-सामग्रीलाई कहिले प्रयोग गर्न सक्नु हुन्छ ?

यस साधन-सामग्रीलाई तपाईको आवश्यकताका आधारमा तपाईले विभिन्न समयमा प्रयोग गर्न सक्ने गरी निर्माण गरिएको छ : जव तपाईले शिक्षामा लैङ्गिक समानताका बारेमा अझ जान्ने इच्छा राख्नु हुन्छ, जव तपाईले काम गरिरहेको परियोजनाको लैङ्गिक सम्वेदनशीलताको विश्लेषण गर्न चाहनु हुन्छ, जव तपाईले आफ्नो संगठनमा बढी लैङ्गिक समानताको वकालत गर्न चाहनु हुन्छ, जव तपाईले एउटा विद्यालय निरीक्षण गर्नु हुन्छ र तपाईले यसका शिक्षक-कर्मचारीहरूको लैङ्गिक-सचेतताको मूल्यांकन गर्न चाहनु हुन्छ, जव तपाईले आफ्ना कर्मचारीहरूलाई जागरुक बनाउन लैङ्गिक तालीम सत्रको आयोजना गर्न खोज्नु हुन्छ, इत्यादि । अनेकौं अवसरहरू छन् जव तपाईले यसलाई प्रयोग गर्न सक्नु हुन्छ ।

## तपाईले साधन-सामग्रीलाई कसरी प्रयोग गर्न सक्नु हुन्छ ?

### वर्गीकरणहरूमा हेर्नु होस्

अझ राम्रो एक रुपता र दृश्यताका लागि साधनहरूलाई उनीहरूको सम्भाव्य प्रयोग अनुसार तीन वर्गमा विभाजित गरिएको छ :

- खण्ड १: लैङ्गिक-सचेतना जागरण गर्नका लागि साधनहरू
- खण्ड २: लैङ्गिक-सचेत शैक्षिक वातावरणका लागि साधनहरू
- खण्ड ३: लैङ्गिक-सचेत शैक्षिक व्यवस्थापनका लागि साधनहरू

### साधनहरूलाई छुट्टै अथवा संयुक्त रुपमा प्रयोग गर्नु होस्

तपाईले प्रत्येक साधनलाई छुट्टाछुट्टै अथवा उनीहरूलाई तोकिएको वर्गीकरणको ख्याल नगरेर संयुक्त रुपमा प्रयोग गर्न सक्नुहुन्छ । साधन-सामग्री तपाईको हो, र आफ्नो आवश्यकताका आधारमा तपाई कुनै एउटा अथवा अर्को कार्यपत्रलाई रोज्न स्वतन्त्र हुनुहुन्छ । त्यसै कारणले सजिलोको लागि प्रत्येक साधनलाई अंक दिइएका छन्, तर यसको अर्थ यो होइन कि तपाईले दिइएको क्रम अनुसार यिनीहरूको प्रयोग गर्नु पर्नेछ ।

### आवश्यकतानुसार मिलाउनु होस्

साधनहरू विभिन्न सन्दर्भमा सरल, व्यावहारिक र उपयोगी हुने गरी निर्माण गरिएका छन् । यस मार्ग दर्शनले यिनीहरूलाई सबैभन्दा राम्ररी कसरी प्रयोग गर्ने भन्ने उपायहरू बताउँछ । तथापि, तपाई यी साधनहरूको विषयवस्तुबाट मात्र पूर्णतया फायदा लिन सक्नु हुन्छ जव तपाईले यिनीहरूलाइ तपाईको आफ्नो विशिष्ट सन्दर्भ र आवश्यकता अनुसार अनुकूल बनाउनु हुनेछ । त्यसैकारणले तपाईलाई आवश्यकतानुसार यसको विषयवस्तुलाई परिमार्जन गर्न, विकास गर्न र दुरुस्त राख्न प्रोत्साहित गरिन्छ ।

उदाहरणका लागि, साधन १२: "एउटा लैङ्गिक-सचेत शिक्षकलाई एउटा मूल्याङ्कन/प्रश्नावली" का लागि अनुकूल बनाउने एउटा उपाय हो । सुझाइएका वाक्यहरूलाई बढी स्पष्ट र सुधारिएका प्रश्नहरूमा बदल्ने :

| | |
|---|---|
| उदाहरण: "लैङ्गिक-सचेत शिक्षकले महिला र पुरुष दुवै सहभागीहरूलाई सबै विषयहरूमा सन्तुलित संख्यामा सोध्ने वा सम्बोधन गर्ने प्रयास गर्नु पर्दछ, उसलाई यसो गर्न प्रोत्साहित गरिनु पर्दछ र तालीम दिइनु पर्दछ । | (वाक्य) ............................ |
| ● कक्षामा कति जना महिला सहभागीहरू छन्? | ............................ |
| ● कक्षामा कति जना पुरुष सहभागीहरू छन् ? | ............................ |
| ● कति पटक शिक्षकले महिला सहभागीहरूलाई सोध्छन् वा सम्बोधन गर्दछन ? | ............................ |
| ● कति पटक शिक्षकले पुरुष सहभागीलाई सोध्छन वा सम्बोधन गर्दछन् ? | ............................ |

### अनुवाद गर्नुहोस्

साधन-सामग्रीलाई आवश्यकतानुसार मिलाउने एउटा उपाय हुन सक्दछ ।आफ्नो देशमा बोलिने भाषा/भाषाहरूमा यसलाई अनुवाद गर्ने । यसले यसको विषयवस्तुको पहुँचलाई बढी मानिसहरू समक्ष पुऱ्याउछ र यसलाई स्रोतयुक्त सामग्री बनाउँछ । यदि तपाईले यसलाई अनुवाद गर्ने निर्णय गर्नु भो भने यसको प्रयोग-मैत्री लयलाई याद राख्नोस् र जटिल शव्दावलीलाई हटाउनु होस् । विशिष्ट शब्दावलीका लागि, जस्तै "लिङ्ग" जुन तपाईको भाषामा प्रयोग नहुन सक्दछ, यिनीहरूलाई सही सही अनुवाद गर्न जरुरी छ । यदि तपाईलाई अनुवाद कसरी गर्ने भन्ने पक्का थाहा छैन भने अन्य व्यवशायीहरू वा संस्थाहरूसंग सम्पर्क गर्नु होस् जसले यी शव्दावली पहिले दखि प्रयोग गरी राखेका हुन सक्दछन् र अनुवाद गरेका हुन सक्दछन् ।

## फोटोकपी गर्नु होस्, छाप्नुहोस्, सुरक्षित राख्नु होस् र एकआपसमा बाड्नु होस्


साधन-सामग्रको बनौट तपाईले सजिलैसंग छाप्न वा फोटोकपी गर्न र वितरण गर्न सकिने गरी निर्माण गरिएको छ । तपाईले तिनीहरूलाई राम्ररी राख्न र धेरै समय टिक्न सकिने बनाउन "लेमिनेशन" पनि गर्न सक्नुहुन्छ । तपाई तिनीहरूलाई बढी आकर्षक र डेस्कहरूमा जुन सेता कागजहरूले भरिएका हुन्छन् सजिलैसंग पाउन सकिने गरी बनाउन रंगिन कागजहरूमा छाप्न वा फोटोकपी गर्न सक्नु हुन्छ ।

## प्रत्येक साधनको प्रयोगबारे मार्ग दर्शन

यस खण्डमा दिइएको सूचनाले तपाईलाई एक एक गरेर साधनको परिचय गराउनेछ र तपाईलाई तिनीहरू कसरी प्रयोग गर्ने बारे मार्ग दर्शन गर्नेछ । याद राख्नु होस् यिनीहरू सुझावहरू मात्र हुन् - तपाईले चाहे अनुसार आफ्नो आवश्यकता परिपूर्ति गर्न यिनीहरूलाई परिमार्जन गरी अनुकूल बनाउन सक्नु हुनेछ ।

प्रस्तुत गरिएका साधनहरूमध्ये धेरैजसो यस्ता छन् जसलाई हामी लिङ्गीय लेन्सहरू" भन्दछौं ।

## "लिङ्गीय लेन्स" के हो ?



चस्माको एउटा लेन्सबाट तपाईले महिलाहरूको सहभागिता, अभिरुचि र वास्तविकताहरूलाई नियाल्नु हुन्छ । आर्को लेन्सबाट तपाईले पुरुषहरूको सहभागिता, अभिरुचि वास्तविकताहरू नियाल्नु हुन्छ ।

तपाईको दृष्टि अथवा अवलोकन शक्ति प्रत्येक आँखाले देखेको संयुक्त रूप हो ।

एउटा लिङ्गीय लेन्स धेरै कुरा हुन सक्दछ । लिङ्गीय लेन्सको एएटा रूप जुन लोकप्रिय हुँदै छ, त्यहो हो एउटा साधन जुन सरकारहरू र गैरसरकारी संस्थाहरूले आफ्ना नियमित कामकारवाहीमा प्रयोग गर्न सक्दछन् । (उदाहरण, तालीम कार्यक्रमको एउटा लिङ्गीय लेन्स तपाईले तालीम संचालन गर्ने बेला प्रत्यक पटक प्रयोग गर्नु हुनेछ, योजना निर्माणका लागि लिङ्गीय लेन्स प्रत्येक वार्षिक कार्य योजना तयार गर्दा खेरी प्रयोग गर्न सकिन्छ, अनुसन्धानका लागि लिङ्गीय लेन्स तथ्यांक संकलन गर्ने बेला नियमित रुपमा प्रयोग गर्न सकिन्छ) ।

यो कार्यमूलक लिङ्गीय लेन्सका अक्सर तिम्नलिखित लक्षणहरू हुन्छन् :

**बनौटः**

- यो एउटा प्रश्नहरूको चेकलिष्टको वा आधारहरूको सूची हो ।
- यो नियमित रुपमा प्रयोगमा ल्याइन्छ ।
- यो जसले यसलाई प्रयोग गर्छन उनीहरूद्वारा सहभागितामूलक रुपमा तयार गरिन्छ ।
- प्रत्येक बुँदा महिला अथवा पुरुषहरूका प्रत्यक्ष वास्तविकताहरूमा केन्द्रित हुन्छ ।
- जहाँ उचित हुन्छ बालक र बालिकाहरू/पुरुष र महिलाहरूका प्रत्यक्ष वास्तविकताहरू समावेश गरिएका हुन्छन् ।
- यो शब्दहरूमा अथवा साक्षरता कम भएका ठाउँहरूमा तस्वीरमा उल्लेख गरिएको हुन्छ ।

## प्रयोग

- कम्तीमा दुईप्रति तपाईको संगठनको त्यही ठाउँमा सधै फायलमा राखिएका हुन्छन् जसले गर्दा व्यक्तिहरूले यसलाई प्रयोग गर्न सजिलै भेट्टाउन सक्दछन् ।
- प्रमुख्य व्यक्तिहरू जसले योजना निर्माण गर्दछन् र कार्यक्रम विकास गर्दछन् उनीहरूलाई लिङ्गीय लेन्स र यसलाई किन र कसरी प्रयोग गर्ने बारे परिचय दिइन्छ (उदाहरण, बरिष्ठ व्यवस्थापकीय कर्मचारीहरू र योजनाकारहरू, मुख्य सरोकारवालाहरू) ।
- अधिकाँश लिङ्गीय लेन्सहरूमा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन समावेश हुन्छन् । अन्य लिङ्गीय लेन्सहरूले निम्नलिखित मध्ये कुनै एउटा कार्यमा विशेष जोड दिन्छन् (जस्तै: संचारको साधनहरू - पोष्टर, मुखमन्त्रहरू, सडक नाटकहरू आदिको लिङ्गीय सचेतनाको अनुगमन गर्नका लागि; परियोजना मूल्यांकनकर्ताहरूलाई मार्ग दर्शन गर्नका लागि, आदि) ।

लिङ्गीय लेन्समा कलाकृतिहरू समावेश गर्न, रंगीन कागजमा प्रतिहरू बनाउन र उनीहरूलाई 'लेमिनेट' गर्न, 'लेमिनेट' गर्दा तिनीहरू लामो समय खप्ने हुन्छन् । रंगले तिनीहरूलाई आकर्षक बनाउँछ र भेट्टाउन सजिलो तुल्याउँछ ।

याद राख्नु होस्, लिङ्गीय लेन्स त्यसबेला बढी प्रभावकारी हुन्छ जब यसलाई प्रयोगकर्ताहरूले आफैं सहभागितामूलक विधिबाट तयार गर्दछन् । यस साधन सामग्रीमा दिइएका साधनहरू तपाईको आफ्नो लिङ्गीय लेन्स तयार गर्न प्रयोग गर्न सकिन्छन् ।

## एउटा लिङ्गीय लेन्सलाई कसरी प्रयोग गर्ने ?

### हतार नगर्नु होस्

जब एउटा लिङ्गीय लेन्समा धेरै प्रश्नहरू हुन्छन्, तपाईले एउटा प्रश्नको उत्तर 'हो' अथवा 'होइन' मा दिई आर्को प्रश्नमा जानु हुँदैन । तपाईले तुरुन्तै त्यस प्रश्नको उत्तर दिन नसक्ने पनि हुन सक्छ । त्यसैले हतार नगरी आवश्यक सूचनाको खोजतलास गर्नु होस् र त्यसमा राम्ररी विचार गर्नु होस् ।

### विकास गर्नु होस्

तपाईलाई लाग्न सक्दछ कि प्रश्नहरू कहिलेकाही ज्यादै साधारण छन् र सीमित छन् । त्यसैले तिनीहरूलाई विकास गर्ने प्रयास गर्नु होस् । यदि तपाईको पहिलो उत्तर 'हो' अथवा 'होइन' आउँछ भने त्यो 'किन' र 'कसरी' भन्ने कुरा पत्ता लगाउने प्रयास गर्नु हो ।

### एक आपसमा बाँड्नु होस्

एउटा लिङ्गीय लेन्स एउटा समूहद्वारा निर्माण गरिनु राम्रो हुन्छ, त्यसैले यसलाई त्यसैगरी प्रयोग गरिनु पर्दछ । यदि तपाईले अरुहरूसंगसगै काम गर्नु भयो भने विश्लेषण प्रक्रिया र त्यसपछि गरिने हस्तक्षेप बढी द्रुत, युक्तिहरूसंगत र बढी सान्दर्भिक हुनेछ ।

### त्यसभन्दा अगाडी जानु होस्

लिङ्गीय लेन्सको उद्देश्य तपाईका लागि प्रश्नहरूको उत्तर दिने मात्र होइन । यो तपाईलाई आफ्ना कार्यविधिहरू र वातावरणमा विचार गर्न मद्दत पुर्‍याउनका लागि हो र सम्भवतया तिनीहरूमा परिवर्तन ल्याउने हो । त्यसैले लिङ्गीय लेन्स प्रयोग गरे पछि यदि तपाईले पाउनु भयो कि सुधार गर्न सकिन्छ, यो पत्ता लगाउने प्रयास गर्नु होस् कि यो सुधार कसरी गर्न सकिन्छ र त्यसमा काम गर्नु होस् ।

# खण्ड १ : लैङ्गिक सचेतना जगाउनका लागि साधनहरू

यहाँ तपाईले लैङ्गिक मुद्दाहरूका बारेमा बढी थाहा पाउन प्रयोग गर्न सकिने र अरुलाई जागरुक बनाउन र लैङ्गिक सचेतना जगाउनका लागि विषयवस्तुको सहयोग प्रदान गर्न अथवा शिक्षामा लैङ्गिक समानताका लागि वकालत गर्न सम्बन्धी कार्यक्रमहरू आयोजना गर्न साधनहरू पाउनु हुनेछ ।

## साधन १ लैङ्गिकता सम्बन्धी शब्दावली र अवधारणाहरूका परिभाषा

यस साधनमा शिक्षामा सामान्यतया 'लिङ्गीयताको कुरा गर्दा प्रयोग गरिने शब्दावली र अवधारणाहरूका परिभाषाहरू प्रस्तुत गरिएका छन्, जसले गर्दा यदि कसैले तपाईलाई लिङ्गीय शव्दावलीबारेमा सोधेमा तपाई निरुत्तर हुनुहुने छैन ।

तपाईले यस साधनलाई आफ्नो फायदाका लागि प्रयोग गर्न सक्नु हुन्छ । तपाईले कार्यशालाको आयोजना गर्दा यी परिहभाषाहरू वितरण गर्न सक्नु हुन्छ र प्रतिक्रिया लिन सक्नु हुन्छ ।

तपाईले यो सूचीलाई विस्तार गर्न सक्नु हुन्छ र अन्य परिभाषाहरू समावेश गर्न सक्नु हुन्छ जुन तपाई यस साधन-सामग्रीको अन्तमा दिइएका स्रोतहरू हेर्नु भो भने पाउन सक्नु हुन्छ ।

## साधन २ शिक्षामा लैङ्गिक समानतामा विश्वव्यापी प्रतिवद्धताहरू

यस साधनको शिक्षामा लैङ्गिक समानताका कुराहरूलाई बढावा दिन र सुनिश्चित गर्न विश्वस्तरमा गरिएका प्रमुख प्रतिबद्धताहरूको सारसंक्षेप प्रस्तुत गर्दछ । तिनीहरू मध्ये, सबैका लागि शिक्षा, डकार कार्य योजना र संयुक्त राष्ट्रसंघीय शहस्राब्दी विकास लक्ष र विशेष प्रयासहरू छन् जसले शिक्षामा लैङ्गिक असमानतालाई सम्बोधन गर्न विशिष्ट लक्षहरू निर्धारण गरेका छन् ।

सेचतना निर्माण गर्न र वकालत गर्न सन्दर्भ सामग्रीका रुपमा यसलाई साधन ३ "शिक्षाका लैङ्गिक मुद्दाहरू" संग पनि जोड्न सकिन्छ ।

बढी जानकारीका लागि तपाईलाई यस साधनमा दिइएका सम्बन्धहरू बारे खोजतलास गर्न प्रोत्साहित गरिन्छ, विशेषगरी तिनीहरूका बारेमा बढी जान्न जुन प्रत्येक प्रयासमा भाग लिन्छन्, तिनीहरू के गर्दछन् र तपाई कसरी योगदान गर्न सक्नु हुन्छ ।

## साधन ३ शिक्षाका लैङ्गिक मुद्दाहरू

यस साधनमा विश्वभरीमा र एशिया तथा प्रशान्त क्षेत्रमा पुरुष तथा महिलाका बीचमा भएका विभेदहर बारे संक्षिप्त तथ्यांकहरू र वस्तुस्थिति प्रस्तुत गरिएका छन् ।

यो मानिसहरूमा लैङ्गिक मुद्दाहरू समाधान गर्नु पर्ने आवश्यकता बारे चेतना जगाउन र शिक्षामा लैङ्गिक समानताको वकालत गर्न प्रयोग गर्न सकिने सन्दर्भ सामग्री हो ।

## साधन ४ तपाईको काम गर्ने वातावरण कत्तिको लैङ्गिक-सचेत छ ?

यो साधन सूचीमा समावेश गरिएका मध्ये पहिलो लैङ्गिक लेन्स हो । यो व्यावहारिक साधन हो, किनभने यसले मार्ग दर्शन गराउने प्रश्नहरूका माध्यमले तपाईलाई आफ्नो काम गर्ने वातावरण विश्लेषण गर्न मद्दत गर्दछ ।

यस साधनको प्रयोगबाट अपेक्षित प्रतिफल हो - तपाईले आफ्नो काम गर्ने वातावरण कुन हदसम्म लैङ्गिक मैत्री छ र लैङ्गिक समानतालाई सघाउँछ भन्ने कुरा थाहा पाउनु - (पुरुषहरू र महिलाहरू दुवैको रुचि अनुसार), एक पटक तपाईले त्यो थाहा पाएपछि तपाईले त्यस अवस्थालाई कसरी सुधार गर्ने बारे काम गर्न सक्नुहुन्छ ।

यो साधन विभिन्न लक्षित समूहका लागि हो । यो वास्तवमा सानो वा ठूलो कुनै एक संगठनमा काम गर्ने जुनसुकैले पनि प्रयोग गर्न सकिन्छ, चाहे त्यो एउटा विद्यालय, मन्त्रालय, गैसस र/अथवा अन्तर्राष्ट्रिय संगठन आदि होस् । विषयवस्तु ज्यादै लामो छ, त्यसैले तपाईले यसलाई आफ्नो विशिष्ट सन्दर्भसंग मिलाउन सक्नु हुन्छ ।

# उपयोगी स्रोतहरू

## साधन ५ लैङ्गिकता र लिङ्गभेदमा के फरक छ ?

यो साधन लिङ्गभेद र लैङ्गिकताका धारणाहरू बारेका नौवटा भनाईहरू भएको अभ्यास हो (साधन १ मा यी शब्दावलीहरूका परिभाषाहरू हेर्नुहोस्) । उद्देश्य, यी दुई धारणाहरूमा फरक बारेमा विचार गर्न लगाउने हो ।

यो साधन विशेषगरी ती प्रशिक्षकहरूका लागि हो जसले यी वाक्यहरूमा सहभागीहरूद्वारा छलफल संचालन गर्नु हुन्छ । सहभागीहरूले आफूले सुनेका वा बनाएका अन्य भनाईहरूमा विचार गर्न सक्दछन् र प्रश्न गर्न सक्दछन् कि तिनीहरूले अधिकाँश पुरुषहरू र महिलाहरूलाई उनीहरूको जीवबैज्ञानिक बनौटका आधारमा संकेत गर्दछन् । हामीले पुरुषहरू र महिलाहरूलाई दिएका भूमिकाहरूमा प्रश्न गर्दा र त्यस्तो हामी किन गर्दछौं भन्ने कुराको बुझाईले हामीलाई यदि तिनीहरू पक्षपातपूर्ण र हानिकारक छन् भने यी दृष्टिकोणहरूलाई सच्याउनतिर डोऱ्याउन सक्दछ ।

## साधन ६ लैङ्गिकता विषयमा हाजिरी-जवाफ

यो साधनमा एउटा "जाँच" समावेश गरिएको छ जुन आफ्नो सामान्य ज्ञानको मूल्यांकन गर्न र अझ बढी थाहा पाउनका लागि जहिले पनि एउटा मनोरञ्जनात्मक अभ्यास हुन्छ ।

यस साधनमा तिनीहरूका उत्तरहरूका साथै पन्ध्रवटा प्रश्नहरू दिइएका छन् र तपाईले दिइएका सन्दर्भ सामग्रीहरूबाट सम्बन्धित जानकारी पाउनु हुनेछ । प्रश्नहरूले साधारण लैङ्गिक मुद्दाहरूलाई ओगटेका छन् । त्यसैले यिनीहरू अनिवार्य रुपमा सोझै शिक्षासंग सम्बन्धित छैनन् जुन कुरा उपयोगी छ किनभने हामीलाई थाहा छ कि शिक्षाका लैङ्गिक मुद्दाहरू अन्य क्षेत्रका लागि पनि लागू हुन्छन् । लैङ्गिक समानता त्यसबेला मात्रै पूरा गर्न सकिन्छ जब यो यी सबै क्षेत्रमा व्यापक हुन्छ ।

तपाई यस साधनलाई आफै वा तालीम सत्र संचालनका बेला प्रयोग गर्न सक्नु हुन्छ ।

## साधन ७ लैङ्गिकता सम्बन्धी रुढीबद्ध धारणाहरू

यस साधनले हामीलाई महिलाहरू (र पुरुषहरू) ले भोगिरहेका सांस्कृतिक रुढिबद्ध धारणाहरूमा विचार गर्न जागृत गराउन मद्दत पुऱ्याउँछ । यसमा एशिया र प्रशान्त क्षेत्रका देशहरूमा आमरुपमा सुनिने उक्तिहरू प्रस्तुत गरिएका छन् । उनीहरू लैङ्गिक पक्षपातका हिसावले ज्यादै घतलाग्दा छन् ।

उक्तिहरू पढ्नु होस् र तिनमा विचार गर्नु होस् । के तपाई तिनीहरूसंग सहमत हुनुहुन्छ? किन? के तपाईलाई लाग्छ कि यी उक्तिहरूले (महिला र पुरुषहरू) प्रति व्यक्त गरिएका विचारहरू र दृष्टिकोणलाई रुपान्तर गरिनु पर्दछ ? यदि हो भने, तिनीहरूलाई कसरी रुपान्तर गर्नु पर्दछ ?

अन्तिम भनाई (एउटा महिलालाई शिक्षित पार्नु होस्, राष्ट्रलाई शिक्षित पार्नु होस्), पहिलो नजरमा सकारात्मक लाग्न सक्दछ । यसले वास्तवमा बृहत् परिमाणमा महिलाहरूको सकारात्मक शक्ति र प्रभावलाई मान्यता प्रदान गर्दछ । तथापि, यसले पुरुषहरू प्रति भेदभाव गर्दछ भन्ने तर्क गर्न सकिन्छ जसलाई यहाँ विचार गरिएको छैन । के तपाई यस तर्क प्रति सहमत हुनुहुन्छ ?

तपाईले यस साधनलाई आफै अथवा तालीम सत्रकालमा प्रयोग गर्न सक्नु हुन्छ । तपाईले सुनेका अथवा भनिएका अन्य रुढिबद्ध भनाईहरू पनि थप्न र त्यसमा प्रतिक्रिया व्यक्त गर्न सक्नु हुन्छ । यस साधनलाई एउटा अभ्यास पानामा पनि बदल्न सम्भव छ र सहभागीहरूलाई सोध्न सकिन्छ कि उनीहरू यी भनाईहरूमा सहमत हुनुहुन्छ अथवा हुनुहुन्न, अथवा उनीहरूलाई लाग्दछ कि यी रुढिबद्ध भनाईहरूमा परिवर्तन ल्याउनु पर्दछ । त्यस अवस्थामा चिनो लगाउन “छु” र “छैन” भन्ने बाक्सहरू थप्नु होस् ।

## साधन ८ लैङ्गिक समानता गाडी

यस साधनमा मार्ग दर्शन र व्याख्याका लागि प्रतिक्रिया सहितको एउटा तस्वीर प्रस्तुत गरिएको छ । यसले लैङ्गिक समानतालाई व्याख्या गर्ने एउटा सरल, दृश्य र मनोरञ्जनात्मक तरीका प्रदान गर्दछ ।

तस्वीरले दुईटा असमान पाङ्ग्रा भएको गोरुले तानिरहेको एउटा गाडीको प्रतिनिधित्व गर्दछ जुन वृत्तहरूमा मात्र चल्न सक्दछ । यो पुरुषहरू र महिलाहरू बीचको साझेदारीको झलक हो र यस वास्तविकतालाई प्रतीकको रुपमा प्रस्तुत गर्दछ कि महिलाहरू र पूरषहरू बीच समानता विना हामी अगाडि बढ्न सक्दैनौ ।

यस साधनलाई ठूलो आकारको कागजमा छापेर भित्तामा टाँसी तालीम दिन र छलफल गर्ने साधनका रुपमा प्रयोग गर्न सकिन्छ ।

## साधन ९ लैङ्गिक समानता चरा

यो साधन तालीम दिन र छलफल प्रारम्भ गर्नका लागि साधन ८ - “लैङ्गिक समानता गाडी” जस्तै प्रयोग गर्न सकिन्छ ।

# खण्ड २: लैङ्गिक-अनकूल प्रतिफल दिने शैक्षिक वातावरणका लागि साधनहरू

शिक्षकहरू र विद्यालय प्रशासकहरूको दृष्टिकोण तथा भेदभावपूर्ण पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरू अक्सर बालिकाहरू र बालकहरूको समान सिकाईका लागि बाधाको रूपमा काम गर्दछन् । आर्कोतर्फ लैङ्गिक रूपले समबेदनशील शिक्षाले महिलाहरू र पुरुषहरू/बालिकाहरू र बालकहरू प्रति समान व्यवहार गर्दछ र उनीहरूलाई आफ्नो पूर्ण क्षमता देखाउन प्रोत्साहित गर्दछ ।

लैङ्गि-संबेदनशील दृष्टिकोण र शैक्षिक सामग्रीहरूले महिलाहरू र पुरुषहरूको गैर-रुढिबद्ध तस्वीरहरूलाई बढावा दिन्छन् जुन सबैका लागि निष्पक्ष र दिगो सिकाइ वातावरण निर्माण गर्न अति महत्वपूर्ण हुन्छन् । शिक्षकहरू र अन्य सहजकर्ताहरूले सहभागीहरूका (दुबै लिङ्गका) आवश्यकताहरू तथा यस असन्तुलनमा सुधार ल्याउनु पर्ने खाँचो बारे जानकारी राख्नु पर्दछ तथा लैङ्गिक विभेदपूर्ण विषयवस्तुहरू हटाउनु पर्दछ।

त्यसैले साधन सामग्रीको दोस्रो खण्डमा अध्ययन-अध्यापन वातावरणलाई लैङ्गिक दृष्टिकोण अनुसार तयार गर्नकालागि तपाईले प्रयोग गर्न सक्ने साधनहरू दिइएका छन् ।

## साधन १० लैङ्गिक-अनुकूल प्रतिफल दिने पाठ्यक्रम तथा पठन-पाठन शैक्षिक सामग्रीहरूको विकास गर्दै

यो लैङ्गिक-लेन्स पाठ्यक्रम तथा अध्ययन-अध्यापन शैक्षिक सामग्री तयार गर्ने प्रक्रियामा संलग्न सबै व्यक्तिहरूलाई ध्यानमा राखी बनाइएको हो । यसमा शैक्षिक सामग्री तथा पाठ्यक्रम तयार गर्ने सम्पूर्ण प्रक्रियाको प्रत्येक चरणमा प्रतिविम्बित हुनु पर्ने प्रश्नहरू समावेश गरिएका छन् ।

उदाहरणका लागि, यस प्रश्नमा विचार गरौं "के समिति बैठकको वातावरण खुला छलफल गर्न र महिला तथा पुरुष दुबैबाट विभिन्न राय आदान प्रदान गर्न सघाउ पुऱ्याउने खालको छ" समितिको सदस्यका हिसावले महिला र पुरुष दुबैलाई दिइएका भूमिकाहरू तथा कामहरू विश्लेषण गर्ने प्रयास गर्नु होस्: के तिनीहरू समान काम गर्दछन् ? के तिनीहरूलाई समान जिम्मेवारी दिइएको छ ? इत्यादि ।

अर्को उदाहरण हुन सक्दछ यस प्रश्नको प्रत्युत्तर, "के प्रत्येक पाठ्यक्रम/अध्ययन अध्यापन शैक्षिक सामग्री कार्य समूहका विषय विशेषज्ञहरू लैङ्गिक संवेदनशीलता बारे यथेष्ट तालीम प्राप्त छन्?" कृपया ध्यान दिनु होस् कि विशेषज्ञहरूलाई तालीम दिईनु पर्दछ जसले गर्दा उनीहरू लैङ्गिक-अनुकूल प्रतिफल दिने दृष्टिकोण अपनाउन र लैङ्गिक-अनुकूल प्रतिफल दिने विषयवस्तुहरू उत्पादन गरून् ।

आर्को एउटा उदाहरण, "के अध्ययन अध्यापन सामग्रीका लेखकहरू तथा चित्र निर्माणकर्ताहरू, लैङ्गिक-संवेदनशील छन् ? के उनीहरूले लैङ्गिक-संवेदनशीलताको तालीम पाएका छन्? यो कुरा सुनिश्चित गर्न जरुरी छ कि लेखकहरू र चित्र बनाउनेहरू लैङ्गिक मुद्दाहरूसंग परिचित छन्, लैङ्गिक समानतामा विश्वास गर्दछन् र उनीहरूले लैङ्गिक रुढीवद्ध धारणाको समर्थन गर्दैनन् ।

## साधन ११ विद्यालयहरूको लैङ्गिक-मैत्री अवस्थाको मापन

यस लैङ्गिक लैन्सले विद्यालय व्यवस्थापनमा सलग्न सबैलाई परियोजना/कार्यक्रम अधिकृतहरू मात्र होइन, शिक्षकहरू र प्रधानाध्यापकहरू समेत विद्यालयमा लैङ्गिक संवेदनशीलता तथा सचेतनालाई अझ राम्ररी प्रतिविम्वितगर्न मद्दत गर्नु पर्दछ । अनि उनीहरू बढी प्रभावकारी ढंगले आवश्यक परिवर्तनहरू गर्न सक्दछन् जसबाट उनीहरूको विद्यालयमा लैङ्गिक समानता स्थापित होस् ।

सबै लैङ्गिक लेन्सहरू जस्तै सुझाइएका प्रश्नहरू तपाईलाई त्यसमा मनन गर्न मद्दत पुऱ्याउन दिइएका छन् । तिनीहरूको उत्तर "हो" अथवा "होइन" मा तुरन्तै दिएर पन्छाउनु हुँदैन, यदि तपाई व्यावहारिक मूल्यांकन गर्न चाहनु हुन्छ भने प्रश्नहरूलाई रूपान्तरित गर्नु पर्दछ र विकास गर्नुपर्दछ ।

तपाईलाई यो सामग्रीलाई आफ्नो सन्दर्भ र आवश्यकतानुसार अनुकूल बनाउन पनि प्रोत्साहित गरिन्छ ।

## साधन १२ एउटा लैङ्गिक-समवेदनशील शिक्षक

प्रत्येक कक्षामा शिक्षकहरूले महत्वपूर्ण भूमिका खेल्दछन् । तिनीहरू ती कारक तत्व हुन् जसले आफ्ना विद्यार्थीहरूलाई सफलता अथवा असफलता तर्फ डोहऱ्याउँछन् । उनीहरूद्वारा गरिने पाठ्यक्रमको व्याख्या, सहभागीहरूसंगको अन्तर्क्रिया र विद्याथीहरूको लागि काम, कर्तव्य र गृहकार्यको छनौट गर्ने उनीहरूका तरीकाहरू बालकको शिक्षा अध्ययन गर्ने कार्यमा महत्वपूर्ण कुराहरू हुन् ।

यही कारणले साधन १२ ले शिक्षकको दृष्टिकोण र व्यवहारमा जोड दिन्छ । आत्म-विश्लेषण गर्न सहयोगी साधनका रूपमा लिनका लागि यस लैङ्गिक-लेन्सका प्राथमिक लक्षित प्रयोगकर्ताहरू शिक्षकहरू आफै हुन् । यस लेन्सलाई शिक्षकहरू र शिक्षणसंग सम्बन्धित कार्यकलापहरूमा संलग्न सबै व्यक्तिहरूले जस्तै प्रधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू तथा शिक्षा व्यवस्थापकहरूले प्रयोग गर्न सक्दछन् ।

यस साधनलाई पूर्वसेवाकालीन अथवा सेवाकालीन शिक्षक तालीमको अंगको रूपमा प्रयोग गर्न सकिन्छ । वास्तवमा, शिक्षकहरू आफैले यसलाई प्रयोग गर्न सक्दछन्, तर आफ्ना कार्यकलापकहरूलाई कसरी विश्लेषण गर्ने र तिनीहरूलाई कसरी सच्याउने भन्ने कुराका लागि थप मार्गदर्शन आवश्यक हुन सक्दछ ।

यस साधन-सामग्रीमा दिइएका अन्य लैङ्गिक लेन्सहरूको विपरित यसमा प्रश्नहरू समावेश गरिएका छैनन् । त्यसको सट्टा यसले लैङ्गिक संवेदनशील हुने परिप्रेक्षमा प्रत्येक शिक्षकले कस्तो दृष्टिकोण र व्यवहार अपनाउनु पर्दछ भन्ने कुरा सिफारिश गर्दछ । किनभने सुझावहरू मात्र दिइएका हुनाले तपाईलाई अन्य व्यक्तिहरूसंग छलफल गर्न र यसमा प्रतिक्रिया दिन आमन्त्रित गरिन्छ ।

## साधन १३ पठन-पाठन सामग्रीको लैङ्गिक-अनुकूल प्रतिफल दिने अवस्थाको विश्लेषण गर्दै

अध्ययन-अध्यापन सामग्रीहरू अक्सर लैङ्गिक विभेद गर्ने हुन्छन् । पठन-पाठन सामग्रीहरूमा महिलाहरू र बालिकाहरू पुरुषहरू र बालकहरू भन्दा कम उल्लेख गरिएका हुन्छन् । वातस्वमा, उल्लेख गरिएपनि बालिकाहरू र महिलाहरूलाई उदासीन, लजालू र कमजोर चित्रण गरिएको हुन्छ जवकि बालकहरू र पुरुषहरू जोखिम मोल्ने, जिज्ञासु, साहसी, बहादुर र चलाक हुन्छन् । गैर परम्परागत कामहरूमा अग्रसर हुने महिलाहरूको क्षमतालाई उल्लेख गरिएको हुँदैन र प्रबन्धक, पाइलट, अधिवक्ता, बैज्ञानिक, डाक्टर वा राज्य प्रमुखका रूपमा मुस्किललेनै उल्लेख गरिएका हुनछन् । पाठ्यपुस्तकहरूमा प्रयोग गरिएका रुढिबद्ध धारणाहरूले नै निश्चित गर्दछन् कि कसरी बालिकाहरू/बालकहरूले आफ्ना विषयहरू र अन्तमा आफ्नो व्यवसाय छनौट गर्दछन् ।

त्यसैले, यो साधन ती सबैका लागि तयार गरिएको हो जसले तिनीहरूले प्रयोग गर्ने, निर्माण गर्ने अथवा परिमार्जन गर्ने, अध्ययन अध्यापन सामग्रीहरूको लैङ्गिक सचेतनाको स्तर अथवा स्तरको अभावको मूल्यांकन गर्न चाहन्छन् ।

यस लैङ्गिक-लेन्स (अथवा अन्य कुनै लेन्स) द्वारा प्रारम्भ गरिएको प्रतिबिम्बले आवश्यक भएका थप उपचारात्मक कामका लागि बाटो प्रशस्त गर्नु पर्दछ ।

## साधन १४ लैङ्गिक-अनुकूल प्रतिफल दिने विद्यालय अवलोकनका लागि मार्गदर्शन

यस सामग्रीमा दिइएको विषयवस्तु सामग्री १६ का पानाहरू "लैङ्गिक अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू" प्रयोग गर्नु भन्दा पहिले पढिनु पर्दछ । यसले कक्षा निरिक्षण र विद्यालयस्तरका तथ्यांक संकलनका लागि मार्ग निर्देशनहरू प्रस्तुत गर्दछ ।

## साधन १५ लैङ्गिक-अनुकूल प्रतिफल दिने सामुदायिक सिकाइ केन्द्रहरूको प्रवर्द्धन गर्दै

सामुदायिक सिकाई केन्द्रहरू औपचारिक शिक्षा पद्धति भन्दा बाहिरका स्थानीय ठाउँहरू हुन् । ग्रामीण र शहरी दुबै क्षेत्रहरूमा स्थापना गरिएका यिनीहरू साधारणतया स्थानीय व्यक्तिहरूद्वारा स्थानीय व्यक्तिहरूकै लागि स्थापित र व्यवस्थापन गरिएका हुन्छन् र उनीहरूको जीवन पर्यन्तको सिकाईमा दिइएको जोडले अक्सर तिनलाई सामुदायिक विकासको केन्द्र विन्दु बनाउँछ । तिनीहरूले विविध सिकाइका अवसरहरू प्रदान गर्न सक्दछन् तर सबैले एउटा साझा उद्देश्य राख्दछन्: मानिसहरूलाई शिक्षा र सीप विकासका माध्यमले उनीहरूको जीवनको गुणस्तरमा सुधार ल्याउन मद्दत पुर्‍याउनु ।

धेरैजसो सामुदायिक सिकाइ केन्द्रहरूले महिलाहरूका व्यावहारिक आवश्यकताहरू र देखिएका निकटका आवश्यकताहरूलाई सम्बोधन गर्दै विभिन्न किसिमले महिलाहरू र बालिकाहरूलाई सशक्त बनाउनमा योगदान पुर्‍याउँदै महिलाहरू र बालिकाहरूलाई लक्ष्य गर्दछन् । तथापि, सामुदायिक सिकाइ केन्द्रहरूको योजना निर्माण र व्यवस्थापनले लैङ्गिक मूलप्रवाहीकरण रणनीतिनै अंगाल्ने छन् भन्ने जरुरी छैन । सामुदायिक सिकाइ केन्द्रका कर्मचारीहरू लैङ्गिक समानताका मुद्दाहरूसंग परिचित नहुनु सक्दछन् । सामुदायिक सिकाइ केन्द्रमा महिला शिक्षिकाहरू/सहयोगी कार्यकर्ताहरू र निरिक्षकहरूको अभाव हुन सक्दछ र अध्ययन-अध्यापन शैक्षिक सामग्रीहरू अक्सर लैङ्गिक-अनुकूल प्रतिफल दिने हुँदैनन् । सामुदायिक सिकाई केन्द्रका कार्यक्रमहरूले पनि अक्सर लैङ्गिक रुढीबद्ध सीपहरू र ज्ञानमा जोड दिन्छन् र समुदायको लैङ्गिक भूमिकामा प्रभाव पार्दैनन् ।

त्यसैले, यस लैङ्गिक लेन्सले सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन र संचालनमा संलग्न सबै व्यक्तिहरूलाई तिनीहरूको कार्यक्रममा लैङ्गिक संवेदना र सचेतनाको विश्लेषण गर्ने आधार तयार गर्दछ । आर्को कदम आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्रको संगठनमा तालीम दिने प्रक्रियामा र कार्यक्रम संचालनमा परिवर्तनका लागि योजना निर्माण गर्नु र छलफल गर्नु हुनेछ ।

# उपयोगी स्रोत-साधनहरू

## साधन १६ लैङ्गिक-अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू

यसमा सातवटा फारामहरू छन् जुन शिक्षकहरूले शिक्षक-प्रशिक्षकहरू, प्रधानाध्यापकहरू र निरिक्षकहरूले प्रयोग गर्न सक्दछन् जब तिनीहरूले कक्षा अवलोकन गर्दछन् । यदि खोजिएको सूचना भर्न पर्याप्त ठाउँ नभएमा तपाईले यी फारामहरूलाई आफ्नो अनुकूल बनाउन सक्नु हुनेछ ।

यी फारामहरूले मुख्यतया सहशिक्षीय कक्षाहरूलाई लक्ष्य गर्दछन् । यिनलाई उउटै लिङ्गका कक्षाहरूको अवलोकनका लागि पनि मिलाउन सकिन्छ ।

प्रश्नहरूलाई पनि अवलोकन गरिने विद्यालय/कक्षाको सन्दर्भसंग मेल खाने गरी मिलाउनु पर्ने हुन्छ ।

तपाई यी फारामहरूलाई एउटा विद्यालयको र कक्षाको अवलोकनमा प्रयोग गर्न सक्नु हुन्छ । यसका परिणामहरूको विश्लेषणले तपाईलाई विद्यालय र कक्षाकोठा तथा शिक्षण-सिकाइ प्रक्रियाको वातावरणमा लैङ्गिक विभेद/मुद्दाहरू पहिचान गर्न मद्दत पुर्‍याउनेछ ।

# खण्ड ३: लैङ्गिक-अनुकूल प्रतिफल दिने शिक्षा व्यवस्थापनका लागि साधनहरू

खण्ड ३ मा दिइएका साधनहरू विशेष गरी नीति निर्माण, निर्णय प्रक्रिया र परियोजना अथवा कार्यक्रम व्यवस्थापनमा संलग्न व्यक्तिहरूलाई ध्यानमा राखी तयार गरिएका हुन् ।

## साधन १७ (अ) शिक्षामा लैङ्गिक मूलप्रवाहीकरण

यस साधनले लैङ्गिक मूल प्रवाह के हो, यसका फायदाहरू के हुन्, र यसलाई कसरी सम्भव तुल्याउन सकिन्छ भन्ने कुराको जानकारी प्रदान गर्दछ ।

यदि तपाई लैङ्गिक मूल प्रवाहमा नयाँ हुनुहुन्छ भने यस साधनले तपाईलाई यसैसंग बढी परिचित हुनु मद्दत पुऱ्याउने छ र तपाईलाई आफ्ना कार्यक्रमहरू र संगठन भित्र लैङ्गिक मूल प्रवाह कायम गर्ने रणनीतिहरू लागू गर्न मद्दत पुऱ्याउने छ ।

## (आ) लैङ्गिक मूलप्रवाहीकरण चक्र

यो सामान्य दृश्य साधन हो जसले कार्यक्रम चक्रको प्रत्येक चरणमा कसरी लैङ्गिक मूल प्रवाहीकरण हुन्छ भन्ने कुरा स्पष्ट रूपमा बुझ्न र व्याख्या गर्न तपाईलाई मद्दत पुऱ्याउनेछ । लैङ्गिक मूल प्रवाहीकरणको केन्द्र विन्दु लैङ्गिक सचेत संगठनात्मक संस्कृति आवश्यक हुन्छ जसले कार्यक्रम चक्रको प्रत्येक चरणमा महिला र पुरुष दुबैलाई समान रूपमा भाग लिन लगाउँछ । यस चक्रलाई एउटा ठूलो कागजमा छाप्न सकिन्छ र भित्तामा टाँस्न सकिन्छ । यो एउटा योजना निर्माण साधन, एउटा मानव स्रोत व्यवस्थापन साधन र एउटा सहयोगी साधनको रुपमा (तालीम सत्रको दौरानमा) काम दिन सक्दछ ।

## साधन १८ शिक्षामा लैङ्गिक-अनुकूल प्रतिफल दिने बजेट व्यवस्था

यस साधनले लैङ्गिक-अनुकूल प्रतिफल दिने बजेट व्यवस्थाको परिचय दिन्छ । यस साधनले तपाईलाई लैङ्गिक बजेट व्यवस्था र यसलाई कसरी संचालन गर्ने भन्ने बारेमा थप जानकारी लिन मद्दत पुऱ्याउँछ ।

## साधन १९ लैङ्गिक-अनुकूल प्रतिफल दिने शिक्षा परियोजनाहरू र कार्यक्रमहरूको विकास गर्दै

यस लैङ्गिक लेन्समा परियोजना/कार्यक्रम व्यवस्थापन चक्रको प्रत्येक चरण: पहिचान, निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सोध्नु पर्ने प्रश्नहरूको सूची राखिएको छ । केही हदमा यसले तपाईलाई तालीम कहिले आवश्यक हुन्छ भन्ने मार्ग दर्शन पनि गर्दछ । यस साधनले परियोजना कार्यक्रम चक्रको प्रत्येक चरणलाई बढी लैङ्गिक-अनुकूल प्रतिफल दिने बनाउनका लागि सोच्न र छलफल गर्न लगाउने छ ।

## साधन २० अनुसन्धान र सर्वेक्षणहरूका लागि लैङ्गिक-अनुकूल प्रतिफल दिने सेवा शर्तहरूको विकास गर्दै

यो लैङ्गिक लेन्स अनुसन्धान र सर्वेक्षण कार्यकलापकहरूको योजना निर्माणमा संलग्न भएकाहरूका लागि उपयोगी हुनेछ । यसले तपसीलका प्रक्रियाहरूलाई अझ लैङ्गिक अनुकूल प्रतिफल दिने बनाउनमा जोड दिन्छ :

- विषय, लक्षित समूह र भौगोलिक क्षेत्र पहिचान गर्ने
- अगुवा सल्लाहकार र अनुसन्धान/सर्वेक्षण समूहको छनौट गर्ने,
- अनुसन्धान/सर्वेक्षणमा आवश्यक पर्ने कार्यहरू निर्धारण गर्ने
- अनुसन्धान/सर्वेक्षणमा आवश्यक पर्ने कार्यहरू निर्धारण गर्ने ।

यी प्रश्नहरू विस्तृत होइनन् र यिनीहरूलाई विशिष्ट अनुसन्धानका लागि यस्तै थप प्रश्नहरू निर्माण गर्न संकेत चिन्हका रूपमा लिन सकिन्छ ।

### साधन २१ लैङ्गिक-अनुकूल प्रतिफल दिने तालीम सत्रहरू, बैठकहरू र सम्मेलनहरूको आयोजना गर्दै

यो लैङ्गिक लेन्स तालीम सत्रहरू, बैठकहरू र सम्मेलनहरूको योजना निर्माण, तयारी, अनुगमन र मूल्यांकन गर्ने काममा संलग्न भएकाहरूका लागि तयार गरिएको हो ।

यस साधनले तपाईलाई महिला र पुरुष दुबै सहभागीहरूका रुचिहरू र तालीम सत्रहरू, बैठकहरू र सम्मेलनहरू आवश्यकताहरूको ख्याल गर्दै लैङ्गिक अनुकूल प्रतिफल दिने किसिमले संचालन गर्न सुनिश्चितता प्रदान गर्ने मद्दत पुऱ्याउने छ ।

## उपयोगी स्रोत साधनहरू

### साधन २२ लैङ्गिक-अनुकूल प्रतिफल दिने बजेट व्यवस्था विषयमा हाजिरी-जवाफ

यो साधन लैङ्गिक अनुकूल प्रतिफल दिने बजेट तयार गर्ने तपाईको जानकारीको स्तर मूल्यांकन गर्ने जाँच हो । यसमा यिनीहरूका उत्तर समेत गरी एघार वटा प्रश्नहरू दिइएका छन् । यस साधनलाई छलफल र तालीमका लागि प्रयोग गर्न सकिन्छ ।

### साधन २३ लैङ्गिकता सम्बन्धी एउटा कार्यशालाको उदाहरण

यस साधनमा शिक्षामा लैङ्गिकता बारे तालीम कार्यशाला कार्यक्रम समावेश गरिएको छ । सत्रहरूका मितिहरू र विस्तृत विवरणहरू उल्लेख गरिएका छैन र जसबाट तपाईलाई आफ्नो कार्यक्रम तय गर्न यसलाई प्रयोग गर्न सजिलो होस् ।

यो प्रस्तावित्र कार्यक्रम तीन दिनको रहेको छ, तर तपाई सहभागीहरूको अभिरुचि/आवश्यकताहरूका आधारमा लैङ्गिक तालीम यसभन्दा छोटो वा लामो आयोजना गर्न सक्नु हुन्छ ।

### साधन २४ एउटा कार्यशालामा सहभागिता प्राप्त गर्नका लागि एघार वटा उपायहरू

यस साधनमा एउटा कार्यशालाका दौरानमा सहभागिता प्राप्त गर्ने र रणनीतिहरूका लागि मार्ग दर्शन गरिएको छ । यी सबैलाई प्रयोग गर्न जरुरी छैन, तर विभिन्न सत्रहरूमा विभिन्न विधिहरू प्रयोग गर्न सकिन्छ । तपाई यसलाई अनुकूल बनाउन यस सूचीमा थप कुराहरू समावेश गर्न सक्नु हुन्छ ।

### साधन २५ शिक्षामा लैङ्गिक समानता प्रवर्द्धन गर्न आफ्नो संजाल बनाउनु होस्

यस साधनमा शिक्षामा लैङ्गिक समानताको प्रवर्द्धनका लागि एउटा संजाल बनाउन/संजालमा सरीक हुनका लागि साधारण जानकारी र मार्ग निर्देशनहरू दिइएका छन् ।

# थप जानकारी

थप जानकारीका लागि तपाई युनेस्को, काठमाडौंमा सम्पर्क गर्न सक्नुहुनेछ :

**युनेस्को काठमाडौं अफिस**

फोन : ९७७ १ ५५५४३९६/७६९

फ्याक्स : ९७७ १ ५५५४४५०

इमेल : kathmandu@unesco.org

सानेपा-२, ललितपुर, नेपाल

पो.ब.नं : १४३९१, काठमाडौं, नेपाल

यस साधन-सामग्रीको e-version का लागि: http:/www.unesco.org/kathmandu

थप जानकारीका लागि कृपया हामीलाई kathmandu@unesco.org मा लेख्नु होस् ।

# खण्ड १
# लैङ्गिक-सचेतना जगाउनका लागि साधनहरू



© मनुन मसुद मोलिक, वंगलादेश

## साधन १ लैङ्गिकता सम्बन्धी शब्दावली र अवधारणाहरूका परिभाषाहरू[२]

**लक्षित पाठकवर्ग:** सबै

यस साधनले शिक्षामा लैङ्गिकतासित सम्बन्धित मुख्य शव्दावली र अवधारणाहरूलाई परिभाषित गर्दछ । तपाईले साधन-सामग्रीलाई प्रयोग गर्दा यी परिभाषाहरू उपयोगी हुनेछन् ।

**लिङ्गभेद** ले महिलाहरू र पुरुषहरूका जीव बैज्ञानिक फरकहरूलाई बयान गर्दछ ।

**लैङ्गिकता** सामाजिक र सांस्कृतिक उपज हो जसले महिलाहरू र पुरुषहरूमा हुने गुणहरूको फरकलाई छुट्याउँछ र त्यही अनुसार महिलाहरू र पुरुषहरूका भूमिकाहरू र काम कर्तव्यहरू तर्फ संकेत गर्दछ । त्यसैले लैङ्गिकतामा आधारित भूमिकाहरू र अन्य गुणहरू समयानुसार परिवर्तन हुन्छन् र विभिन्न सांस्कृतिक सन्दर्भ अनुसार फरक फरक हुन्छन् । लैङ्गिकताको अवधारणामा महिलाहरू र पुरुषहरू (स्त्रीलिङ्गता र पुल्लिंगता) दुवैका अपेक्षा गरिएका गुणहरू, क्षमताहरू र सम्भावित व्यवहारहरू समावेश हुन्छन् । यो अवधारणा आमरूपमा गरिएका अभ्यासहरूले लिङ्गहरू बीचको भेदभावलाई कसरी बैधानिक बनाउँछन् भन्ने कुरा विश्लेषण गर्न पनि उपयोगी हुन्छ।

**यौनिकता**[३] मानव शरीर विज्ञानको मूल आधार हो । यसले लिङ्गभेद, लिङ्गीय समानताहरू र भूमिकाहरू, लैङ्गिक परिचय, र सन्तानोत्पादन सबैलाई समेट्छ । यौनिकता विभिन्न रूपमा र विभिन्न किसिमले अनुभव गरिन्छ र व्यक्त गरिन्छ । यसमा विचाहरू कल्पनाहरू, इच्छाहरू, विश्वासहरू, अभिरुचिहरू, मूल्यहरू, व्यवहारहरू, अभ्यासहरू, भूमिकाहरू र नातागोताहरू पर्दछन् । लैङ्गिकता सधैं खुला रूपमा र प्रत्यक्ष रूपमा अनुभव/व्यक्त गरिदैंन ।

यो शारीरिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, नैतिक, बैधानिक, ऐतिहासिक, धार्मिक र आध्यात्मिक कुराहरूको अन्तर्क्रियाबाट प्रभावित हुन्छ।[४]

**लैङ्गिक समता** एउटा सांखिक अवधारणा हो । शिक्षामा लैङ्गिक समता भन्नाले त्यही संख्याका बालकहरू र बालिकाहरू विभिन्न तहमा र विभिन्न रूपमा शैक्षिक सेवाहरू प्राप्त गर्दछन् र भन्ने बुझिन्छ ।

**लैङ्गिक निष्पक्षता** पुरुषहरू र महिलाहरूप्रति समान व्यवहार गर्ने प्रक्रिया हो । समानतालाई सुनिश्चित गर्न महिलाहरू र पुरुषहरूलाई समान खेलमैदानमा खेल्नबाट बंचित गराउने असुविधाहरूको क्षतिपूर्ति गर्ने कुराहरूलाई अक्सर ठीक ठाउँमा राखिनु पर्दछ । उदाहरणका लागि ती देशहरूमा जहाँ उच्च शिक्षामा (विशेषगरी विज्ञान र प्रविधिका क्षेत्रहरूमा) महिला विद्यार्थीहरू पुरुष विद्यार्थीहरूको दाँजोमा कम हुन्छन् 'कोटा' पद्धति लागू गर्न सकिन्छ अथवा सकारात्मक कदम चाल्न सकिन्छ । यसले गर्दा विश्वविद्यालय तहमा यी क्षेत्रहरूमा समान संख्यामा वा बढ्दो संख्यामा महिला विद्यार्थीहरू भर्ना हुने कुरा सुनिश्चित गर्न मद्दत पुग्दछ ।

**लैङ्गिक समानता** को अर्थ हो, महिलाहरू र पुरुषहरूसंग उनीहरूको पूर्ण क्षमता, मानव अधिकार र मर्यादा प्राप्तिका लागि तथा आर्थिक सामाजिक, सांस्कृतिक र राजनीतिक विकासमा योगदान गर्न (त्यसबाट लाभान्वित हुन) समान अवस्था, व्यवहार र अवसरहरू छन् । त्यसैले लैङ्गिक समानता भनेको पुरुषहरू र महिलाहरूका समानताहरू र फरकहरूलाई तथा उनीहरूले खेल्ने भूमिकाहरूलाई समाजद्वारा समान मान्यता प्रदान गर्नु हो । यो घरपरिवारमा, समुदायमा र समाजमा महिलाहरू र पुरुषहरूको पूर्ण साझेदारी हुने कुरामा आधारित छ ।



---

२ विभिन्न राष्ट्रिय संगठनहरू र अन्तर्राष्ट्रिय सहयोग संस्थाहरूबाट लिइएको ।

३ यो परिभाषा विश्व स्वास्थ्य संगठनको सन् २००२ को यौन स्वास्थ्यमा प्राविधिक विचार विमर्शको प्रतिवेदनबाट लिइएको हो । यसले विश्व स्वास्थ्य संगठनको औपचारिक प्रतिनिधित्व गर्दैन ।

४ संयुक्त राष्ट्र संघको इकोसोक प्रस्ताव १९९७/२ बाट लिइएको ।

लैङ्गिक निष्पक्षता लैङ्गिक समानता प्राप्त गर्ने एउटा साधन हो ।

शिक्षामा लैङ्गिक समानताको अर्थ हो, बालिकाहरू र बालकहरूलाई गुणस्तरीय शिक्षाको पहुँच, प्रक्रिया र प्रतिफलमा समान अवसर र व्यवहार सुनिश्चित गरिन्छ र वास्तवमा प्रदान गरिन्छ र जुन कुनै पनि रुढिबद्ध धारणाहरूबाट मुक्त छ ।[५]

**शिक्षाको लैङ्गिक मूलप्रवाहीकरण** शिक्षा पद्धति का सबै तहमा थालनी गरिने नीति नियम अथवा कार्यक्रमहरू लगायतका कुनै पनि योजनाबद्ध कार्यको बालिकाहरू र बालकहरू/महिलाहरू र परुषहरूमा पर्ने प्रभावको मूल्यांकन गर्ने प्रक्रिया हो । यो बालिकाहरू र बालकहरू/महिलाहरू र पुरुषहरूका मुद्दाहरू र अनुभवहरूलाई शिक्षा नीतिहरू र कार्यक्रमहरूको निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका अभिन्न अंग बनाउने रणनीति हो जसले गर्दा बालिकाहरू र बालकहरू/महिलाहरू र पुरुषहरू समान रूपले लाभान्वित होऊन् र असमानता नलम्बियोस् । अन्तिम लक्ष्य शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने हो ।[६]

**सशक्तीकरण** मानिसहरूका बारेमा हो, महिलाहरू र पुरुषहरू दुबैले अ-आफ्ना जीवनको नियन्त्रण गर्ने: आ-आफ्ना विषय तय गर्ने, सीप विकास गर्ने (जीवनोपयोगी सीप लगायत), आत्म विश्वास विकास गर्ने, समस्या समाधान गर्ने, र आत्म निर्भरता विकास गर्ने । शिक्षाले यस सशक्तीकरण प्रक्रियाको सहजीकरण गर्दछ, बालकहरू र बालिकाहरूलाई विद्यमान असमानताहरूमा प्रश्न सोध्ने साथै परिवर्तन बाहकका रूपमा काम गर्न सक्षम तुल्याउँछ ।

> भारतको शिक्षा विभागको 'महिला समाख्या कार्यक्रम' शिक्षामा महिलाहरू र तिनीहरूको छोरीहरूलाई बढी समाहित गर्न सहज बनाउने निर्णायक पूर्व-सर्तका रूपमा महिला सशक्तीकरणको महत्वको एउटा उदाहरण हो । यस कार्यक्रमले महिला परिचालन र सशक्तीकरणका लागि एउटा वैकल्पिक उपाय प्रदान गरेको छ । ग्रामीण तहमा महिलाहरूको समूहको हातमा सशक्तीकरणको विषयलाई सुम्पेर 'महिला समाख्याले' स्थानीय रूपमा उब्जिएका विकास मुद्दाहरूको उदय भएको देखेको छ । यसमा स्वास्थ्य, जीवनयापन, आम्दानी सृजना, बचत तथा ऋण, तथा उनीहरूसंग महत्व राख्ने मुद्दाहरूलाई सम्बोधन गर्न आफ्नै रणनीतिहरू विकास गर्ने कुराहरू पर्दछन् । स्थानीय सरकारमा सहभागी हुने, सरकारको सेवा प्रदान गर्ने र हिंसा जस्तै महिलाहरूको जीवनमा नकारात्मक प्रभाव पार्ने बृहत् सामाजिक मुद्दाहरू सुल्झाउने कुराहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने कुराहरू पनि यसमा पर्दछन् । महिलाहरू परिचालनको सबैभन्दा ठूलो प्रभाव बालिकाहरूको शिक्षाको क्षेत्रमा परेको छ । अक्सर, महिलाहरूले आफ्ना बालबालिकाहरू (विशेषगरी बालिकाहरू) लाई कामबाट हटाएर उनीहरूलाई शिक्षाको अवसर प्रदान गर्ने एकदमै गाह्रो निर्णय लिएका छन् । कैयौं महिलाहरू उनीहरूका छोरीहरूले आफ्नो भन्दा फरक राम्रो जीवनका अवसरहरू प्राप्त गरुन भन्ने कुरा सुनिश्चित गर्न उत्प्रेरित भएका छन् ।[७]

**विकासमा महिलाहरू** एउटा अवधारणा हो जुन महिलाहरूले विकास प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्दछन् भन्ने मान्यतामा आधारित छ । तथापि, विकासमा महिलाहरू भन्ने अवधारणाले जरुरी छैन कि पुरुष-महिला बीचको परिष्टताको लैङ्गिक सम्बन्धलाई परिवर्तन गरोस् । बरु, यसले महिलाहरूका विशिष्ट व्यावहारिक आवश्यकताहरू जस्तै आम्दानी सृजनाका लागि महिलाहरूको सीप विकास गर्ने कुराहरूमा सहयोग गर्न चाहन्छ ।

**लैङ्गिकता र विकास** ले यस्ता प्रयासहरूमा जोड दिन्छ जसले समग्र विकासचक्र (पहुँच, प्रक्रिया र प्रतिफल) मा असमान लैङ्गिक सम्बन्धलाई जसले महिलाहरूलाई विकासमा पूर्ण र समान रूपले सहयोगी हुन र त्यसबाट लाभान्वित हुन रोक लगाउने कुराहरूलाई सम्बोधन गर्दछन् । लिङ्ग र विकास एउटा अवधारणा हो जुन विकासमा महिला कार्यक्रमहरू र कार्यकलापहरूको अनुभवबाट प्राप्त पाठहरूको आधारमा विकास गरिएको हो । यसले महिलाहरू र पुरुषहरू दुबै सहभागी होऊन्, निर्णय गरुन् र लाभान्वित होऊन भन्ने चाहन्छ । यस प्रयासले लैङ्गिक समानताको अन्तिम लक्ष्य प्राप्तिका लागि दीर्घकालीन रणनीतिक कुराहरूमा जोड दिन्छ ।

---

५ Gender Analysis, Learning and Information Pack, UNDP, 2001 बाट लिइएको ।

६ संयुक्त राष्ट्र संघको 'इकोसोक' प्रस्ताव १९९७/२ बाट लिइएको ।

७ UNESCO/UNGEI, 2005, p. 27 को 'Scaling up good practices in Girls' Educaiton बाट लिइएको ।

विकासमा महिलाहरू र लैङ्गिकता र विकासमा मूल फरक के छ भने विकासमा महिलाहरूका परियोजनाहरूले विस्तृत लैङ्गिक विश्लेषण विना महिलाहरू र उनीहरूका परिवारहरूका तुरुन्तका आवश्यकता तथा मुद्दाहरू सुल्भ्फाउनका लागि परम्परागत रूपमा व्यावहारिक, महिला विशेष सेवाहरू प्रदान गर्दछन् ।

**व्यावहारिक आवश्यकताहरू** भन्नाले तुरन्तका दैनिक मौलिक आवश्यकताहरू, जस्तै पानी, आवास, लुगा र भोजन हुन् । महिलाहरूका व्यावहारिक आवश्यकताहरू सम्बोधन गर्ने भन्नाले महिलाहरूलाई पानी ल्याउने कामबाट छुट्कारा दिने, सीप विकास गर्ने, शिक्षालाई बढावा दिने, र आय सृजना गर्ने कार्यकलापकहरूलाई सहयोग गर्ने जसले गर्दा महिलाहरू र उनीहरूका परिवारहरूले भोगीरहेका साधनहीन पारिएका अवस्थाहरूमा सुधार आओस् ।

**रणनीतिक लैङ्गिक रुचिहरू** दीर्घकालीन स्वभावका हुन्छन्, आवश्यक छैन कि यी भौतिक होउन् र अक्सर यिनीहरू समाजको संरचना परिवर्तनसंग सम्बन्धित हुन्छन् । रणनीतिक लैङ्गिक रुचिहरूमा आधारित प्रयासहरूले महिलाहरू अथवा कुनै मात्रामा पुरुषहरूको पर निर्भरता र लैङ्गिक असमानताहरूसंग सम्बन्धित मूलभूत मुद्दाहरूमा जोड दिन्छन् । शिक्षामा, रणनीतिक लैङ्गिक रुचिहरूले लैङ्गिक विभेदको दृष्टिकोण र चालचलनहरूको पकड हटाउन र महिलाहरू र बालिकाहरूको सशक्तीकरणलाई बढवा दिन समर्थक शैक्षिक वातावरण सृजना गर्न जोड दिन्छन् जसले गर्दा उनीहरूले सक्रिय परिवर्तन बाहक भएर आफ्नो जीवनलाई आफ्नो नियन्त्रणमा राख्न सकून् ।

**लैङ्गिक विश्लेषण** ले कुनै एउटा दिइएको सन्दर्भमा महिलाहरू र पुरुषहरूका विभिन्न अनुभवहरू, ज्ञान र कार्यकलापहरूको खोजतलास गर्दछ । यसले यी भिन्नताहरूको अन्वेषण गर्दछ जसबाट नीतिहरू, कार्यक्रमहरू र परियोजनाहरूले पुरुषहरू र महिलाहरूका विभिन्न आवश्यकताहरूलाई पहिचान गर्न सकून र परिपूर्ति गर्न सकून ।

त्यसैले, यो नीति विश्लेषणको एउटा आन्तरिक आयाम हो जसले विशिष्ट रूपमा कसरी सार्वजनिक नीतिले महिलाहरू र पुरुषहरूलाई प्रभावित गर्दछ भन्ने कुरा पहिचान गर्दछ । यसले देखाउँछ कि यस्तो समाजमा जहाँ विशिष्ट भूमिकाहरू लिङ्गभेदसंग जोडिएका हुनछन् । नीति र कार्यान्वयन लैङ्गिक उदासीन हुन सक्दैनन् । लैङ्गिक विश्लेषण धेरैजसो लिङ्गभेद छुट्याइएको सूचना र तथ्यांकद्वारा सघाइएको हुन्छ[८] र यसका लागि सामाजिक सांस्कृतिक सन्दर्भको ज्ञान र त्यसप्रतिको संवेदनशीलताको आवश्यकता पर्दछ ।

शिक्षा क्षेत्रमा कसरी कुनै एउटा पाठ्यक्रमले बालकहरू र बालिकाहरूका सिकाइ क्षमताहरू, उत्प्रेरणा र उपलव्धिहरूमा प्रभाव पार्दछ साथै उनीहरूले यसलाई कसरी हेर्दछन् भन्ने कुराको मूल्यांकन गर्न लैङ्गिक विश्लेषणलाई पाठ्यक्रम विश्लेषणमा एकीकृत गर्न सकिन्छ ।

**लैङ्गिक अन्धोपन** असफलता हो जसले यो कुरा स्वीकार गर्न सक्दैन कि बालिकाहरू र बालकहरू महिलाहरू र पुरुषहरूलाई दिइएको भूमिका र काम, कर्तव्य र अधिकार उनीहरूको विशिष्ट सामाजिक, सांस्कृति, आर्थिक र राजनीतिक सन्दर्भमा र पृष्ठभूमिमा उनीहरूलाई दिइन्छ । ती परियोजनाहरू, कार्यक्रमहरू, नीतिहरू र दृष्टिकोणहरू जुन लैङ्गिक-अन्धा हुन्छन् तिनीहरूले यी विभिन्न भूमिकाहरू र उनीहरूका विविध आवश्यकताहरूमा ध्यान दिंदैनन् र परम्परालाई धान्छन् र असमान लैङ्गिक सम्बन्धलाई रूपान्तरण गर्ने छैनन् । उदाहरणका लागि, एउटा लैङ्गिक अन्धो शिक्षकले सोच्न सक्दछ कि विद्यालय शिक्षा लैङ्गिक उदासीन छ किनभने अध्ययन-अध्यापनमा बालिका र बालकहरूमा कुनै फरक छैन । तथापि, वास्तवमा शिक्षकको अचेत रुढीबद्ध लैङ्गिक दृष्टिकोण र पक्षपातले कक्षाको अभ्यासलाई प्रभाव पार्न सक्दछ र बालक र बालिकाहरू दुवैप्रति फरक व्यवहारमा परिणत हुन सक्दछ ।

**लैङ्गिक-उदासीन** एउटा विशेषण हो जो अक्सर भाषासंग गाँसिएको छ । लैङ्गिक-उदासीन भाषा प्रयोग गर्नु भनेको हामीले प्रयोग गर्ने शव्दहरूले महिलाहरू अथवा पुरुषहरू प्रति कुनै भेदभाव प्रतिविम्वित गर्दैनन् । गलत शब्द चयनलाई भेदभावपूर्ण पक्षपाती अथवा होच्याउने भन्न सकिन्छ यद्यपि तिनीहरूको मनसाय त्यस्तो हुँदैन । अंग्रेजी भाषामा एउटा उदाहरण हो 'mankind' को सट्टामा जसले महिलाहरूलाई समावेश गर्दैन 'humankind' को प्रयोग, जसले महिलाहरू र पुरुषहरू दुबैलाई समेट्दछ ।

८ Gender Analysis, Learning and Informaiton Pack, UNDP, 2001 बाट लिइएको ।

लैङ्गिक विश्लेषण अति जरुरी छ किनभने विद्यमान सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक पद्धतिहरू र संस्थाहरू जरुरी छैन कि लैङ्गिक उदासीन होउन्[९] । यो विश्वास कि विद्यालय शिक्षा लैङ्गिक उदासीन छ उसको लैङ्गिक अन्धोपनमा आधारित छ ।

**लैङ्गिक सचेतना**[१०] यो बुझाई हो कि पुरुषहरू र महिलाहरूमा सिकेका व्यवहारमा आधारित सामाजिक र सांस्कृतिक ठोस फरकहरू हुन्छन् जसले तिनीहरूको पहुँच र स्रोत नियन्त्रण गर्ने योग्यतालाई प्रभावित गर्दछ ।

एउटा विद्यालय प्रमुख जुन लैङ्गिक-सचेत छन् तिनले बुझ्ने छन् कि पुरुष र महिला दुबै थरी विद्यार्थीहरूलाई दिइने शिक्षण विधिमा विशेष ध्यान दिइनु पर्दछ किनभने समाज (अझ विशेष गरी शिक्षकहरू) ले बालिकाहरू र बालकहरूलाई भिन्न मान्यता दिन सक्दछन् । उसको तिनीहरूको सिकाइमा प्रभाव पर्दछ ।

**लैङ्गिक संवेदनशीलता**[११] ले विद्यमान लैङ्गिक विभेदहरू, मुद्दाहरू र असमानताहरूलाई मान्यता दिन्छ र प्रकाशमा ल्याउँछ तथा यिनीहरूलाई रणनीतिहरू र कार्यकलापहरूमा समावेश गर्दछ । तथापि, यसको अर्थ यो होइन कि एउटा व्यक्ति जुन लैङ्गिक संवेदनशील छ ऊसंग लैङ्गिक अनुकूल प्रतिफल दिने दृष्टिकोण होस् किनभने लैङ्गिक समवेदनशील व्यक्तिले जरुरी छैन कि काम गरोस् ।

**लैङ्गिक अनुकूल प्रतिफल दिने** नीतिहरू र प्रयासहरू यस्ता कार्यहरू अथवा ठोस उपायहरूसंग जोडिएका हुन्छन् जसले पुरुषहरू र महिलाहरूका विशिष्ट आवश्यकताहरू, आकाँक्षाहरू र क्षमताहरू प्रतिविम्बित गर्दछन् । तथापि, तिनीहरूले जरुरी छैन कि पक्षपातपूर्ण र भेदभावपूर्ण नीतिहरू, चालचलनहरू, विचारहरू र विश्वासहरूलाई चुनौती देउन् । उदाहरणका लागि, यस्ता समुदायहरूमा जहाँ महिलाहरूलाई बेलुकीको समयमा घरभन्दा बाहिर हुने कुरामा सामाजिक बाधाहरू छन्, जस्तै, एउटा लैङ्गिक अनुकूल प्रतिफल दिने प्रयास हुनेछ यी महिलाहरूलाई त्यसबेला तालीम दिने जुन समयमा तिनीहरू तालीम सत्रहरूमा भाग लिन सक्दछन् । यसैले यस किसिमको प्रयासले महिलाहरूका आवश्यकताहरू (तालीमको) सम्बोधन गर्दछ, तर यसले भेदभावपूर्ण विचारलाई चुनौती दिंदैन कि महिलाहरूले दिन/रातको कुनै समयमा घरभन्दा बाहिर हुन सक्दैनन् ।

**लैङ्गिक रूपान्तरण गर्ने** नीतिहरू र प्रयासहरूले पक्षपातपूर्ण र भेदभावपूर्ण नीतिहरू, विचारहरू र विश्वासहरूलाई चुनौती दिन्छन् । यो यस्तो प्रयास हो जसले असमान लैङ्गिक सम्बन्धहरूको रूपान्तरणलाई बढी समतामूलक तरीकाले शक्ति सम्बन्धलाई पुनर्निर्माण गर्न खोज्ने किसिमले पुरुषहरू र महिलाहरू दुबैसंग काम गरेर सम्बोधन गर्दछ ।[१२]

> सन् १९९४ मा गरिएको बालिकाहरूको माध्यमिक विद्यालयहरूमा भना तथा टिकाउ दरमा बृद्धि गर्न र किसोरी बालिकाहरूको विवाह तथा आमा हुने अवस्था ढिलो गर्न सघाउ पुऱ्याउने उद्देश्यले महिला छात्रवृत्ति कार्यक्रमको स्थापना बंगलादेशमा छात्रवृत्ति पाउने एउटा आधार थियो– उनीहरूले माध्यमिक विद्यालय प्रमाण पत्र परीक्षामा सामेल हुने अथवा १८ वर्ष उमेर पूरा गर्ने । त्यसैले यो नीति लैङ्गिक रूपमान्तरण गर्ने थियो किनभने यसले चाँडो विवाह गर्ने चलनलाई परिवर्तन गर्न खोज्यो ।[१३]

**लैङ्गिक विभेद**[१४] सामाजिक र साँस्कृतिक आधारमा निर्मित लैङ्गिक भूमिकाहरूमा कुनै भेदभाव, निषेध अथवा अवरोधलाई जनाउँछ जसले कुनै व्यक्तिलाई पूर्ण मानव अधिकार उपभोग गर्न रोक लगाउँछ । भेदभाव गरिएका बालिकाहरू ती हुन् जसलाई ती विषयहरूमा विशेषज्ञता हासिल गर्न वा अगाडि बढ्न

---

९ UNESCO, Guidelines on Gender Neutral Language, 1999.
१० UNDP, Introductory Gender Analysis and Gender Planning Training Module for UNDEP staff, 2001.
११ Ibid
१२ 'Scaling up' Good Practices in Girls' Educaiton, UNESCO/UNGEI, 2005, p. 68.
१३ Ibid, p. 38
१४ OSCE (Organizaiton for Security and Cooperaiton in Europe).

निरुत्साहित गरिन्छ जसलाई पुरुषहरूका लागि मानिन्छ जस्तै यान्त्रिक विषयहरू । बालकहरूलाई त्यसैगरी भेदभाव गर्न सकिन्छ जव तिनीहरूलाई 'महिलाहरूका लागि' भनिएका विषयहरू जस्तै 'नर्सिङ्ग' अध्ययन गर्दा चिढाइन्छ ।

**लैङ्गिक समता सूचकांक** कुनै एउटा सूचकको महिलाहरूको मानको पुरुषहरूको तुलनामा (र केही अवस्थामा पुरक्षहरूको महिलाहरूको तुलनामा) अनुपात हो । एउटा लैङ्गिक समानता सूचकांक १ ले लिङ्गहरूबीच समानता देखाउँछ; १ भन्दा तल अथवा माथिको लैङ्गिक समता सूचकांकले एएटा लिङ्गको आर्को माथि असमानता देखाउँछ ।[१५]

तथापि, लैङ्गिक समता बालक र बालिकाहरूका लागि ज्यादै थोरै सहभागितामा प्राप्त गर्न सकिन्छ (जस्तै पूर्व प्राथमिक शिक्षा र माध्यमिक शिक्षामा) । त्यसकारण, समानता सूचकांकका साथ साथै वास्तविक संख्या पनि विचार गर्नु जरुरी छ ।

**लैङ्गिक अनुकूल प्रतिफल दिने बजेट** भन्नाले वास्तविक सरकारी खर्च र राजस्वको पुरुषहरू र बालकहरूको दाँजोमा महिलाहरू र बालिकाहरूमा 'प्रभाव' को विश्लेषणलाई जनाउँछ । यसका लागि महिलाहरूका लागि छुट्टै बजेट आवश्यक पर्छ । यसले महिला विशेषका लागि कार्यक्रमहरूको बजेटमा बृद्धिको लक्ष्य राखदछ । यसको सट्टामा यसले सरकारहरूलाई लैङ्गिक असमानताहरूलाई सम्बोधन गर्न कसरी नीतिहरू समायोजित गर्न सकिन्छन् र कहाँ स्रोतसाधनहरूलाई पुनर्विनियोजन गर्नु पर्दछ भन्ने कुरा निर्णय गर्न मद्दत पुऱ्याउँछ ।[१६]



१५ UNESCO, EFA, Global Monitoring Report, 2009.
१६ http//www. gender-budgets.org

# साधन २ शिक्षामा लैङ्गिक समानताप्रति विश्वव्यापी प्रतिबद्धताहरू

**लक्षित वर्गः** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू, शिक्षकहरू/विद्यालय प्रधानाध्यापकहरू, शिक्षक-प्रशिक्षकहरू, लैङ्गिक प्रशिक्षकहरू ।

यस साधनले तपाईलाई अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू र सुझाइएका कार्यहरूको पुनरावलोकन गराउँछ जुन शिक्षामा लैङ्गिक समानता प्राप्त गर्नका लागि गरिनु पर्दछ । यी प्रतिबिद्धताहरूबारे थप जानकारी पाउन अरूलाई उत्प्रेरित गर्न, र आफ्नै तहमा कसरी कदम चाल्ने भन्ने कुरा थाहा पाउन दिईको 'लिक' अनुसरण गर्नु होस् ।

## डकार कार्ययोजना, सबैका लागि शिक्षा, २०००

http//www. unesco.org/education/efa

यसले सन् २०१५ सम्ममा सबैका लागि गुणस्तरीय शिक्षा प्राप्तिका लागि १२ वटा प्रमुख रणनीतिहरू प्रस्ताव गरेको छ र ६ वटा प्रमुख लक्ष्यहरू तोकेको छ । लैङ्गिक विशेष लक्ष्यहरू निम्नानुसार छन् :

**लक्ष्य २** हो, "सन् २०१५ सम्ममा सबै बालबालिकाहरू विशेष गरी बालिकाहरू, कठिन परिस्थितिमा परेका बालबालिकाहरू एवं अल्पसंख्यक बालबालिकाहरूको लागि स्तरीय एवं विश्वव्यापी प्राथमिक शिक्षामा पहुँच बढाउने र सो पुरा गर्ने" ।

**लक्ष्य ४** हो, सन् २०१५ सम्ममा प्रौढ साक्षरता तहमा ५० प्रतिशतले सुधार गर्ने, खासगरी महिलाका निम्ति र सबै प्रौढहरूका लागि आधारभूत र निरन्तर शिक्षामा समतामूलक पहुँच पुऱ्याउने" ।

**लक्ष्य ५** हो, "सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाई सन् २०१५ सम्मा स्तरीय आधारभूत शिक्षाको उपलव्धिमा छात्राहरूको पूर्ण र समान पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने" ।

## संयुक्त राष्ट्र संघको सहस्राव्दी विकास लक्ष्य, २०००

http/www.un.org/millenniumgoals

विश्वका सबै देशहरू र विश्वका प्रमुख विकास संस्थाहरूले सहमति जनाएका आठवटा सहस्राव्दी विकास लक्ष्यहरूले एउटा रूपरेखा बनाउँछन् । तिनीहरूले विश्वका निर्धनतमहरूका आवश्यकताहरू परिपूर्तिका लागि अभूतपूर्व प्रयासहरू जुटाएका छन् शिक्षासित सम्बन्धित लक्ष्यहरू निम्नानुसार छन् :

**लक्ष्य २** हो, "सबै बालबालिकाहरूले प्राथमिक विद्यालयको पूर्ण शिक्षा प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने" ।

**लक्ष्य ३** हो, "प्राथमिक र माध्यमिक शिक्षाबाट सकेसम्म सन् २००५ सम्म र सबै तहबाट सन् २०१५ सम्म लैङ्गिक विभेद निर्मूल गर्ने" ।

## बेजिङ्ग घोषाणापत्र र कार्ययोजनाका लागि मञ्च १९९५

http/www. un.org/womenwatch/daw/beiging/platform

यो कार्य योजनाका लागि मञ्च महिलाहरूको सशक्तीकरणका लागि 'एजेन्डा' हो । यसले सार्वजनिक र व्यक्तिगत जीवनका सबै अंगहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक निर्णय-प्रक्रियामा पूर्ण र बरावर हिस्साका माध्यमले महिलाहरूको सक्रिय सहभागिताका बाधाहरू हटाउन खोज्दछ ।

## सबैका लागि शिक्षाको विश्वघोषणापत्र, १९९०

http://www.unesco.org/education/efa/ed_forall/background/world_conference_jomtien/.shtml

सबैका लागि शिक्षाको विश्व सम्मेलन जोमटिन, थाइलैण्डले सबैका आधारभूत सिकाई आवश्यकताहरू परिपूर्ति गर्न सबैका लागि शिक्षाको विश्व घोषणापत्रले लक्ष्यहरू र रणनीतिहरू तय गरेको छ । लक्ष्य हो - सिकाईमा विश्वव्यापी पहुँच पुर्‍याउने; समतामा जोड; सिकाई उपलव्धिहरूमा जोड; आधारभूत शिक्षाका साधनहरू कार्य क्षेत्र विस्तार गर्ने; सिकाई वातावरणमा सुधार ल्याउने; साझेदारी सुदृढ गर्ने ।

## महिला विरुद्धका सबै विभेदहरूका स्वरूपहरू निवारण महासन्धि, १९७९

http://www.2.ohchr.org/english/law,cedaw.htm

यो महासन्धि संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा स्वीकृत गरिएको थियो यसले महिला विरुद्धका विभेदहरूलाई परिभाषित गर्दछ र लिङ्गका आधारमा गरिने विभेदहरूको अन्त गर्नका लागि कार्य योजना स्थापित गर्दछ । विशेषगरी, महासन्धिको धारा १० ले शिक्षा सम्बन्धी विशेष अधिकारहरूको कबुलियत गर्दछ जसलाई सरकारहरूले सुनिश्चित गर्नु पर्दछ ।

## शिक्षामा विभेदका विरुद्ध युनेस्को महासन्धि, १९६०

http://www.unesco.org/en/education-ar/themes/promoting-rights-and-freedoms/the-right-to-education/monitoring/unesco-instruments/convention-against-discrimination-in-education

यस महासन्धिले सर्वसम्मतिले यो उल्लेख गर्दछ कि शिक्षामा विभेद विश्वव्यापी मानव अधिकार घोषणापत्रमा प्रतिपादित गरिएका अधिकारहरूको हनन हो । यो शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय कानूनमा बन्धनकारी शक्ति प्राप्त गर्न पहिलो अन्तर्राष्ट्रिय उपकरण हो । यसको उद्देश्य शिक्षामा विभेदको निराकरण गर्न मात्र हैन, अवसरहरू र व्यवहारको समानतालाई प्रवर्द्धन गर्ने उपायहरू अपनाउनु पनि हो ।

## मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्र, १९४८

http://www.un.org/en/documents/udhr

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ ले शिक्षा पाउने अधिकार स्वीकृत गरेको छ जुन सन् १९४८ मा संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा अनुमोदन गरिएको थियो ।

# साधन ३ शिक्षाका लैङ्गिक मुद्दाहरू

**लक्षित वर्ग** : सबै

*यस साधनमा बालकहरू र बालिकाहरू/पुरुषहरू र महिलाहरू बीचका धेरै विद्यमान असमानताहरूको छोटो पुनरावलोकन प्रस्तुत गरिएको छ ।*

## विद्यालय भर्नामा लैङ्गिक समता प्राप्त भएको छैन[१७]

- **विश्वमा** तथ्यांक प्राप्त प्राथमिक र माध्यमिक दुवै तहमा १६६ देशहरू मध्ये ५० वटाले मात्र लैङ्गिक समता प्राप्त गरेका छन् ।

- **एशिया र प्रशान्त क्षेत्रमा**

- **प्राथमिक शिक्षामा:** तथ्यांक प्राप्त ४७ वटा देशहरू मध्ये **२० वटा देशहरूले लैङ्गिक समता प्राप्त गरेका छैनन् ।**

- **माध्यमिक शिक्षामा:** तथ्यांक प्राप्त ४३ वटा देशहरू मध्ये **३० वटा देशहरूले लैङ्गिक समता प्राप्त गरेका छैनन् ।**

- **उच्च शिक्षामा:** तथ्यांक प्राप्त ३० वटा देशहरूमध्ये **२९ देशहरूले लैङ्गिक समता प्राप्त गरेका छैनन् ।**

## विद्यालय बाहिर रहेका बालबालिकाहरूमा अधिकाँश बालिकाहरू छन्[१८]

- बिद्यालय बाहिर रहेका बालबालिकाहरूमध्ये ३८% एशिया प्रशान्त क्षेत्रमा छन् ।
- विश्वका ७ करोड २० लाख विद्यालय बाहिर रहेका बालबालिकाहरूमध्ये ५५% बालिकाहरू छन् ।
- दक्षिण र पश्चिम एशियाका विद्यालय बाहिर रहेका बालबालिकाहरूमध्ये ५८% बालिकाहरू छन् ।

## निरक्षर प्रौढहरू[१९] अधिकाँश महिलाहरू छन्

- पचहत्तर करोड सत्नरी लाख निरक्षर प्रौढहरू मध्ये दुई तिहाई एशिया र प्रशान्त क्षेत्रमा बसोवास गर्दछन् ।
- एशिया र प्रशान्त क्षेत्रका निरक्षर प्रौढहरूमध्ये दुई तिहाई महिला छन् ।
  - प्रशान्त क्षेत्रमा ५५% छन्
  - दक्षिण र पश्चिम एशियामा ६३% छन्
  - मध्य एशियामा ६८% छन्
  - पूर्वी एशियामा ७१% छन्

## राष्ट्रिय तथ्यांकहरूले क्षेत्रीय असमानताहरूलाई लुकाउँछन्

- राष्ट्रिय तथ्यांकहरूले लैङ्गिक समानता प्रदर्शन गर्न सक्दछन् तर यदि हामीले क्षेत्रीय तथ्यांकहरू हेर्‍यौं भने हामी ती असमानताहरू पत्ता लगाउन सक्दछौं जसले बालिकाहरू र बालकहरूलाई असुविधा पुर्‍याएको छ ।

उदाहरणका लागि, यदि हामीले राष्ट्रिय तथ्यांक हेर्‍यों भने श्रीलंकाले प्राथमिक खुद भर्नामा लैङ्गिक समता सूचकांक १ प्राप्त गरी प्राथमिक तहमा लैङ्गिक समानता प्राप्त गरेको छ[२०] । तथापि, केही प्रान्तहरूमा, प्रतिवेदनहरूले देखाउँछन् कि बालिकाहरू उल्लेखनीय रूपमा पछाडि परेका छन् ।[२१]

---

१७ UNESCO,EFA Global Monitoring Report, 2009, Paris.
१८ UNESCO Institue for Statistics, www.uis.unesco.org
१९ Aged 15+ UNESCO Institgute for Statistics, www.uis.unesco.org
२० UNESCO, Institute for Statistics Database, September, 2007.
२१ Sri Lanka EFA Mid-Decade assesment Draft report.

### बालकहरू पनि चिन्तित छन्

- मध्य एशियाका देशहरूमा र केही पूर्वी एशियाका देशहरूमा असमानताहरू बालिकाहरूको पक्षमा छन् ।
- माध्यमिक शिक्षामा बालकहरूलाई पछाडि पार्ने असमानताहरू बढ्दै छन्, विशेषगरी पूर्वी एशिया र प्रशान्त क्षेत्रमा ।
- एक पटक विद्यालयमा पुगेपछि बालिकाहरूले बालकहरूभन्दा राम्रो गर्दछन्, लामो अवधि बस्दछन् र कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर कम देखाउँछन् ।

### गरिवी र शिक्षामा लैङ्गिक असमानता बीच गहिरो सम्बन्ध छ

- गरिब घरपरिवारका बालबालिकाहरूको विद्यालय जाने सम्भावना धनी घरपरिवारका बालबालिकाहरूको भन्दा कम रहन्छ ।
- निरक्षर आमाहरूका सन्तान (गरिव घरपरिवारहरूमा बाहुल्यता हुने) हरूको विद्यालय बाहिर रहने सम्भावना बढी रहन्छ ।
- लैङ्गिक असमानताहरू सम्पत्ति संग विलोम सम्बन्ध राख्दछन् । यिनीहरू निर्धनतम परिवारमा जन्मेका बालिकाहरूका लागि बढी हुन्छन् ।
- महिलाहरू र पुरुषहरूबीच न्यूनतम शैक्षिक असमानता भएका देशहरूको कूल गार्हस्थ उत्पादन दर उच्च हुन्छ ।[२२]

### शिक्षा स्त्रीयोचित गुण भएको पेशा हो, तर:

- जव हामी तलबाट माथिल्लो तहको शिक्षाका तथ्यांकहरू हेर्छौं महिला शिक्षिकाहरूको संख्या क्रमश: कम देखिन्छ ।
- दक्षिण र पश्चिम एशियामा महिला शिक्षिकाहरूको कमी बालिकाहरूको शिक्षामा पहुँचको एउटा प्रमुख बाधक तत्व हो ।
- पूरा क्षेत्रभरी शिक्षा र विद्यालय प्रणाली मुख्य रूपमा पुरुषहरूद्वारा व्यवस्था गरिएको छ ।

### शिक्षामा लैङ्गिक समानता प्राप्त गर्न झन् गाह्रो छ

- लैङ्गिक विभेदहरू सिकाइ उपलब्धि र विषय छनौटमा विद्यमान छन् ।
- विद्यालय-आधारित तत्वहरूले आँशिक रूपमा यी विभेदहरूको बयान गर्दछन् ।
- यसमा सामजिक, सांस्कृतिक र आर्थिक शक्ति पनि छ जसले बालिकाहरू र बालकहरू, महिलाहरू र पुरुषहरूका लागि विभिन्न आकाँक्षाहरू, अपेक्षाहरू र उपलब्धिहरू निर्माण गर्दछ ।





२२ King and Hill, 1993, Cited in IIEP, Increasing Girls' and Women's Participation in Basic Education, 1997.

## साधन ४ तपाईको कार्यस्थल वातावरण कत्तिको लैङ्गिक अनुकूल प्रतिफल दिने किसिमको छ ?

**लक्षित वर्ग:** सबै

*यस साधनलाई तपाईको कार्यस्थल वातावरणको लैङ्गिक अनुकूलता मूल्यांकन गर्न प्रयोग गरिनु पर्दछ । सुझाइएका प्रश्नहरू तपाईको यस वातावरणमा ध्यान दिन तपाईलाई मद्दत गर्ने छन् । यिनीहरूको उत्तर हो या होइन भनेर अथवा खाली छोडेर दिनु पर्ने होइन । तपाईको चिन्तनको आधारमा तपाईले कार्यस्थलमा सुधार गर्ने र आवश्यक परिवर्तन गर्ने प्रयास गर्नु पर्दछ जसले गर्दा लैङ्गिक समानताको प्रवर्द्धन होस् ।*

### तपाईको संगठनको लैङ्गिक संस्कृति नियाल्ने

१. संगठनले सामान्यतया केही मूल्य मान्यताहरू/सिद्धान्तहरूको अभिबृद्धि गर्दछन्। तपाईको संगठनमा ती के हुन् ?

२. के लैङ्गिक समानता तिनीहरू मध्ये एक हो ?

अ) यदि हो भने, लैङ्गिक समानताको सिद्धान्त संगठन भित्र कसरी फैलिएको छ ?

(क) के यो भर्ना, विज्ञापन र कागजपत्रहरूमा सूचीकृत गरिएको छ ?
(ख) के यो कर्मचारी बैठकहरूमा लागू गरिएको छ अथवा सम्बोधन गरिएको छ ?
(ग) के हो संगठनका नीतिहरूमा उल्लेख गरिएको छ ?
(घ) के कार्यस्थल - वातावरणमा दृश्य सन्देशहरू छन् ?
(ङ) अन्य साधनहरूबाट ?

आ) यदि होइन भने, र तपाईको विचारमा, तपाईको संगठन भित्र लैङ्गिक समानता प्रवर्द्धन गर्ने सम्भावना कत्तिको छ ?

३. तपाईको विचारमा के सबै कर्मचारीहरूले लैङ्गिक समानता महत्वपुर्ण हो भनी ठान्दछन् ?

४. के तपाईको संगठन भित्र लैङ्गिक सम्पर्क व्यक्ति अथवा लैङ्गिक समानता प्रवर्द्धन गर्ने जिम्मेवारी लिएको कर्मचारी छ ?

(क) के यो समूह हो अथवा छुट्टै व्यक्ति ?
(ख) एउटा महिला अथवा पुरुष ? यदि समूह हो भने, सदस्यहरूको वितरण कस्तो छ ?
(ग) तिनीहरू कहिले नियुक्त गरिएका थिए ? कुन तहबाट ?
(घ) के यो पहिलेदेखि तोकिएका अन्य कामहरूमा थप गरिएको अतिरिक्त जिम्मेवारी हो ?
(ङ) के तिनीहरूलाई अतिरिक्त स्रोत साधनहरू दइएका छन् ? (समय/बजेट/कर्मचारी) ?
(च) के संगठनमा तिनीहरूको प्रभाव परेको छ ?

(अ) के तिनीहरू तपाईको संगठन भित्रको निर्णय प्रक्रियामा भाग लिने गरेका छन् ? यदि छन् भने कुन तहमा ?

(आ) के तिनीहरू सूचना प्रवाह गर्न अथवा प्रतिक्रिया प्राप्त गर्न र रायसल्लाह गर्न अन्य सबै कर्मचारीहरको नियमित सम्पर्कमा रहन्छन् ?

### तपाईको संगठनको नीति नियाल्ने

५. के तपाईको संगठनको घोषित लैङ्गिक नीति छ जसमा उद्देश्यहरू, संकल्पनाहरू र रणनीतिहरू उल्लेख गरिएका छन् ?

६. के तपाईको संगठनमा लैङ्गिक समानता सुनिश्चित गर्न घोषित नीति नियमहरू छन् ?

यस प्रश्नको क्षेत्र व्यापक छ । तपाईले जाँच गर्न सक्नु हुन्छ कि यो सुनिश्चित गर्न नीति नियमहरू छन्, छैनन् ।

(क) पुरुषहरू र महिलाहरूका आवश्यकताका आधारमा उपयुक्त सुविधाहरूको उपलव्धता,

(ख) अन्य कुनै

७. के यी नीति नियमहरूको तपाईको संगठनभित्र सम्मान गरिन्छ ?

८. यदि होइन भने, यसमा परिवर्तन/सुधारका लागि के प्रक्रिया छ ?

## तपाईको संगठन भित्रको मानव संसाधन व्यवस्थापन नियाल्ने

९. के तपाईको संगठन भित्र कर्मचारी वितरणमा लैङ्गिक समानता छ ?

(क) तपाईको संगठनमा कति महिला र कति पुरुषहरू छन् ?

(ख) प्रत्येक एकाई/शाखा/विभागमा कति महिला र कति पुरुषहरू छन् ?

(ग) प्रत्येक प्रशासकीय तहमा कति महिला र पुरुषहरू छन् ?

१०. के कर्मचारी, सल्लाहकार र साझेदार छनौटमा ‘लिङ्गभेद’ एउटा आधार हो ? के लैङ्गिक समानतातर्फ जान घोषित प्रक्रिया छ ?

११. के कुनै काम/पदका लागि महिला (अथवा पुरुष) भएकोले सजिलो अथवा असजिलो देखिन्छ ?

१२. के तालीमका लागि महिलाहरू र पुरुषहरू दुबैका लागि समान अवसरहरू छन्?

१३. के बढुवाका लागि महिलाहरू र पुरुषहरू दुबैका लागि समान अवसरहरू छन् ?

१४. के कार्यालय समय/दिनभन्दा अघि पछि काम गर्ने चलन मान्य हुन्छ ?

(क) के यो चलन पुरुषहरू अथवा महिलाहरूमा बढी छ ?

(ख) यो फरक हुनाका धारणाहरू के के हुन् ?

१५. के महिलाहरू र पुरुषहरू दुबैले बच्चा जन्मदा/धर्म पुत्र बनाउँदा तलवी विदा पाउन सक्दछन् ?

(क) कतिवटा बच्चाहरूका लागि तलवी विदा दिइन्छ ?

(ख) बुवाहरूलाई कति तलवी दिनहरू दिन सकिन्छ रु र आमाहरूलाई कति दिन सकिन्छ ?

(ग) के तपाई सुत्केरी विदा लिदैंछु भन्ने घोषणा गर्न निर्धक्क अनुभव गर्नु हुन्छ ? यदि होइन भने किन ?

(घ) के तपाईलाई लाग्दछ कि सुत्केरी विदा लिंदा तपाईको भविष्यको बृत्ति विकासमा र बढुवामा असर पर्दछ ।

१६. यदि कर्मचारी संगठन छ भने, कर्मचारी संगठन कसरी बनेको छ ?

(क) कर्मचारी संगठनमा कति महिलाहरू र पुरुषहरू छन् ?

(ख) कर्मचारी संगठनको प्रमुख महिला छ कि पुरुष ?

(ग) तपाईको विचारमा कर्मचारी संगठनद्वारा के महिला र पुरुष कर्मचारीका मुद्दाहरूमा समान किसिमले विचार गर्न र सुनवाई गर्न सकिन्छ ?

## तपाईको संगठनको निर्णय-प्रक्रिया नियाल्ने

१७. नीति निर्माण र निर्णय प्रक्रियामा कति जना महिला र पुरुषहरले भाग लिन्छन्?

१८. तपाईको विचारमा, जव निर्णय गरिन्छन् के महिला कर्मचारी र पुरुष कर्मचारीका भनाईहरू समान रूपले विचार गरिन्छन् ?

## तपाईको संगठनको लैङ्गिक-सचेतना तालीमलाई नियाल्ने

१९. के लैङ्गिक समानता र लैङ्गिक मूल प्रवाहीकरण सम्बन्धी सूचना र प्राविधिक ज्ञान सबै महिला तथा पुरुष कर्मचारीहरूलाई उपलव्ध छ ?

(क) यो जानकारीलाई कर्मचारीहरूले कसरी प्राप्त गर्न सक्दछन् ?

(ख) तिनीहरूमध्ये कतिले यो जानकारी प्राप्त गर्न सक्दछन् ?

(ग) यदि तिनीहरूले यो जानकारी प्राप्त गर्दैनन् भने, यसका प्रमुख कारणहरू के के हुन् ?

२०. के लैङ्गिक र सम्बेदनशील पार्ने तालीमहरू सबै महिला र पुरुष कर्मचारीलाई प्रदान गरिन्छन् ?

(क) के यो अनिवार्य हुन्छ वा स्वेच्छिक आधारमा ?

(ख) लैङ्गिक तालीम सत्रहरूमा भाग लिन उत्प्रेरित गर्न के सुविधाहरू छन् ?

(ग) उत्प्रेरणा जगाउने तालीमहरू कति कति अवधिमा दिइन्छन् ?

(घ) कति कति महिला तथा पुरुष कर्मचारीहरू तालीम प्राप्त भएका छन् ?

(ङ) के प्रशिक्षक समुचित रूपले तालीम प्राप्त छन् र संगठनका लैङ्गिक मुद्दाहरूसंग विज्ञ छन् ?

(च) के प्रशिक्षक लैङ्गिक-सम्पर्क व्यक्ति हुन वा संगठन बाहिरका कुनै व्यक्ति हुन् ?

(छ) के तालीमको प्रभावको मूल्यांकन गरिएको छ ?

(ज) संगठन भित्र भविष्यका तालीमका के योजनाहरू छन् ?

## तपाईको संगठनका लैङ्गिक-मैत्री सहुलियतहरू नियाल्ने

२१. के महिला र पुरुष कर्मचारीहरका लागि समुचित सहुलियतहरू छन् ? मार्ग दर्शन गर्ने प्रश्नहरू:

(क) के शौचालयहरूको संख्या महिला र पुरुष कर्मचारीहरूको संख्या संग मेल खान्छ ?

(ख) के चिकित्सा टोली छ ? के चिकित्सा टोलीका कर्मचारी पुरुष अथवा महिला छन् ?

(ग) के शिशु स्याहार सुविधा उपलब्ध छ ?

## तपाईको संगठनको लैङ्गिकता मूल्यांकनलाई नियाल्ने

२२. के लैङ्गिक समानता प्रवर्द्धन गर्ने कर्मचारीहरूका व्यक्तिगत प्रयासहरूलाई सम्मान गर्ने कुनै प्रक्रिया छ ?

२३. के तपाईको संगठन भित्र कुनै लैङ्गिकता सम्बन्धी मूल्यांकन भएको छ ?

२४. के लैङ्गिकता आधारस्तम्भहरू, सूचनाहरू र मूल्यांकन साधनहरू उपलव्ध छन् ?

२५. के तपाईको संगठनको लैङ्गिक अनुकूलताको मूल्यांकन गरिएको छ ?

अ) यदि छ भने,

(क) मूल्यांकन कर्ता आन्तरिक थिए वा बाहिरका ?

(ख) एउटा पुरुष अथवा महिला ?

(ग) के परिणामहरू सबै कर्मचारीहरमा बाँडिएका थिए ?

(घ) के प्रतिवेदनका सिफारिशहरू प्राप्त भएपछि सो अनुसार व्यवस्था गरिएको थियो ?

आ) यदि, छैन भने,

(क) मूल्यांकन नगरिएका सम्भावित कारणहरू के हुन् ?

(ख) के तपाईको संगठनले मूल्यांकन गर्ने योजना बनाएको छ ?

(ग) कस्ले मूल्यांकनका लागि वकालत गर्न सक्दछ र कसरी ?

# उपयोगी स्रोत-साधनहरू

# साधन ५ लैङ्गिकता र लिङ्गभेद : के फरक छ ?[२३]

**लक्षित वर्ग:** शिक्षक प्रशिक्षकहरू; लैङ्गिक तालीम कर्ताहरू

*लैङ्गिकता र लिङ्गभेद दुबै एउटै होइनन् । निम्नलिखित वाक्यहरूको विश्लेषण र छलफलले तिनीहरू बीचको फरक बारेमा बुझ्न र चेतना जगाउन मद्दत पुऱ्याउनेछ ।*

विचार गरौं, के निम्नलिखित भनाईहरू हाम्रो लैङ्गिक भूमिकाहरूको बुझाईमा अथवा लिङ्गीय फरकहरमा आधारित छन् ?

१. धेरैजसो महिलाहरुले बच्चा जन्माउँछन्: मानिसहरूले जन्माउदैनन् ।

२. "बालिकाहरू सज्जन हुन्छछन्; बालकहरू कठोर हुन्छन्" ।

३. सबै ;औइसीडी' देशहरूमा पुरुषहरूको औषत ज्याला महिलाहरूको भन्दा बढी हुन्छ । औषत फरक १५% भन्दा बढी छ र धेरै देशहरूमा २०% भन्दा बढी हुन्छ ।[२४]

४. अधिकाँश महिलाहरूले शिशुहरूलाई स्तनपान गराउन सक्दछन्, पुरुषहरूले शिशुहरलाई बोतलपान गराउन सक्दछन् ।

५. एशियामा अधिकाँश निर्माण कर्मीहरू पुरुषहरू हुन्छन् ।

६. अधिकाँश पुरुषहरूको आवाज किशोरावस्थामा घोकिन्छ, महिलाहरूको हुँदैन ।

७. संयुक्त राष्ट्र संघको तथ्यांक अनुसार, महिलाहरूले विश्वको ४०% काम गर्दछन् ।[२५] अधिकाँश देशहरूमा महिलाहरूको पारिश्रमिक पुरुषको भन्दा ७०% र ९०% को बीचमा हुन्छ ।[२६]

८. एएटा बालिकालाई गर्भवती भएमा विद्यालयबाट निकालिन्छ; जवकि त्यस बालकका बारेमा जसले तिनलाई गर्भवती बनायो नत फैसला गरिन्छ नत त्यसलाई निकालिन्छ ।

९. बालकहरूले आफ्ना बुवाले गरि आएको काम वा पेशा सिक्दछन्, र बालिकाहरूले आफ्नी आमाले गरेको काम सिक्दछन् ।

---

२३ Gender Training Manual, Oxfam, 1994 बाट यसमा उल्लेख गरिएका आँशिक वाक्यहर लिइएको ।

२४ http:\\www.oecd.org\dataoecd\19\94\38172488.pdf

२५ ILO Trends Econometic Models, July 2009.

२६ ILO, Global Employment Trends for Women, March 2009, p. 19.

## टिप्पणी

१. 'महिलाहरूले बच्चा जन्माउँछन्, पुरुषहरूले होइन' यो महिलाहरू र पुरुषहरूका बीचको जीव बैज्ञानिक फरकका आधारको शारीरिक गुण हो ।

२. "बालिकाहरू सज्जन हुन्छन् बालकहरू कठोर हुन्छन्" यिनीहरू सांस्कृेतिक विश्वासमा आधारित अनुमानहरू हुन् ।

३. "सबै 'ओइसीडी' देशहरूमा पुरुषहरूको ज्याला महिलाहरूको भन्दा बढी हुन्छ" ।

यो अवस्था सामाजिक चालचलनका आधारमा विद्यमान छ । करीव सबै 'ओइसीडी' देशहरूले महिला अथवा पुरुष जो भए पनि समान ज्याला सुनिश्चित गर्ने कानूनी व्यवस्था गरेका छन्, तर विभिन्न कारणहरू छन् यो मात्रै किन असमानता हटाउन अपर्याप्त छ । यदि कानून लागू गरिएन वा गर्न सकिएन भने विभेद चालू रहन सक्नेछ । साधारणतया, महिलाहरू कम ज्याला भएका पेशाहरूमा लाग्ने छन् र पुरुषहरू जस्तै बढोत्तरीका लागि संघर्ष गर्न सक्दछन् ।

४. अधिकाँश महिलाहरूले शिशुहरूलाई स्नतपान गराउन सक्दछन् ..." यो महिलाहरू र पुरुषहरू बीचको फरक लिङ्गमा आधारित शारीरिक गुण हो ।

५. "एशियामा अधिकाँश निर्माण कर्मीहरू पुरुष छन्"

केही क्षेत्रहरूमा महिलाहरूको परम्परागत भूमिकाका कारणले महिलाहरूको अनुपात न्यून हुन सक्दछ - यी क्षेत्रहरू बढी 'पुल्लिङ्गता' भएका मानिन्छन् ।

६. "अधिकाँश पुरुषहरूको आवाज किशोरावस्थामा घोकिन्छ, महिलाहरूको हुँदैन" ।

यो महिलाहरू र पुरुषहरू बीचको फरक लिङ्गमा आधारित शारीरिक गुण हो ।

७. संयुक्त राष्ट्र संघको तथ्यांक अनुसार महिलाहरूले विश्वको ४०% काम गर्दछन् ..."

यो महिलाहरूसंग गाँसिएका भूमिकाहरूको असमान बुझाईका कारणहरूको आर्को उदाहरण हो । अधिकाँश क्षेत्रहरूमा र धेरैजसो पेशाहरूमा, महिलाहरूलाई त्यही कामका लागि पुरुषहरूभन्दा कम ज्याला दिइन्छ ।

८. एउटा बालिकालाई गर्भवती भएमा विद्यालयबाट निकालिन्छ . . ."

बालिकाहरू समाजमा तिनीहरको अवस्थाका आधारमा असमान व्यवहारबाट पीडित हुन्छन् ।

९. बालकहरूले आफ्ना बुवाले गरिआएको काम वा पेशा सिक्दछन् ..."

बालकहरू र बालिकाहरूका सम्भावित व्यवहारहरूका बारेमा समाजका विभिन्न अपेक्षाहरू हुन सक्दछन् ।

## साधन ६ लैङ्गिकता विषयमा हाजिरी-जवाफ

**लक्षित वर्गः** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू, शिक्षक प्रशिक्षकहरू, लैङ्गिक तालीम कर्ताहरू ।

*यो जाँचले तपाईको शिक्षा र लैङ्गिकताको ज्ञानसंग जोडिएका मुद्दाहरूको परीक्षा गर्नेछ । यो विशेष गरी तिनीहरूलाई लक्षित छ जो यी मुद्दाहरूसंग पहिले देखि नै अवगत छन्, तर यो एउटा राम्रो उत्प्रेरक हो र सबैद्वारा प्रयोग गर्न सकिन्छ ।*

**कृपया तल दिइएका प्रश्नहरूको सबैभन्दा बढी सही उत्तरमा (√) चिन्ह लगाउनु होस्।**

**१ यदि 'लिङ्गभेद' ले पुरुषहरू र महिलाहरू बीचको जीब वैज्ञानिक भिन्नताहरूलाई संकेत गर्दछ भने 'लैङ्गिकता" भन्नाले कसलाई बुझाउँछ ?**

(अ) पुरुषहरू र महिलाहरूका सामाजिक रूपले बनाइएका भूमिकाहरू र कर्तव्यहरू
(आ) एउटा अवधारणा जुन देश काल अनुसार बदलिन सक्दछ र विभिन्न संस्कृतिहरू बीच भिन्न र फरक फरक हुन सक्दछ ।
(इ) स्त्रीत्व र पुल्लिङ्गता
(ई) माथिका सबै

**२. लैङ्गिक समानता एउटा मुद्दा हो जुन ... संग सम्बन्ध राख्दछ :**

(अ) केवल बालिकाहरू र महिलाहरू; यो एउटा महिलाहरूको विषय हो ।
(आ) विकासशील देशहरू; यो त्यहाँ मात्रै हो जहाँ लैङ्गिक असमानता छन् ।
(इ) सबै समाजमा, महिलाहरू र पुरुषहरूका लागि समान रूपमा
(ई) महिलाहरूसंग समर्पित मन्त्रालयहरू

**३. कुन सहस्राव्दी लक्ष्यले 'लैङ्गिकता' मा जोड दिन्छ ?**

(अ) सहस्राव्दी विकास लक्ष्य १
(आ) सहस्राव्दी विकास लक्ष्य २
(इ) सहस्राव्दी विकास लक्ष्य ३
(ई) सहस्राव्दी विकास लक्ष्य ५

**४. विकासशील देशहरूमा किन बालिकाहरूले बालकहरू भन्दा माध्यमिक शिक्षा छोड्ने सम्भावना बढी हुन्छ ?**

(अ) माध्यमिक विद्यालयहरूको शुल्कका कारण; बालकहरू मात्र विद्यालय जान्छन् ।
(आ) धेरै किसोरी बालिकाहरूले घरको काममा मद्दत गर्ने अपेक्षा गरिन्छ ।
(इ) बालविवाहले बालिकाहरूको गतिशीलता र स्वतन्त्रतामा रोक लगाउँछ ।
(ई) माथिका सबै ।

**५. सन् २००९ को युनिसेफको 'विश्वका बालबालिकाहरूको अवस्थाको प्रतिवेदन' अनुसार विकासशील विश्वमा १८ वर्ष उमेरभन्दा पहिले विवाह हुने बालिकाहरूको अनुपात कति छ ?**

(अ) १२%
(आ) २५%
(इ) ३६%
(ई) ५४%

**५. कैयौं महिलाहरूले जव 'एचआइभी पोजिटिभ' हुन्छन् उच्च जोखिमयुक्त व्यवहार गरेका हुँदैनन् र या त विवाहित हुन्छन् या एउटै व्यक्तिसंग यौन सम्पर्क गर्ने कुरामा विश्वास गर्दछन् ।**

(अ) सही
(आ) गलत

**५. विश्वको जम्मा कार्य-घण्टाहरूको कुन भिन्न महिलाहरू र बालिकाहरूद्वारा गरिएको हुनछ ?**

(अ) १/४
(आ) १/२
(इ) २/३
(ई) ३/४

**८. मइ, सन् २००९ सम्म, विश्वभरीका कतिवटा देशहरूले महिला सभासदहरूको संख्या ३०% पुऱ्याउने लक्ष्य पूरा गरेका छन् ?**

(अ) १९
(आ) २४
(इ) ३९
(ई) ४९

**९.. सूचना, संचार र प्रविधिको क्षेत्रमा प्रवेश गर्नुमा महिलाहरूले भोगेका बाधाहरूमा हुन् :**

(अ) आवश्यक औजारहरू खरीद गर्न आर्थिक स्रोतहरूमा महिलाहरूको सीमित पहुँच
(आ) शिक्षा र तालीममा असमान पहुँच
(इ) महिलाहरूको आफ्नो घरमा अथवा दुर्गम ठाउँहरूमा अलग भएर बसेको स्थिति
(ई) माथिका सबै

**१०.. सन् १९०१ र २००९ का बीचमा नोबुल पुरस्कार जम्मा ८०६ जना र २३ वटा संस्थालाई प्रदान गरिएको छ । कतिवटा महिलाहरूले पुरस्कार पाएका छन् ?**

(अ) १२
(आ) ४१
(इ) ७७
(ई) १५८

**११. महिलाहरू विरुद्धको हिंसाको मुद्दालाई लैङ्गिकताको दृष्टिकोणले हेर्नुले मान्यता दिन्छ कि ...**

(अ) यो पुरुषहरूको हिंसक हुने स्वभाव हो । महिलाहरूले केही हदसम्म हिंसालाई स्वीकार गर्नु पर्दछ ।

(आ) महिला विरुद्धको हिंसा महिलाहरू र पुरुषहरू बीचको विद्यमान असमान शक्ति सम्बन्धको प्रदर्शन हो ।

(इ) यदि पुरुषहरू महिला विरुद्ध हिंस्रक हुन्छन् भने यो महिलाहरूको पनि गल्ती हो ।
(ई) पुरुषहरूको हिंसा सहन गर्ने जिम्मेवारी महिलाहरूको मात्रै हो ।

**१२. सन् २००० मा, संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले प्रस्ताव १३२५ अनुमोदन गऱ्यो, एउटा ऐतिहासिक प्रस्ताव जसले आव्हान गर्दछ कि :**

(अ) सबै लडाकू दस्ताहरूबाट महिलाहरूको निष्काशन, सैनिक र अर्द्ध सैनिक संस्थाहरू दुबैबाट

(आ) सबै शान्ति र सुरक्षा प्रयासहरूमा महिलाहरूको पूर्ण र समान सहभागिता ।

(इ) युद्धका प्रयासहरूमा महिलाहरूको समान सहभागिता ।

(ई) सबै औपचारिक शान्ति स्थापनाका प्रक्रियाहरूबाट पुरुषहरूको निष्काशन ।

**१३.. कुन रणनीतिहरू महिलाहरूलाई सामाजिक र आर्थिक रूपले सशक्त हुन सहयोगी हुन्छन् ?**

(अ) विभेदहरूलाई चुनौती दिन महिलाहरू संगठित हुने

(आ) महिलाहरूका लागि बढी आय स्रोत

(इ) शिक्षाको पहुँचमा बढोत्तरी

(ई) माथिका सबै

**१४. लैङ्गिक समानता प्रवर्द्धन गर्ने राष्ट्रिय नीतिहरूले ... मा योगदान गर्दछन् :**

(अ) गरिवी निवारण

(आ) सबैका लागि शिक्षाका लक्ष्य प्राप्ति

(इ) एचआइभी संक्रमणमा कमी

(ई) महिला विरुद्धको हिंसाको अन्त

(उ) माथिका सबै ।

**१५. शिक्षाको तल्लो तहमा शिक्षण पेशामा किन बढी महिलाहरू छन् ?**

(अ) पुरुषहरूले शिक्षण पेशामा महिलाहरू संलग्न होउन भन्ने चाहन्छन् ।

(आ) माथिल्लो तहका पदहरूमा काम गर्ने योग्यता प्राप्त हुनका लागि महिलाहरूको कम सम्भावना रहन्छ ।

(इ) शिक्षण पेशा महिलाहरूका लागि बढी उपयुक्त पेशा मानिन्छ ।

(ई) महिलाहरू बढी हेरचाह पुऱ्याउने स्वभावका मानिन्छन् ।

(उ) माथिका सबै ।

## लैङ्गिकता विषयमा हाजिरी-जवाफका उत्तरहरू

१. ई. माथिका सबै

लैङ्गिकताको अवधारणा महत्वपूर्ण छ किनभने यसले देखाउँछ कि कसरी महिलाहरूको परनिर्भिरता समाजद्वारा सृजित हो, यो जीव बैज्ञानिक हिसावले पूर्व निश्चित होइन न त सधैका लागि निश्चित हो ।

लैङ्गिक असमानता विद्यमान रहन्छ किनभने पुरुषहरू महिलाहरू फरक फरक किसिमले हेरिन्छन्, परिणामस्वरूप असमान अवसरहरू र जीवनका सम्भावनाहरू प्राप्त गर्दछन् ।

२.. इ) सबै समाजमा, महिलाहरू र पुरुषहरूका लागि समान रूपमा लैङ्गिक समानता सोझै आर्थिक विकाससंग सम्बन्धित छैन । प्रति व्यक्ति कुल राष्ट्रिय उत्पादन भएका औद्योगिक देशहरूमा पनि लैङ्गिक असमानताहरू विद्यमान छन् ।

लैङ्गिक समानता महिलाहरूको मुद्दा मात्र हैन । महिला सशक्तिकरण आवश्यक छ, तर यो लैङ्गिक समानता प्राप्त गर्ने दिशामा एउटा कदम हो जुन विश्वका कुनै पनि देशमा अझै प्राप्त गर्न बाँकी छ ।

३. इ) सहस्राब्दी विकास लक्ष ३

सहस्राव्दी विकास लक्ष ३ ले लैङ्गिक समानताको प्रवर्द्धन र महिला सशक्तीकरणमा जोड दिन्छ ।

तथापि, जस्तो कि सन् २००५ को विश्व शिखर सम्मेलन प्रतिफल प्रतिवेदन (अनुच्छेद ५९) मा उल्लेख गरिएको छ लैङ्गिक समानता र महिला सशक्तीकरण चाहे जुनसुकै क्रमांक दिइएता पनि सहस्राव्दी विकास लक्ष्यहरू प्राप्त गर्नमा आधारभूत कुराहरू हुन् ।

४. ई) माथिक सबै

गरिबी र लैङ्गिक असमानता महत्वपूर्ण कुराहरू हुन् जसले बालिकाहरूलाई माध्यमिक विद्यालय जानमा रोक लगाउँछन् । त्यसका साथै गरिबी निवारणका लागि बालिका शिक्षा अति आवश्यक छ ।

५. ई ३६%

विश्वव्यापी रूपमा १८ वर्ष उमेर नपुग्दै २०-४० वर्ष उमेरका ३६% महिलाहरू विवाहित थिए अथवा संगै बसेका थिए, बढी जसो दक्षिण एशिया अफ्रिकी उप-महाद्वीपमा ।

६. अ) सही

महिलाहरूको हिंसा, लैङ्गिक विभेद र शिक्षाको कमीले महिलाहरूको एचआइभीबाट संक्रमित हुने खतरा बढाउँछ ।

आपसी बहिष्कारिता/अथवा प्रमाणित प्रभावकारी रोकथाम विधिहरू (ढाल) को प्रयोग विना विवाहले मात्रै सक्रमणबाट सुरक्षाको प्रत्याभूति दिँदैन ।

७. इ) २/३

महिलाहरूले विश्वको २/३ कार्य घण्टा काम गर्दछन्, तथापि विश्वको लगभग दश प्रतिशत आमदानीमात्र प्राप्त गर्दछन् । यो किनभने महिलाहरूले विश्वका पैसा नतिरेर गरिएको अधिकाँश काम गर्दछन् जुन अधिकाँश ध्यान दिएको हुँदैन - जस्तै शिशु हेरचाह, खाना पकाउने, र सरसफाई ।

८. आ) २४

चौबीसवटा देशहरू हुन् : अन्डोरो, अंगोला, अर्जेन्टिना, बेलारुच, बेल्जियम, कोस्टारिका, क्युवा, डेन्मार्क, फिनलैण्ड, जर्मनी, गुयाना, आइसलैण्ड, मोजाम्बीक, नेपाल, नेदरल्याण्ड, न्यूजीलैण्ड, नर्वे, रुवान्डा, दक्षिण अफ्रिका, स्पेन, स्वेडन, उगान्डा, गणतन्त्र तान्जानिया ।

यो ध्यान दिन योग्य छ कि यि २४ वटा मध्ये ७ वटा विकासशील देशहरू हुन् र तिनमध्ये कुनै पनि एशिया प्रशान्त क्षेत्रमा अवस्थित छैनन् ।

९. ई) माथिका सबै

महिलाहरूले सूचना संचार र प्रविधिबाट फायदा लिने क्षमता अनुकूल नीतिहरू, जहाँ महिलाहरू बसोवास गर्दछन् त्यहाँ संचारका पूर्वाधारहरूको विस्तार गर्ने, तिनका देशहरूको अनुकूल वातावरण र शैक्षिक स्तरमा भर पर्दछ ।

१०. आ) ४१

महिलाहरूले नोबुल पुरुस्कार पाउने जम्मा संख्याको ४.३% मात्र ओगठ्छन् । महिलाहरूले सबै वर्गका पुरुस्कारहरू जितेका छन् - भौतिक शास्त्र (२) रसायन शास्त्र (४) शरीर विज्ञान वा चिकित्साशास्त्र (१०) साहित्य (१२), शान्ति (१२), अर्थशास्त्र (१)

११. आ) महिला विरुद्धको हिंसा महिलाहरू र पुरुषहरूबीचको विद्यमान असमान शक्ति सम्बन्धको द्योतक हो ।

हिंसाले हामी सबैलाई असर गर्दछ, धेरैजसो अवस्थामा यसले महिलाहरू र बालिकाहरूलाई लक्ष्य गरेको हुन्छ र पुरुषहरूद्वारा संचालित हुन्छ । यसको अर्थ यो होइन कि पुरुषहरू बनौट र बंशानुगत गुणहरूद्वारा नै हिंसक हुन्छन् तर के हो भने जवसम्म हाम्रो समाजमा लैङ्गिक असमानताहरू नै राख्दछन् र बढी सन्तुलित र आपसी सहयोगी लैङ्गिक भूमिकाहरू निर्माण गर्न गम्भीर प्रयत्नहरू गरिँदैनन्, महिलाहरूले दुःख पाइराख्ने छन् ।

१२. आ) सबै शान्ति सुरक्षा प्रयासहरूमा महिलाहरूको पूर्ण र समान सहभागिता

सन् २००० मा, महिलाहरू, शान्ति र सुरक्षामा प्रस्ताव १३२५ पारित हुँदा, संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले विशिष्ट रूपमा पहिलो पटक सशस्त्र द्वन्द्व र शान्ति स्थापना प्रयासहरूको सन्दर्भमा महिलाहरूका भूमिकाहरू बारेमा छलफल गर्‍यो । यो प्रस्ताव, यस क्षेत्रमा सबैभन्दा सशस्त्र नियामक दस्ताबेजहरू मध्ये एक हो ।

१३. ई) माथिका सबै

शिक्षाले सम्पत्ति माथि स्वामित्व प्राप्त हुन्छ र आम्दानीको बढोत्तरीले महिलाहरूलाई सशक्त बनाउँछ । महिलाहरूले आम्दानी गर्ने अवसरहरू प्राप्त गर्ने, सम्पत्ति माथि स्वामित्व प्रापत गर्ने र शिक्षा प्राप्त गर्ने कुराहरूको सुनिश्चितताले घरेलु निर्णयहरूमा उनीहरूको प्रभाव सुदृढ गर्दछ ।

१४. उ) माथिका सबै

लैङ्गिक समानता, राजनीतिक सहभागिता र जवाफदेहिता; आर्थिक सशक्तिकरण र प्रभावकारी विकास योजना निर्माण; संकट रोकथाम र द्वन्द्व समाधान, शुद्धपानी, सरसफाई, उर्जा सेवाहरू र शिक्षा; विकास उद्देश्यहरूका लागि प्रविधिको सर्वोत्तम प्रयोग, तथा एचआइभी/एड्स विरुद्ध समाजको परिचालन; सुनिश्चित गर्नका लागि अत्यावश्यक आयाम हो ।

१५) उ) माथिका सबै

यो अवस्था लैङ्गिक रुढीबृद्ध धारणाहरू र शिक्षकहरूको छनौट, तालीम, पद स्थापन र बढुवा गर्ने पद्धतिको परिणाम हो ।

## साधन ७ लैङ्गिकता सम्बन्धी रुढीबद्ध धारणाहरू[२७]

**लक्षित वर्ग:** सबै

*निम्नलिखित भनाईहरूले बलियो लैङ्गिक पूर्वाग्रह प्रस्तुत गर्दछन् । यस साधनको उद्देश्य मानिसहरूको ध्यान आकृष्ट गर्ने र उनीहरूलाई आफ्ना विश्वासहरू र दृष्टिकोणहरूमा विचार गर्न लगाउनु हो ।*

के तपाईले निम्नलिखित भनाईहरूले रुढीबद्ध धारणाहरू प्रतिविम्बित गर्दछन् जसलाई परिवर्तन गर्नु पर्दछ भनी भन्नु हुन्छ ?

| | |
|---|---|
| "खेतमा महिलाहरू फसल बर्बाद गर्दछन् ।" | (बंगलादेश) |
| "पुरुषहरू एउटा हात्तीको अगाडिका खुट्टा हुन्, महिलाहरू पछाडिका खुट्टाहरू हुन" | (थाइलैण्ड) |
| "एउटा महिलाले पुरुष भएर जन्म लिन नौ जन्म लिनु पर्छ" | (भुटान) |
| "एउटा हरूवाको पछि महिला उभिएकी हुन्छन्" | (फिलिपिन्स) |
| "महिलाहरू नालायक हुन्छन्, तिनीहरू चुलोको चक्कर पनि लगाउन सक्दैनन् ।" | (पाकिस्तान) |
| "पुरुषहरूको सम्मान गर, महिलाहरूको अपमान गर ।" | (जापान, भियतनाम) |
| "एउटा पुरुष विना एउटा परिवार छाना नभएको घर हो" | (भियतनाम) |
| "बिवाहित छोरीहरू घरबाट बाहिर फालिएको पानी हुन् ।" | (भारत) |
| "एउटा छोराले मेरो नाम पाउँछ, एउटा छोरीको कुनै नाम छैन ।" | (पपुवान्युगिनी) |
| " 'मौङ्ग' भएका छोराका आमाबुवाले जस पाउँछन् ।" | (म्यानपार) |
| "मलाई एउटा महिला खोजी देउ म तिमलाई एउटा सर्प दिनेछु ।" | (फिलीपिन्तस) |
| "बुहारीहरू घरमा भूत जस्तै हुन्छन् ।" | (लाओजन गणतन्त्र) |
| "छोरा पाउनु घोडा पाउनु भन्दा बढी खुशी ल्याउँछ ।" | (भुटान) |
| "छोरीहरू घरमा अस्थायी हुन् । छोराहरू यसका गौरव हुन् ।" | (पाकिस्तान) |
| "छोरीहरू अरूका लागि हुर्किन्छन्, र छोराहरू आफ्ना परिवारका लागि ।" | (चीन) |
| "एउटा छोराले मेरो जमीन पाउँछ । छोरी आर्का मानिसकी स्वास्नी हुन्छ" | (पपुवान्युगिनी) |
| "एकसय छोराहरू बोझ होइनन्, तर एउटी छोरी हाम्रो टाउको झुकाउँछ!"। | (पाकिस्तान |
| "पुरुषहरू चामलका गेडा हुन् र महिलाहरू पकाएको चामल हुन्" | (थाइलैण्ड) |
| "महिलाहरू लहराहरू हुन् – तिनीहरू जे पायो त्यसैमा लपटिन्छिन्, अस्थिर हुन्छन् र अविश्वसनीय हुन्छन्" | (थाइलैण्ड) |

---

२७ यी मध्ये केही भनाईहरू Gender Sensitivity, A Training Manual UNESCO, 1997 बाट लिइएका हुन् र अन्य एशिया-प्रशान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता संजाल (जेनिया)का विभिन्न कार्यशालाहरूका सहभागीहरूबाट संकलन गरिएका हुन् ।

छोराहरूले स्वर्गको द्वार खोली दिन्छन् ।
छोरीहरूले संकटका द्वार खोलिन्छन" (नेपाल)

"एउटा छडीले स्वास्नीलाई ठेगाना लगाउँछ" (बंगलादेश)

"एउटा छोरी जुन आफ्ना बुवा जस्तै देखिनिछन्, धनी हुन्छिन्
तर एउटा छोरा जुन आफ्नी आमा जस्तै देखिन्छ, दु:खी हुन्छ ।" (भियतनाम)

"घरबाट तीन कदम बाहिर लोग्ने मासिन ब्रम्हचारी हुन्छ ।" (म्यानमार)

"सानो छँदा बुवाको भनेको मान, विहा भएपछि लोग्नेको पछि लाग
र बुढो भएपनि छोराले भनेको गर ।" (जापान)

"एउटा आदर्श महिला राम्रो स्वास्नी र बुद्धिमान आमा हुन्छ ।" (जापान)

"बाँझी आईमाइ नदीको ढुंगा जस्तै हो ।" (फिलिपिन्स)

"एउटा लोग्ने मान्छे घरको मालिक हो ।" (जापान)

"एउटा आईमाइको स्थान भान्सामा हो ।" (पपुवान्युगिनी)

"छोरीहरू हुनु आफ्नो घर अगाडि शौचालय बनाउनु जस्ते हो ।" (थाइलैण्ड)

"लामो कपाल, छोटो बुद्धि ।" (रुस)

"महिलाहरू कमजोर फर्निचर हुन्" (मैडागास्कर)

अन्तमा यो भनाईमा विचार गर्नु होस् : **एउटा महिलालाई शिक्षित बनाउनु होस्, एउटा राष्ट्रलाई शिक्षित बनाउनु होस्"** । के यो विभेदकारी छ ?

## साधन ८ लैङ्गिक समानता गाडी

**लक्षित वर्ग:** शिक्षकहरू/प्रधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू, लैङ्गिक तालीम कर्ताहरू ।

भोकाएका जनावरहरू यस गाडीले तिनीहरूका लागि घाँस, दाना ल्याउला भनेर यो गाडीलाई पर्खी रहेका छन् । यस गाडीका दुईटा पांग्रा छन् ।

यदि गाडीको एकतर्फको पांग्रा ठूलो र आर्को तर्फको सानो भयो भने के होला ?


- या त गाडी पल्टिएला अथवा एउटा चक्रमा घुमी रहला ।
- हामीले एउटा रिंगटा लागेको गोरु पाउन सक्छौ तर अगाडि बढ्न सक्दैनौ ।

यदि दुइटै पांग्राहरू त्यही आकारका भए के हुन्छ ?

- गाडी अगाडि बढ्छ ।

त्यही कुरा पुरुषहरू र महिलाहरूका लागि पनि सत्य हो :
- अगाडि बढ्ने कुरा महिलाहरू र पुरुषहरूले समाजमा समान सम्मान पाउने कुरामा भर पर्दछ ।
- प्रारम्भ विन्दु बालक र बालिकाहरूमा समानता सुनिश्चित गर्नु हो ।

# लैङ्गिक समानता गाडी



# साधन १ लैङ्गिक समानता चरा

**लक्षित वर्ग:** शिक्षकहरू/प्रधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू, लैङ्गिक तालीमकर्ताहरू

यो चित्रले नर र नारीको तुलना गर्दै चराका दुईटा प्वाँखहरूको उपमा प्रस्तुत गर्दछ ।

कुनै पनि चरालाई समान रूपले विकसित भएका एकजोडी प्वाँखको आवश्यकता हुन्छ, त्यसैगरी एउटा समाजले विकास गर्न यो जरुरी छ कि नर र नारीहरूको जनसंख्याको समान विकास होस् ।

## लैङ्गिक समानता चरा



मानवदौड दुई प्वाँखहरू भएको चरा हो :

- एउटा प्वाँख नारी हो,
- अर्को नर हो ।

यदि मानव दौड चित्रण गर्ने चराको एउटा प्वाँख ठूलो र अर्को सानो भयो भने, के होला ?

- चरा उड्न सक्दैन

यदि दुईटै प्वाँखहरू समान रूपले विकसित भए भने के होला ?

- चरा उड्न सक्छ ।

© माइक्रोसोफ्ट क्लिप आर्ट

# भाग २
# लैङ्गिक अनुकूल प्रतिफल दिने शैक्षिक वातावरणका लागि साधनहरू



## साधन १०

# लैङ्गिक अनुकूल प्रतिफल दिने पाठ्यक्रम र पठन/पाठन सामग्रीहरूको विकास गर्दै

**लक्षित वर्गः** शैक्षिक सामग्री उत्पादकहरू, शिक्षकहरू/पधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू ।

*यस साधनले तपाईलाई पाठ्यक्रम र पठन/पाठन सामग्रीहरूको विकास गर्ने सम्पूर्ण प्रक्रियामा लैङ्गिक अनुकूल प्रतिफल दिने प्रक्रिया प्रयोग भएको छ, छैन भन्ने कुरा प्रमाणित गर्न मद्दत पुऱ्याउने छ ।*

## योजना निर्माण

१. निर्देशक समिति (स्टीरिङ्ग कमेटी) मा कतिजना पुरुषहरू कति जना महिलाहरू छन् ?

२. के निर्देशक समितिमा लैङ्गिक संवेदनशीलता तालीम प्राप्त गरेका महिलाहरू र पुरुषहरूको समान संख्या[२८] छ ।

३. के समितिको बैठकको वातावरण खुला छलफल गर्न उत्प्रेरक छ, र के यसले महिलाहरू र पुरुषहरू दुबैबाट विविध रायहरू आदान प्रदान गर्न मद्दत गर्दछ ?

४. के पाठ्यक्रम योजनामा आवश्यकता पहिचान प्रक्रिया छ, र के यसले बालकहरू र बालिकाहरू दुबैको आवाज प्रतिविम्वित गर्दछ जसले गर्दा उनीहरूका आवश्यकताहरू र रुचिहरू दुबै पहिचान गरिएका छन् ?

५. के प्रत्येक पाठ्यक्रम/पठन पाठनसामग्रीहरू, कार्य समूहमा विषय विशेषज्ञहरू लैङ्गिक संवेदनशीलतामा समुचित रूपले तालीम प्राप्त छन् ?

६. के पाठ्यक्रम/पठनपाठन सामग्रीहरूको विषयवस्तु र रूपरेखा बालकहरू र बालिकाहरू दुबैका आवश्यकताहरूलाई सम्बोधन गर्दछन् ? यदि हो भने त्यो कसरी? यदि होइन भने के प्रक्रिया परिवर्तन गर्न सकिन्छ जसबाट तिनीहरूका आवश्यकताहरू प्रतिविम्वित होउन् ?

७. यदि पुरुष र महिला शिक्षकहरूका फरक फरक आवश्यकताहरू छन् भने के पाठ्यक्रम/शैक्षिक सामग्रीहरूका शीर्षकहरू र रूपरेखाले यी फरक फरक आवश्यकताहरूको परिपूर्ति/प्रतिविम्वित गर्दछन् ? यदि हो भने त्यो कसरी ? यदि होइन भने प्रक्रियामा के परिवर्तन गर्न सकिन्छ, जसबाट तिनीहरूका आवश्यताहरू प्रतिविम्वित होउन् ?

८. के पाठ्यक्रम/पठन पाठन सामग्रीहरू विकास कार्यशालाहरूको योजना निर्माण गर्दा लैङ्गिक मुद्दाहरू (जस्तै लैङ्गिक-पूर्वाग्रही विषय छनौटहरू र कामको बाँडफाँड) मा ध्यान पुऱ्याइएको छ ? यदि हो भने त्यो कसरी ?

## निर्माण

९. के तपाईले लैङ्गिक विशेषताहरूलाई सम्भावित लैङ्गिक पूर्वाग्रहहरूको मूलपाठ, भाषा र तस्वीरहरू पुनरावलोकनका लागि लगाउनु भएको छ ?

१०. के मूल पाठ, भाषा र तस्वीरहरू लैङ्गिक पूर्वाग्रहयुक्त छन् ? (यसमा थप जानकारीका लागि तपाइले साधन १३: "पठन-पाठन सामग्रीहरूको लैङ्गिक अनुकूल प्रतिफल दिने अवस्थाको विश्लेषण गर्दै हेर्न सक्नु हुनेछ ।

२८ समान संख्या आदेशात्मक होइन, तर तपाईले सन्तुलन खोज्नु पर्दछ जसले गर्दा पुरुषहरू र महिलाहरू दुबैका अनुभवहरू र आवश्यकताहरूमा ध्यान दिन सकियोस् । यदि 'समान संख्या' हुँदैन भने महिलाहरू पुरुषहरूको उल्लेख्य संख्या हुनु जरुरी छ । उल्लेख्य संख्या भनेको त्यो संख्या जुन निर्णय प्रक्रिया प्रभावित गर्न पर्याप्त होस् ।

११. बालकहरू र बालिकाहरूका घरेलु, स्वयंसेवी र सामुदायिक भूमिकाहरू के के हुन् ? के तिनीहरूलाई पाठ्यक्रम/पठन पाठन सामग्रीहरूमा समान स्थान र मान दिइएको छ ?

१२. के अभ्यासहरू र कथाहरूले बालिकाहरू र बालकहरूलाई समान रूपले चित्रण गर्दछन्; र के तिनीहरू तिनका जीवनका अनुभवहरूसंग सान्दिर्भिक छन् ?

१३. के तस्वीरहरू र चित्रहरूमा चित्रण गरिएका बालिकाहरू र बालकहरू समान संख्यामा छन् ?

१४. के चित्रण गरिएका चालचलनहरू/व्यवहारहरू विद्यमान रुढीबद्ध धारणाहरू अनुसार छन् ?

१५. के पठन-पाठन सामग्रीहरूका लेखकहरू र चित्र बनाउनेहरू लैङ्गिक समबेदनशील छन् ? के तिनीहरूले लैङ्गिक संवेदनशीलतामा तालीम लिएका छन् ?

१६. के लेखकहरू र चित्रकारहरूको सन्तुलन छ, उपलव्ध भएमा ?

१७. के कक्षाको निर्णय प्रक्रियामा बालकहरू र बालिकाहरूलाई भाग लिन समान रूपले प्रोत्साहित गरिन्छ र कुन हदसम्म तिनीहरूलाई उनीहरूको आवाज सुन्न लगाउनका लागि प्रोत्साहित गरिन्छ ?

## पुनरावलोकन

१८. के तपाईले पाठ्यक्रम/पठन-पाठन सामग्रीहरूको बालकहरू र बालिका विद्यार्थीहरूको सानो तर प्रतिनिधिमूलक नमूना (स्याम्पुल) मा प्रारम्भिक जाँच गर्नु भएको छ ?

१९. यदि हो भने, प्रारम्भिक जाँचमा कति जना बालकहरू र कति जना बालिकाहरू संलग्न भएका छन् ?

२०. के तिनीहरूले सामग्रीलाई सजिलैसंग बुझ्दछन् ?

२१. के बालकहरू र बालिकाहरू दुबैले सामग्रीलाई आफ्नो जीवनका अनुभवहरूका लागि सान्दर्भिक ठान्दछन् ?

२२. के अन्तिम पुनरावलोकन समितिका सदस्यहरू लैङ्गिक-संवेदनशीलतामा तालीम प्राप्त छन् ?

२३. के पुनरावलोकनमा उठेका लैङ्गिक मुद्दाहरू पाठ्यक्रम र पाठ्यपुस्तक विकासका दौरानमा विचार गरिएका छन् ?

## तालीम

२४. के नयाँ पाठ्यक्रम/सामग्रीहरूको प्रयोगमा अगुवा प्रशिक्षकहरूमा पुरुषहरू र महिलाहरू दुबैलाई तालीम दिइएको छ ?

२५. के नयाँ पाठ्यक्रमलाई लैङ्गिक-अनुकूल प्रतिफल दिने किसिमले पढाउनका लागि सबै पुरुष र महिला शिक्षकहरूलाई तालीम दिइएको छ ?

## पहुँच

२६. के नयाँ पाठ्यपुस्तकहरू सबै बालबालिकाहरूलाई उपलब्ध छन् ?

२७. के बालकहरू र बालिकाहरू दुबैको अन्य सबै पाठ्य सामग्रीहरूमा बरावर पहुँच छ : सहयोगी पुस्तकहरू, कक्षा कम्प्यूटरहरू, नक्साहरू, निर्देशन पुस्तिकाहरू, इत्यादि ।

## साधन ११ विद्यालयहरूको लैङ्गिक-मैत्री अवस्थाको मापन गर्दै

**लक्षित वर्ग:** परियोजना/कार्यक्रम अधिकृतहरू, शिक्षकहरू/प्रधानाध्यापकहरू

यो लैङ्गिक लेन्सले तपाईलाई एएटा विद्यालयका बालिकाहरूको र बालकहरूका विभिन्न आवश्यकता प्रति लैङ्गिक संवेदनशीलता र अनुकूल प्रतिफल दिने कुरा बुझ्न मद्दत पुऱ्याउन सक्नेछ र तपाईलाई विद्यालयमा लैङ्गिक समानताको प्रवर्द्धन भएको कुरा सुनिश्चित गर्न आवश्यक परिवर्तन गर्न मद्दत पुऱ्याउँछ ।

### सुरक्षा र स्वास्थ्यका मुद्दाहरू

१. के विद्यालय सबै विद्यालय उमेरका बालक तथा बालिकाहरूलाई हिडेर जान नजिक छ ?

२. के बालकहरू र बालिकाहरू दुबै उनीहरूको विद्यालयको बाटोमा हिड्न सुरक्षित हुन सक्दछन् ? के उनीहरूको सुरक्षा सुनिश्चित गर्न सेवाहरू, जस्तै यातायात, पदान गरिएका छन् ?

३. विद्यालयमा र विद्यालय जाने/आउने उनीहरूको बाटोमा के बालिकाहरू र बालकहरू आफूलाई निम्नलिखित कुराहरूबाट सुरक्षित ठान्दछन् :

- जिस्काउने ?
- भेदभाव गर्ने
- यौन पीडा दिने

४. के बालिकाहरू जुन गर्भवती हुन्छन् तिनीहरूलाई विद्यालयबाट सहयोग प्राप्त हुन्छ र के तिनीहरू विद्यालयको पढाइ सुचारु गर्न निर्धक्क हुन्छन् ?

- के प्रजनन स्वास्थ्य सम्बन्धमा स्पष्ट नीति छ ?
- के शिक्षकहरू र विद्यालय अधिकारीहरू यस मामला सम्बन्धी विद्यमान कानूनहरूसंग विज्ञ छन् ?

५. के बालकहरू अथवा बालिकाहरू जुन एचआइभी/एडस (अथवा अन्य रोगहरू) बाट पीडित वा संक्रमित छन्, तिनीहरूलाई विद्यालयको तर्फबाट समान सहयोग प्राप्त हुन्छ ?

- कुन किसिमको सहयोग बालकहरू र बालिकाहरूले प्राप्त गर्दछन् ? यदि प्राप्त गर्दछन् भने ?
- क बालकहरू र बालिकाहरूले भोग्ने गरेको कुनै लाञ्छना/भेदभाव कम गर्न कुनै विशेष व्यवस्था छ ? के यो बालकहरू र बालिकाहरूका लागि यो फरक फरक छ ?

### विद्यालय र कक्षा कोठाका सुविधाहरू

६. के बालिकाहरू र बालकहरू दुबैका लागि राम्ररी व्यवस्थित गरिएका र समुचित संख्यामा उपयोगी शौचालयहरू छन् ?

७. के विद्यालयमा शुद्ध खानेपानी उपलव्ध छ र बालिकाहरू र बालकहरू लगायत सबै विद्यार्थीहरूको पहुँचमा छ ?

८. के बालिका र बालक विद्यार्थीहरूका लागि पर्याप्त सीटहरू बस्ने ठाउँ छ ?

९. के बस्ने व्यवस्थाले बालकहरू र बालिकाहरू दुबैलाई कक्षामा सहभागी हुन र शिक्षकसग र अन्य विद्यार्थीहरूसंग छलफल गर्न समान अवसर प्रदान गर्दछ ?

१०. के बालिकाहरू र बालकहरू दुबैका लागि पर्याप्त मात्रामा प्रकाश र पंखा/तताउने व्यवस्था छ ?

## पाठ्यक्रम

११. के पाठ्यक्रमले बालकहरू र बालिकाहरू दुबैका आवश्यकताहरू र जीवनका अनुभवहरू प्रतिविम्वित गर्दछ ?

१२. के बालकहरू र बालिकाहरू दुबैले विषय छनौटमा स्वतन्त्रता अनुभव गर्दछन् जुन परम्परागत रूपमा पुरुषहरूका लीगि अथवा महिलाहरूका लागि नहुन सक्दछन् ?

१३. के बालिकाहरू गणित र विज्ञान विषयहरूमा बालकहरू जस्तै र बालकहरू साहित्य र इतिहास जस्ता विषय क्षेत्रहरूमा सहभागी हुन्छन् र समान उपलब्धि हासिल गर्दछन् ?

१४. के पाठ्यक्रमले बालकहरू र बालिकाहरूका लागि रंग, जाति, वर्ग, अपांगता, धर्म, अथवा जातीय पृष्ठभूमिको विचार नगरी शान्ति र समानताको प्रवर्द्धन गर्दछ ?

१५. के पाठ्यक्रमका/अतिरिक्त कार्यकलापहरूले बालकहरू र बालिकाहरू दुबैको सहभागितालाई समान रूपले आकर्षित गर्दछन् ?

१६. के बालकहरू र बालिकाहरू बारेमा विद्यमान सामाजिक रुढीबद्ध धारणाहरूलाई हटाउन क्रियाकलापहरू छन् ?

१७. के शिक्षकहरू र/अथवा विद्यार्थीहरूले यस्ता कार्यक्रमहरू (जस्तै खेलकूदहरू, सांस्कृतिक कार्यक्रमहरू, इत्यादि) को आयोजना गर्दछन् ? जसले विद्यालयमा लैङ्गिकतामा आधारित भेदभाव निराकरण गर्ने र समान र आपसी सहयोगात्मक लैङ्गिक मैत्री संस्कृतिको प्रवर्द्धन गर्ने प्रयास गर्दछन् ?

## पठन पाठन सामग्रीहरू

१८. के प्रत्येक बालक र बालिकासंग अत्यावश्यक विद्यालयका पुस्तकहरू र अन्य सिकाइ सामग्रीहरू छन् ?

१९. के पठन पाठन सामग्रीहरूले अपांगता लगायतका विभिन्न सामाजिक, आर्थिक र धार्मिक पृष्ठभूमिका अपांगता लगायतका बालिकाहरू र बालकहरूलाई समान विशिष्टता, क्षमता तथा सम्मानद्वारा चित्रित गर्दछन् ?

२०. के सामग्रीहरू र स्रोतहरू विद्यार्थीहरूद्वारा लैङ्गिक रुढीबद्ध धारणाहरूबाट मुक्त भई प्रयोग गरिन्छन् ?

## निर्णय-प्रक्रियामा विद्यार्थी सहभागिता

२१. के विद्यार्थीहरू विद्यालयमा नियमहरूबारे निर्णय गर्दा सहभागी हुन्छन्?

२२. के विद्यालयको निर्णय लिने अंगको बालिका र बालक दुबै विद्यार्थीहरूका कुराहरू सुन्दछ ? यदि हो भने कसरी ?

२३. के विद्यालयले बालकहरू र बालिहरू दुबैलाई आफ्ना विचारहरू, आवश्यकताहरू र मुद्दाहरू निर्धक्क व्यक्त गर्न प्रोत्साहित गर्दछ ?

२४. के बालकहरू र बालिकाहरू दुबैलाई विद्यालयका र कक्षाकोठाका कार्यकलापहरूमा समान रूपले भाग लिने अवसरहरू प्राप्त छन् ?

- शिक्षकहरूद्वारा कुन किसिमका कार्यकलापहरू बालकहरू र बालिकाहरूलाई दिइन्छन् अथवा तोकिन्छन् ?

२५. के बालकहरू र बालिहरू दुबैलाई विद्यालय क्लवहरू, टीमहरू र संगठनहरूको व्यवस्थापन र नेतृत्व गर्नमा समान अवसर प्रदान गरिन्छ ?

- के कक्षा वा कार्यकलाप नायक/नायक टोली छ ?
- के नायक एउटा बालक छ अथवा बालिका छे ? नायक टोलीको बनौट कस्तो छ ?

## निर्देशन र सल्लाह सेवा

२६. के विद्यालयमा कुनै किसिमका निर्देशन र सल्लाह सेवा कार्यक्रमहरू र सुविधाहरू छन् ?

- यी सेवाहरूमा कस्ता प्रकारका पक्षहरू समावेश गरिएका छन् ? के यसमा यौन/प्रजनन स्वास्थ्य/विशिष्ट विषय छनौट समावेश गरिएका छन् ?
- के यी कार्यक्रमहरूमा बालिकाहरू र बालकहरू दुबैले समान पहुँच प्राप्त गर्दछन् ?

## शिक्षकहरू

२७. पुरुष शिक्षकहरू र महिला शिक्षकहरूको अनुपात के छ ?

२८. के समुदायका अगुवाहरूले पुरुष शिक्षकहरू र महिला शिक्षकहरू दुवैलाई समान व्यवहार गर्दछन् ? के यो कुरा बैधानिक मान्यतामा पनि प्रतिविम्वित हुन्छ ?

२९. के विद्यालयका प्रधानाध्यापकले (पुरुष वा महिला) पुरुष र महिला शिक्षक दुबैलाई समान व्यवहार गर्दछन्, के तिनीहरूलाई समान जिम्मेवारी र अवसरहरू प्रदान गरिन्छन् ?

३०. के सबै शिक्षकहरूले समान रूपले बालिका र बालकहरूलाई बोल्न र योगदान गर्न प्रोत्साहित गर्दछन् ?

३१. के सबै शिक्षकहरूले समान रूपले बालकहरू र बालिकाहरूका विचारहरूलाई मान्यता दिन्छन् ?

३२. के महिला र पुरुष दुबै शिक्षकहरूले र विद्यालयका प्रधानाध्यापकले लैङ्गिक तालीम कोर्सहरूमा भाग लिएका छन् ?

३३. के पुरुष र महिला दुबै शिक्षकहरूले बालिकाहरू र बालकहरूलाई प्रजनन स्वास्थ्य विषयका मुद्दाहरूमा सहयोग गर्न सम्बन्धित तालीम लिएका छन् ?

## समुदायका सदस्यहरू र अभिभावकहरू

३४. के समुदायका सदस्यहरू र अभिभावकहरू बालकहरू बालिकाहरूलाई विद्यालय भर्ना गर्न उत्तिकै सहयोगी छन् ?

## निर्देशक प्रश्नहरू:

- के सामुदायिक आयस्रोत पद्धति ठीक छ ?
- के समुदायका सदस्यहरू र अभिभावकहरू विद्यालयमा स्वयंसेवा दिन्छन् ?
- के विद्यालयलाई दान प्राप्त हुन्छ ?
- के आय जुटाउनेहरू विद्यालयप्रति सहयोगी छन् ?

३५. के समुदायका कुनै विशिष्ट ज्ञान अथवा सीपहरू प्राप्त महिला र पुरुषहरू कक्षामा स्रोत व्यक्तिका हैसियतले ल्याइन्छन् ?

# साधन १२ एउटा लैङ्गिक संवेदनशील शिक्षक

**लक्षित वर्गः** शिक्षकहरू/प्रधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू

सो साधनले शिक्षकहरूलाई आफ्ना विद्यार्थीहरूप्रति लैङ्गिक-संवेदनशील दृष्टिकोण अपनाउन केही सिफारिसहरू प्रस्तुत गर्दछ ।

एउटा लैङ्गिक संवेदशील शिक्षकलाई निम्नलिखित प्रोत्साहन र तालीम प्रदान गरिनु पर्दछ ।

## विद्यार्थीहरूका योग्यताहरूको ध्यान

१. महिला र पुरुषहरू दुबै थरी विद्यार्थीहरूका (बाललिकाहरू/महिलाहरू, बालकहरू/पुरुषहरू) सिकाइ क्षमताको समान कदर गर्नुहोस् ।

२. पुरुष र महिला दुबै थरीका विद्यार्थीहरूका सिकाइ क्षमताहरूलाई सिक्न र प्रगति गर्न तथा उनीहरूका सम्भावनाहरूको उच्चतम विकास गर्न समान रूपले मद्दत गर्नुहोस् ।

## विद्यार्थीहरूको एक अर्का प्रतिको दृष्टिकोण

३. विद्यार्थीहरूले अर्को महिला अथवा पुरुष विद्यार्थीहरूसंग देखाउन सक्ने अमैत्रीपूर्ण र सम्भावित लैङ्गिक पूर्वाग्रही दृष्टिकोणको सावधानीपूर्वक प्रतिक्रिया दिनु होस् ।

४. यस्ता दृष्टिकोणहरू भविष्यमा नदोहरिने गरी रोक्न विद्यार्थीहरूलाई प्रश्न उठाउन मद्दत गर्नु होस् ।

## विद्यार्थीहरूको कक्षा सहभागिता

५. सबै विषयहरूमा र सन्तुलित पटक महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई समेट्नु होस् वा सम्बोधन गर्नु होस् ।

६. सबै विषयहरूमा र संतुलित पटक महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्नु होस् ।

७. सबै विषयहरूमा र समान नियमितताले महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई आफ्ना काम अथवा उत्तरहरू, कक्षामा प्रस्तुत गर्न समान अवसर प्रदान गर्नु होस् ।

८. महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई एउटै प्रकारको जिम्मेवारी दिनु होस् (उदाहरण सरसफाई गर्ने, कुसीहरू मिलाउने, इत्यादि)

९. महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई कक्षा नायक हुन प्रोत्साहित गर्नु होस्, सम्भवतया एउटा महिला र एउटा पुरुष उपनायक भएको ।

## अध्ययन/अध्यापन वातावरण

१०. यस्ता सामग्रीहरू प्रयोग गर्नु होस् जसमा महिला र पुरुष चरित्रहरूलाई समान संख्यामा र एउटै किसिमको कार्यकलापमा संलग्न भएको चित्रण गरिएको होस्; यदि भएन भने प्रयोग गरिएका पठन पाठन सामग्रीहरूमा महिलाहरू र पुरुषहरूलाई गरिएको चित्रणका रुढीबद्ध धारणाहरूलाई चुनौती दिन शिक्षकले विद्यार्थीहरूलाई भेट्ने प्रयास गर्नु पर्दछ ।

११. भित्तामा त्यस्ता पोष्टरहरू टाँस्नु होस् जसमा महिला र पुरुष पात्रहरूलाई बराबर संख्यामा र संगसंगै कार्यकलापहरूमा संलग्न भएको चित्रण गरिएको होस् ।

१२. एउटा कक्षाको बस्ने व्यवस्थाको योजना यस्तो बनाउनु होस् जसले महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई भाग लिन र सिक्ने समान अवसरहरू प्रदान गर्न समर्थ तुल्याओस् ।

## विद्यार्थीहरूलाई संरक्षकत्व तथा निर्देशन र सल्लाह सेवा प्रदान गर्ने

१३. सम्भव भएमा महिला र पुरुष दुबैथरी विद्यार्थीहरूलाई तिनीहरूको अध्ययन सूचारु राख्ने, कार्य परिदृश्य अथवा मनो-सामाजिक आवश्यकताहरू सम्बन्धमा संरक्षकत्व र निर्देशन र सल्लाह सेवा प्रदान गर्नु होस् । यो सहयोग लैङ्गिक संवेदनशील किसिमले दिइनु पर्दछ जसले गर्दा बालकहरू र बालिकाहरूले रुढीबद्ध धारणानुसारको बाटो नरोजुन् (उदाहरणका लागि बालिकाहरूलाई यसरी मार्ग दर्शन गरिनु हुँदैन कि उनीहरूले परम्परागत रूपमा बढी स्त्रीयोचित मानिने विषयहरू रोजून र बालकहरूलाई यसरी मार्ग दर्शन गरिनु हुँदै जसबाट उनीहरूले बढी पुरुषहरूका लागि ठानिएका विषयहरू रोज्न पुगून") ।

## व्यक्तिगत विकास र तालीम

१४. ती शिक्षण विधिहरूका बारेमा सरसल्लाह गर्नु होस् जुन बढी लैङ्गिक संवेदनशील छन् :

- अन्य शिक्षकहरूसंग
- प्रधानाध्यापकसंग
- विद्यालय निरिक्षकसंग
- मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्तिसंग
- लैङ्गिक विशेषज्ञहरूसंग र औपचारिक तालीम कोर्सहरूमा भर्ना लिएर
- जव सान्दर्भिक हुन्छ, शिक्षक-अभिभावक संघसंग
- जव सान्दर्भिक हुन्छ, गैससहरू संग
- स्वाध्यायनका माध्यमले आफ्नै स्रोत साधनहरूद्वारा

(छापिएका र/अथवा 'औनलाइन' सामग्रीहरू इत्यादि)

# साधन १३ पठन-पाठन सामग्रीहरूको लैङ्गिकता अनुकूल प्रतिफल दिने अवस्थाको विश्लेषण गर्दै[२९]

**लक्षित वर्ग:** परियोजन/कार्यक्रम अधिकृतहरू, सामग्री विकासकर्ताहरू, शिक्षकहरू/प्रधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू

यस साधनले तपाईले प्रयोग गरीरहेका, सृजनागरेका अथवा परिमार्जन गर्नु परेका पठन-पाठन सामग्रीहरूको लैङ्गिक अनुकूल प्रतिफल दिने कुराहरूको स्तर मूल्यांकन गर्न मद्दत गर्नेछ । प्रारम्भ गरिएको प्रयासले आवश्यक भएको थप उपचारात्मक कार्यकलापहरूको बाटो खोल्नु पर्दछ ।

## समग्र परिदृश्य

१. तपाईले विश्लेषण गर्नु खोज्नु भएको मूल पाठ, तस्वीरहरू अथवा सामग्रीको केही भागको सूक्ष्म परिक्षण गर्नु होस् ?

- तपाईले विश्लेषण गरिरहनु भएको सामग्रीको साराँश बनाउनु होस् ।
- लैङ्गिक परिदृश्य अनुसार पठनपाठन सामग्रीहरूमा बालकहरू र बालिकाहरूलाई गरिरहेको चित्रणका तरीकाहरू बारे तपाईको समग्र राय के छ? मुख्य संदैश के हो ?

२. के सामग्री पढन्/बुझ्न सजिलो छ ?

३. पठनपाठन सामग्रीको कुन अंशले लैङ्गिक समानताको प्रवर्द्धन गर्दछ जस्तो लाग्दछ ? किन ?

४. पठन पाठन सामग्रीको कुन अंशले लैङ्गिक पूर्वाग्रहरू र रुढीबृद्ध धारणाहरूलाई निरन्तरता दिन्छ जस्तो लाग्दछ ? किन ?

## महिलाहरू र पुरुष चरित्रहरूको उपस्थितिको बारम्बारता

५. मूल पाठ र तस्वीरहरूमा कतिवटा पुरुषहरू र महिलाहरू चित्रित गरिएका छन् ?

६. पुरुष चरित्रहरूका तुलनामा महिला चरित्रहरू कहिले र कतिको देखा पर्दछन्?

७. नाम उल्लेख गरिएका पुरुष पहिले कहिले देखा पर्दछन् ? नाम उल्लेख गरिएकी महिला पहिले कहिले देखा पर्दछिन् ? उदाहरणका लागि मूल पाठमा महिला चरित्रलाई विना नाम दिई उल्लेख गर्न सकिन्छ जवकि पुरुष चरित्रलाई नामबाट उल्लेख गरिन्छ; यसले यस्तो प्रभाव पार्दछ कि पुरुष चरित्रलाई बढी महत्व दिइन्छ ।

८. पठन-पाठन सामग्रीहरूमा पुरुष र महिला चरित्रहरूलाई नाम दिएर कत्तिको बोलाइएको छ ?

## महिला/पुरुष चरित्रहरूको उपस्थितिको स्वभाव

९. प्रत्येक व्यक्ति कुन किसिमको कार्यकलापमा (उत्पादनशील/प्रजनन/ सामुदायिक) संलग्न छ ?

---

२९ Obura; Canging Images; Styles Emily; Mirrors and Windows, UNESCO Gender Sensitivity: A Training Manual and FAWE, ABC of Gender Analysis, 1997 बाट लिएको ।

१०. पुरुषहरू र महिलाहरूलाई कसरी चित्रण गरिएको छ ?

- हेरचाह गर्ने
- आर्थिक उत्पादकहरू
- नेताहरू
- पीडित वर्ग
- अन्य

११. महिला र पुरुष चरित्रहरू कुन मनोबैज्ञानिक गुण (जानकार, चुस्त, बहादुर, डरपोख, भलादमी, इत्यादि) ले चित्रित गरिएका छन् ?

१२. पुरुष र महिला चरित्रहरूलाई कुन पारिवारिक भूमिकाहरू दिइएका छन् (बालबालिकाहरूको रेखदेख गर्ने, बालबालिकाहरूको गृहकार्यमा मद्दत गर्ने, बालबालिाहरूसंग खेल्ने, घरको सरसफाई गर्ने, खाना पकाउने, मरम्मत सम्भार गर्ने, इत्यादि) ?

१३. बालिकाहरू र बालकहरू कुन विशिष्ट कार्यकलापमा संलग्न छन् ?

## चित्रहरू

१४. तस्वीरहरू र रेखाचित्रहरूमा महिलाहरू र पुरुषहरू दुबैथरीलाई कसरी चित्रण गरिएको छ ? विशेषगरी उनीहरूको तस्वीरहरूको आकारको हिसावले पुरुषहरूको तुलनामा महिलाहरू कस्ता देखिन्छन् ?

१५. के चित्रहरू सांस्कृतिक हिसावले उचित छन् र/अथवा लैङ्गिक संवेदनशील छन् ?

१६. के चित्रहरूले महिलाहरू र पुरुषहरू दुबैथरीलाई सकारात्मक र लैङ्गिक पूर्वाग्रहबाट मुक्त गरी चित्रित गर्दछन् ?

## स्थानहरू

१७. तस्वीरहरू/रेखा चित्रहरूमा काम/कार्यकलाप कहाँ भैराखेको छ ? के यो सार्वजनिक क्षेत्रमा अथवा निजी दायरामा छ ?

१८. कुन स्थानहरूले महत्व राख्दछन र किन ? के महिलाहरू र पूरुषहरू दुबैथरी यी स्थानहरूमा चित्रित गरिएका छन् ?

१९. प्रत्येक व्यक्तिको यी स्थानहरूमा रखाईले उसको/तिनको हेराईमा के प्रभाव पार्दछ ?

## परिणामहरू

२०. ती कार्यकलापहरूको मनसाय के हुन् जसमा मानिसहरू ओहदा, महत्व र लैङ्गिक सम्बन्धहरूका चित्रणका हिसावले संलग्न भएका छन् ? के पुरुषहरू र महिलाहरू समान स्तरमा चित्रण गरिएका छन् ?

२१. के महिला चरित्रहरू स्वतन्त्र व्यक्तिहरूका रूपमा प्रस्तुत गरिएका छन् अथवा पुरुषहरूका सहयोगीका रूपमा मात्र देखाइएका छन् ?

२२. कुन कुन मुद्दाहरू प्रमुख छन् ?

- महिलाहरू/बालिकाहरूका बहु-भूमिकाहरू
- महिलाहरूले आफ्नो जीवनको नियन्त्रण गर्ने प्रयास गरिरहेका
- महिलाहरू/बालिकाहरू आफ्ना जीवनका अवस्थाहरू बारेमा प्रश्न खडा गरिरहेका
- महिला नेताहरू/बालिकाहरू, कक्षा, विद्यालय नेताका रूपमा
- महिलाहरू/बालिकाहरू पुरुषहरू/बालकहरूका समान साझेदारका रूपमा
- महिलाहरू गैर परम्परागत कामहरूमा/बालिकाहरू, गैर-परम्परागत भूमिकाहरूमा

- अन्य

२३. के विषयवस्तु तपाईको समुदायमा महिलाहरू/पुरुषहरू, बालिकाहरू/बालकहरूका भूमिकाहरू र जिम्मेवारीहरूका हिसावले बस्तुपरक छ ?

२४. बालिकाहरू र बालकहरू दुबैथरीका लागि कस्तो खालका व्यक्तिगत नमूना भूमिकाहरू प्रस्तुत गरिएका छन् ? के तपाईले छुट्याउन सक्ने कुनै फरकहरू छन् ?

२५. के तपाईले यी पठन पाठन सामग्रीहरूका आधारमा समाजमा महिलाहरू र पुरुषहरूका सम्बन्धित भूमिकाहरूमा कुनै परिवर्तन देख्नु भएको छ ? यी परिवर्तनहरू के के हुन् ?

२६. के यी यस्तै परिवर्तनहरू तपाईको समुदायमा सम्भव होलान् ? किन र किन हुँदैन ?

२७. के पठन पाठन सामग्रीहरूले लैङ्गिक समानता, महिलाहरूको आत्म निर्भरता/बालिकाहरूको सशक्तीकरण प्रवर्द्धन गर्दछन् ?

२८. के पठन-पाठन सामग्रीहरूले महिलाहरू र पुरुषहरू बालिकाहरू र बालकहरू बीच समान साझेदारी कसरी प्रवर्द्धन गर्दछन् ?

२९. के पठन-पाठन सामग्रीहरूले लैङ्गिक रुढीबद्ध धारणाहरूलाई बल पुऱ्याउँछन् ? यदि हो भने कुन किसिमले ?

३०. के तपाईले पठन पाठन सामग्रीहरूलाई बढी लैङ्गिक अनुकूल प्रतिफल दिने बनाउनका लागि त्यसमा कुनै कुरा सुधार गर्न चाहनु हुन्छ ?

## साधन १४ लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकनका लागि मार्ग दर्शन

**लक्षित वर्ग:** परियोजना/कार्यक्रम अधिकृतहरू, शिक्षकहरू/प्रधानाध्यापकहरू, शिक्षक प्रशिक्षकहरू, अनुसन्धानकर्ताहरू ।

*यो साधनले साधन १६ मा दिइएका विद्यालय अवलोकन फारामहरूलाई "लैङ्गिक अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू" कसरी प्रयोग गर्ने भन्ने बारे मार्ग दर्शन गर्दछ ।*

अवलोकन फारामहरू प्रयोग गर्नु भन्दा पहिले कृपया निम्नलिखित मार्ग निर्देशनहरू पढ्नु होस् :

### कक्षा अवलोकनका लागि मार्ग निर्देशनहरू

१. अबलोकनकर्ताको संख्या सीमित गर्नु होस् । आगन्तुकहरूको उपस्थिले विद्यार्थीहरूको र शिक्षकहरूको कक्षा व्यवहार परिवर्तन गर्दछ; सम्भभ भएमा अवलोकनकर्ताहरूको संख्या दुईटामा सीमित गर्‍यौ भने परिवर्तन यथासम्भव कम हुन्छ । आफ्ना साझेदारसंग कामको बाँडफाँड गर्नु होस् जसले गर्दा एउटा व्यक्तिले सबै चार्टहरू एक कक्षा घण्टी भित्र भर्न सकून् ।

२. कति समय अवलोकन गर्ने, निश्चित गर्नु होस् । एक दिन भरी अथवा कम्तीमा आधा दिनले राम्रो तस्वीर प्रदान गर्दछ ।

३. अवलोकनकर्ताहरूले बीचमा हस्तक्षेप गर्ने नगर्नु कुरा निश्चित गर्नु होस् । उदाहरणका लागि एउटा कक्षा अवलोकनका दौरानमा, अवलोकनकर्ताहरू बाधा हटाउन कक्षाको पछिल्लो सीटमा बस्न सक्दछन् अथवा उनीहरू पनि सहभागी हुन सक्दछन् र शिक्षकसंग र विद्यार्थीहरूसंग सोधपुछ गर्न सक्दछन् । दुबै विधिका विभिन्न मनसाय हुन सक्दछन् जसमा तपाईले विचार पुर्‍याउनु पर्दछ ।

४. कक्षा अवलोकनका आफ्ना उद्देश्यबारे स्पष्ट हुनु होस र यसलाई शिक्षक र प्रधानाध्यापकसंग छलफल गर्नु होस् ।

५. शिक्षकलाई भन्नु होस कि तपाई उसका/उनका विद्यार्थीहरूबाट उसबाट/उनीबाट सिक्नका लागि यहाँ हुनुहुन्छ । त्यसैले तपाईले बस्दा धेरै कुराहरू लेखीरहनु हुनेछ । तपाईको पेन्सिल/कलम र लेख्ने कापी तयार राख्नु होस् त्यसो भएमा तपाई बस्ने वितिकै लेख्नु शुरु गर्न सक्नु हुनेछ ।

   - तपाईको 'शिक्षकको' अथवा 'निरिक्षकको' टोपी फुकाल्नु होस् र तपाईको 'अनुसन्धानकर्ता' को टोपी लगाउनु होस् । तपाईको भूमिका सावधानीपूर्वक निगरानी गर्ने हो, र शिक्षकले के गरी रहेछ भन्ने कुरा मूल्यांकन गर्ने होइन ।
   - तपाईले के देखिरहनु भएको छ भन्ने कुराका बारे सोच्नमा मद्दत गर्न तपाई एएटा प्रशिक्षकको नाताले जे जान्नु हुन्छ त्यसको प्रयोग गर्नु होस् । तपाईको विद्यालय अवलोकनको तरीकाका आधारमा तपाईले शिक्षकलाई आफ्ना सुझावहरू दिएर पनि कक्षामा सहभागी हुन सक्नु हुन्छ अथवा सहभागी मात्र हुन सक्नु हुन्छ ।
   - निगरानी गर्नु होस्, रेकोर्ड गर्नु होस्, लेख्नु होस् । अवलोकन गर्दा उनीहरूमा मात्र ध्यान नदिनु होस् जुन बोलिरहेका छन् अथवा शिक्षकले सोधेका कुराको जवाफ दिइरहेका छन् । जुन सक्रियतापूर्वक भाग लिइरोखका छैनन् र किन छैनन् तिनीहरूलाई अवलोकन गर्नु होस् र ध्यान दिनुहोस् ।
   - कक्षा सकिएपछि पाँच जना विद्यार्थीहरूसंग (स्वेच्छानुसार) र शिक्षकसंग अन्तरवार्ता लिनु होस् ( यसमा बालिकाहरू र बालकहरू दुबै समावेश गर्न नविर्नोस् सम्भव भए बरावर संख्यामा)
   - शिक्षकसंग अन्तरवार्तालिएपछि तपाई उसलाई तपाईले के गर्नु भएको छ त्यो देखाउनु होस् । (उदाहरण, साधन १६: *लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू"* मा देखाइएको उदाहरण जस्तै कक्षा कोठाको नक्सा कोरेर)

## विद्यालय तहका तथ्यांक संकलन गर्न मार्ग निर्देशनहरू

६. सबै अवलोकनकर्ताहरूले आफ्ना कक्षामा जाँदा आउँदा आफू हिड्दै गर्दा निम्नलिखित कुराहरू टिप्दै विद्यालयको चारैतिर हेर्नु पर्दछ,

अ) विद्यालयका भित्ताहरूमा (पोष्टरहरूमा) पुरुषहरू र महिलाहरूका चित्रहरू

आ) बालिकाहरू र बालकहरूले ठाउँ कसरी ओगटेका छन् (उदाहरण, बालकहरू र बालिकाहरू दुबैका लागि पर्याप्त फर्निचर भएको, बस्ने व्यवस्था, चिकित्सा सुविधाहरू, निर्देशन र सल्लाह सेवा सुविधाहरू, फुटवल/बास्केटवल/लानटेनिस फील्ड, छुट्टाछुट्टै शौचालयहरूको प्रयोग र तिनको अवस्थिति, खानेपानी)

इ) अन्य निर्धारण गर्ने गुणहरू: खेलमैदानका सुविधाहरू, दुबै लिङ्गहरूका लागि अतिरिक्त कार्यकलापहरूका सुविधाहरू (उदाहरण, कला, खाना पकाउने कक्षा बालकहरूका लागि र खेलकूद बालिकाहरूका लागि)

७. विद्यालय अवलोकन गर्न जानुभन्दा पहिले सम्बन्धित निकायहरूबाट प्रशासनिक विद्यालय तथ्यांक संकलन गरिनु पर्दछ । तपाईले तिनीहरूलाई शिक्षक/प्रधानाध्यापकबाट त्यसलाई प्रमाणित गर्न सक्नु हुनेछ ।

८. यदि यो पहिले संकलन गरिएको छैन भने अवलोकन कर्ताहरूले भर्नाको जानारी र शिक्षकहरूका तथ्यांकहरू विद्यालयमा प्रधानाध्यापकबाट संकलन गर्न सक्नु हुन्छ ।

९. तपाईको अवलोकन फाराम भरिएको अतिरिक्त तलका 'बालबालिका खोज्ने' प्रश्नहरू सोध्नुहोस् :

अ) पत्ता लगाउनु होस् कि के विद्यालयसंग पछिल्ला तीनवर्षमा कतिजना बालक र बालिकाहरूले विद्यालय छोडेका छन् भन्ने अभिलेखछ ।

आ) पत्ता लगाउनु होस् कि के विद्यालयसंग विद्यालय उमेरका कति जना बालबालिकाहरू समुदायमा छन् भन्ने अभिलेख छ ।

इ) पत्ता लगाउनु होस् कि समुदायका कतिजना बालबालिकाहरू विद्यालय आएका छैनन् र कहिले पनि भर्ना नभएका होलान् (जस्तै, शारीरिक/मानसिक रूपमा चुनौतीपूण? मन्दबुद्धि, डिस्लेक्सिक विकास भएका बालबालिकाहरू जसका आमाबुवाले उनीहरूलाई घरमा राखेका छन्, ती बालबालिाहरू जुन काममा जान्छन्, शिशुको हेरचाह गर्ने, परिवारको पेशामा सहयोग गरिरहेका, विरामी परिरहेका सदस्यका हेरचार गर्ने, घरको काम गर्ने, र विद्यालयमा भर्ना नभएका) ।

ई) पत्ता लगाउनु होस् के विद्यालयले ती विद्यालय बाहिर रहेका बालबालिकाहरू र/अथवा तिनीहरूका आमाबुवाहरूसम्म पुग्न कहिले प्रयास गरेको छ जसले गर्दा उनीहरू विद्यालय आऊन् ।

## संश्लेषण गर्नु होस्

यदि तपाई धेरै पटक विद्यालय जानुभो र विद्यालय अवलोकन गर्नु भयो भने, तपाईलाई आफ्ना निष्कर्षहरूलाई तुलना गर्न साराँश फारामको आवश्यकता पर्न सक्दछ ।

## अवलोकन फारामहरूलाई अनुकूल बनाउनु होस्

तपाईलाई तपाईले अवलोकन गर्ने विद्यालय/कक्षा कोठाको सन्दर्भ अनुसार अवलोकन फारामलाई अनुकूल बनाउन प्रोत्साहित गरिन्छ । साधन १६ मा दिइएका फारामहरू सबै विद्यालय/कक्षा कोठाहरूका लागि उपयोगी हुन सक्दैनन् ।

जव तपाईं आफ्नै अवलोकन फारामहरू बनाउनु हुन्छ तपाई साधन-सामग्रीमा दिइएका अन्य सामग्रीहरू प्रयोग गर्न सक्नु हुन्छ, विशेषगरी, खण्ड २ मा दिइएका सामग्रीहरू: 'लैङ्गिकता अनुकूल प्रतिफल दिने शैक्षिक वातावरणका लागि साधनहरू' ।

# साधन १५ लैङ्गिकता अनुकूल प्रतिफल दिने सामुदायिक सिकाइ केन्द्रहरूको प्रवर्द्धन गर्दै

**लक्षित वर्गः** परियोजना/कार्यक्रम अधिकृतहरू, पठन पाठन सामग्री विकासकर्ताहरू, शिक्षकहरू/प्रधानाध्यापकहरू

*यस साधनले तपाईलाई सामुदायिक विकास केन्द्रहरूको वातावरण, व्यवस्थापन तथा दिइने तालीमको लैङ्गिक संवेदनशीलता तथा अनुकूल प्रतिफल दिने अवस्थाको मूल्यांकन गर्न र त्यसमा विचार गर्न मद्दत पुऱ्याउने छ ।*

## सहभागीहरू

१. प्रत्येक सामुदायिक सिकाइ केन्द्रको कोर्समा कति जना पुरुष र महिला सहभागीहरू भाग लिइरहेका छन् ?

- ती कोर्सहरूका प्रवृत्ति र फरकहरू पत्ता लगाउनु होस् जुन सामान्यतया पुरुषहरूद्वारा/अथवा महिलाहरूद्वारा लिइएका छन् ।

२. लिङ्ग छुट्याइएका उमेर समूहहरू कुन कुन हुन् ?

- के सामुदायिक सिकाइ केन्द्रमा जम्मा सहभागी पुरुषहरू र महिलाहरूको संख्या बरावर छ ?
- के पुरुषहरू अथवा महिलाहरू बढी छन् ?
- के महिला र पुरुष सहभागीहरूको समानुपातमा कुनै उमेर समूह विशेषको प्रवृत्ति छ ?

## शिक्षकहरू र सहजकर्ताहरू

३. सामुदायिक सिकाइ केन्द्रमा कति जना पुरुष र महिला शिक्षकहरू/सहजकर्ताहरू छन् ?

पुरुष र महिला शिक्षकहरू/सहजकर्ताहरूको संख्या टिप्नोस् ।

४. पुरुष र महिला शिक्षकहरू/सहजकर्ताहरूले कुन कुन विषय पढाउँछन् ?

- उनीहरूले पढाउने विषयहरूको विभिन्नता टिप्नूहोस् । के पुरुषहरूले सामान्यतया कुनै खास किसिमका विषयहरू अध्यापन गर्दछन् जवकि महिलाहरूले अर्को किसिमका विषयहरू अध्यापन गर्दछन् ?

## सुविधा र सिकाइ वातावरण

५. कक्षा/सत्रहरूको दौरानमा सजिलो अनुभव गर्न के कक्षा कोठाहरूमा/सिकाई वातावरणमा पुरुष र महिला सहभागीहरूका लागि पर्याप्त ठाउँछ (सीटहरू र टेवलहरू मिलाइएका तरिकाहरू, इत्यादि) ?

६. के पुरुषहरू/बालकहरू महिलाहरू/बालिकाहरू पोष्टरहरू/भित्ता सजावटमा बरावर संख्यामा यस्तो किसिमले चित्रित छन् जुन लैङ्गिक पूर्वाग्रहरू र रुढीबद्ध धारणाहरूबाट मुक्त छन् ?

- प्रत्येक पोष्टर र भित्ताको सजावटमा पुरुषहरू/बालकहरू र महिलाहरू/बालिकाहरूको संख्या टिप्नु होस् ।

७. के पुरुषहरू/बालकहरू र महिलाहरू/बालिकाहरूका लागि सामुदायिक सिकाइ केन्द्र सुरक्षित स्थानमा अवस्थित छ (अपराध/दुर्व्यवहार इत्यादिबाट) ?

८. के सामुदायिक सिकाइ केन्द्रको कोर्सहरूको अवस्थितिमा पुरुषहरू/बालकहरू र महिलाहरू/बालिकाहरूको सुविधाजनक पहुँच छ ?

९. पुरुषहरू/बालकहरू तथा महिलाहरू/बालिकाहरूका लागि कति वटा छुट्टाछुट्टै उपयोगी, स्वच्छ र ढोका लगाउन मिल्ने शौचालयहरू छन् ?

१०. के सामुदायिक सिकाइ केन्द्रमा बालिकाहरू र बालकहरूका लागि बाल मैत्री ठाउँ छ जस्तै खेलमैदान अथवा शिशु हेरचाह केन्द्र ?

## कोर्सहरू

११. कोर्सको समय के छ ?

- के कोर्सहरूका समय तालिकाले पुरुषहरू, महिलाहरू, बालकहरू र बालिकाहरूका जिम्मेवारीहरू र काम गर्ने समयको विचार गरेको छ?
- के कोर्स अहिले संचालन गर्ने भन्ने निर्णय गर्दा बालिकाहरू र बालकहरूको विद्यालयको समय तालिकाको विचार गरिएको छ ?

१२. के प्रदान गरिएका कोर्सहरूले पुरुषहरू/बालकहरू र महिलाहरू/बालिकाहरू दुबैलाई लक्षित गरेका छन् अथवा एउटा लिङ्ग प्रति विशेष झुकाव छ ?

१३. के पठनपाठन सामग्रीहरू लैङ्गिकता-अनुकूल प्रतिफल दिने किसिमका छन् र लैङ्गिक पूर्वाग्रहबाट मुक्त छन् ?

- तपाई साधन १३: "पठन-पाठन सामग्रीहरूको लैङ्गिकता-अनुकूल प्रतिफल दिने अवस्थाको विश्लेषण गर्दै" लाई हेर्न सक्नुहुनछ ।

१४. के महिलाहरू र पुरुषहरूका लागि पर्याप्त अध्ययन सामग्रीहरू छन् ?

१५. महिलाहरू र पुरुषहरूले कोर्समा के विषयवस्तु चाहन्छन् ?

- के यी विषयवस्तु उनीहरूका आवश्यकताहरूसंग मेल खान्छन् ?
- के महिलाहरू र पुरुषहरूका प्राथमिकताहरूमा विभिन्नता छन् ?
- के महिलाहरूले पुरुषहरूले चाहने भन्दा फरक किसिमका कोर्सहरू लिन चाहन्छन् ?

१६. सामुदायिक सिकाई केन्द्रहरूले प्रदान गर्ने सेवाहरू र कार्यक्रमहरूबाट महिलाहरू/पुरुषहरू र बालिकाहरू/बालकहरूले के अपेक्षा गरेका छन् ?

- के महिलाहरू र पुरुषहरू बीचका अपेक्षाहरूको स्तर र किसिममा कुनै फरक छ ?

## सामुदायिक सिकाइ केन्द्रका कोर्सहरू सम्बन्धी जानकारी

१७. के सामुदायिक सिकाइ केन्द्रका कोर्सहरू सम्बन्धि जानकारी सबै घरपरिवारका सदस्यहरूलाई पठाइ सकिएको छ ?

१८. के महिलाहरू र पुरुषहरू दुवैसंग सामुदायिक सिकाइ केन्द्रका कोर्सहरू सम्बन्धि जानकारी छ ?

१९. के महिलाहरू र पुरुषहरू दुबै सामुदायिक सिकाइ केन्द्र सम्बन्धि जानकारीका लागि सम्पर्क व्यक्तिसंग सोधपुछ गर्न सजिलो मान्छन् ।

## व्यवस्थापन

२०. के सामुदायिक सिकाइ केन्दको व्यवस्थापन समितिमा महिलाहरू र पुरुष सदस्यहरूको संख्यामा सन्तुलन छ ?

२१. महिला समिति सदस्यहरूका विशेष भूमिकाहरू र उपाधिहरू के के हुन् ?

२२. के उनीहरू निम्नलिखित कुरामा भाग लिन्छन् ?

- आवश्यकता मूल्यांकन ?
- योजना निर्माण ?
- पाठ्क्रम विकास ?
- कार्यान्वयन/संगनका क्रियाकलापहरू ?
- अनुमगन र मूल्यांकन ?

२३. उनीहरूले कुन किसिमका निर्णयहरू गर्दछन् ?

२४. समितिले पुरुष र महिला सहभागीहरूका आवश्यकताहरूको कसरी पहिचान गर्दछ ?

२५. के उनीहरूले पुरुष र महिला दुवै सहभागीहरूसंग सरसल्लाह गर्दछन् ?

२६. के व्यवस्थापन समितिको छनौट/निर्वाचन प्रक्रियाले पुरुषहरू र महिलाहरू दुवैलाई समितिको अंगको रूपमा काम गर्न समान रूपले अवसरहरू प्रदान गर्न प्रोत्साहित गर्दछ ?

- समितिका सदस्यहरू कसरी छानिन्छन् अथवा निर्वाचित हुन्छन् ?
- के उनीहरू स्वेच्छिक आधारमा निर्वाचित हुन्छन् ?
- के उनीहरूले केही सहयोग पाउँदछन् ? यदि हो भने, कसबाट ?
- के महिलाहरू र पुरुषहरूले आफूलाई सदस्यमा मनोनयनका लागि समान सहयोग पाउँदछन् ?

२७. सामुदायिक सिकाइ केन्द्रलाई कसले निरीक्षण गर्दछ ?

- के यी महिला अथवा पुरुष हुन् ?
- आफ्नो निरीक्षणको दौरानमा उनले कसलाई भेट्दछन् ?
- के उनले सामुदायिक सिकाइ केन्द्रका पुरुष/महिला कर्मचारीहरूलाई समान रूपमा भेट्दछन् ?

# उपयोगी स्रोत-साधनहरू

## साधन १६ लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकन फारामहरू[३०]

**लक्षित वर्गः** शिक्षकहरू/प्रध्यानापक, शिक्षक, प्रशिक्षकहरू, अनुसन्धानकर्ताहरू ।

*तपाइले यी साधनहरूलाईँ एउटा विद्यालयको निरीक्षण अथवा कक्षा अवलोकनका दौरानमा प्रयोग गर्न सक्नु हुन्छ । परिणामहरूको विश्लेषणले तपाइलाई विद्यालयमा र कक्षा कोठाको वातावरणका साथै अध्ययन अध्यापनको प्रक्रियामा लैङ्गिक पूर्वाग्रहहरू/मुद्दाहरू पहिचान गर्न मद्दत पुऱ्याउने छन् ।*

*यहाँ प्रस्तुत गरिएका फारामहरू सह-शिक्षा भएका प्राथमिक विद्यालयको अवलोकन का लागि बनाइएका छन् । यदि अवलोकन शिक्षाको भिन्न तह अथवा एउटै लिङ्गका विद्यालयहरूमा गरिएको खण्डमा यिनीहरूलाई अनुकूल बनाउनु पर्ने छ ।*

*प्रश्नहरूलाई सन्दर्भ अनुसार अनुकूल बनाइ प्रयोग गर्नु पर्दछ । कृपया साधन १४: "लैङ्गिकता अनुकूल प्रतिफल दिने विद्यालय अवलोकनका लागि मार्ग दर्शन" लाई पनि हेर्नु होस् ।*

---

३० टेवलहरू प्रश्नका सूचीहरू र शिक्षक/विद्यार्थी अन्तरवार्ता प्रश्नावलीहरू प्रारम्भमा युनेस्को सल्लाहकार, शर्ली मिस्केले निर्माण गरेका हुन् । त्यो बेलादेखि यिनीहरूलाई अनुकूल बनाई प्रयोगमा ल्याइएको ।

## फाराम # १ - विद्यालय सम्बन्धी जानकारी

विद्यालयका प्रधानाध्यापकलाई सोध्नुस् अथवा पहिले नै विद्यालयको अभिलेखबाट संकलन गर्नु होस् ।

१. प्रत्येक कक्षामा र विद्यालयका नेताहरूमा कति जना विद्यार्थीहरू महिलाहरू/पुरुषहरू छन् ?

**टेबुल १: विद्यालयका विद्यार्थीहरूबारे जानकारी**

| विद्यालयमा विद्यार्थीहरू | बालिका | बालक | जम्मा | कक्षा मोनिटर/ नेता बालिका वा बालक ? | सहायक मोनिटर बालिका/बालक? |
|---|---|---|---|---|---|
| कक्षा विद्यार्थीहरू # ...... | | | | | |
| कक्षा विद्यार्थीहरू # ...... | | | | | |
| कक्षा विद्यार्थीहरू # ...... | | | | | |
| कक्षा विद्यार्थीहरू # ...... | | | | | |
| कक्षा विद्यार्थीहरू # ...... | | | | | |
| कक्षा विद्यार्थीहरू # ...... | | | | | |

२. विद्यालयमा कति जना शिक्षकहरू महिला/पुरुष छन् ? ........................

३. के उनीहरूले उस्तै योग्यता र तालीम प्राप्त गरेका छन् ? ........................

**टेवुल २: विद्यालयका शिक्षकहरूबारे जानकारी**

| | कक्षा | योग्यता | तालिम | लिङ्ग |
|---|---|---|---|---|
| शिक्षक १ | | | | |
| शिक्षक २ | | | | |
| शिक्षक ३ | | | | |
| ............. | | | | |

४. के विद्यालयका प्रधानाध्यापक पुरुष/महिला छन् ? ........................

५. विद्यालयमा कतिवटा सहायक प्रधानाध्यापकहरू छन् ? ........................

६. उनीहरूको वितरण कसरी छ (पुरुष/महिला) ? ........................

अ) के बालिकाहरू र बालकहरूले समान पाठ्यक्रम पढ्दछन् (माध्यमिक विद्यालयका विद्यार्थीहरूको हकमा तपाईले सोध्न सक्नु हुन्छ कि के उनीहरूले समान विषयहरू पढ्द छन्) ?

आ) यदि होइन भने, बालिकाहरूले बालकहरूले नपढ्ने कुन विषय पढ्दछन् ?

इ) यदि होइन भने, बालकहरूले बालिकाहरूले नपढ्ने कुन विषय पढ्दछन् ?

## फाराम # २ - कक्षा कोठाको नक्सा

१. कक्षा कोठाको एउटा नक्सा कोर्नु होस् (कृपया निम्नलिखित उदाहरणहरू हेर्नु होस्) अगाडिको पछाडिको ढोका, झ्याल, बोर्ड, पंखाहरू, र हिटरहरू देखाउनु होस् ।

२. बालिकाहरू र बालकहरू कहाँ बस्दछन् ?

अ) बालिकाहरूको लागि "+" र बालकहरूको लागि "o" र शिक्षकहरूको लागि "x" चिन्ह दिनु होस् । के विद्यार्थीहरूको बस्ने क्रम लिङ्ग अनुसार छुट्याइएको छ ?

आ) शिक्षकको नजिक बस्ने विद्यार्थीहरूसंग बढी प्रश्न सोधिने गरिन्छ अथवा शिक्षकको बढी ध्यान तिनीहरू तर्फ जान्छ ।

इ) बालिकाहरू र बालकहरू शिक्षकको हिसावले कक्षा कोठामा कहाँ बस्दछन्? ती बालिकाहरू र बालकहरूको गन्ती गर्नुहोस् जुन शिक्षकहरूको सबैभन्दा नजिक बस्दछन् (अर्थात पहिलो पंक्तिका सबै विद्यार्थीहरू अथवा शिक्षकको सबैभन्दा नजिक बस्ने १० जना विद्यार्थीहरू)

ई) के बस्ने व्यवस्था शिक्षकद्वारा निर्धारित हुन्छ ? अथवा विद्यार्थीहरू आफूखशी बस्दछन् ?

३. जव शिक्षकले कक्षामा यताउता हिंड्छन् के उनीले कुरा गर्नका लागि बालिकाहरू र बालकहरूको नजिक समान रूपमा रोकिन्छन् ?


अ) शिक्षक जहाँ हिड्छन् त्यसलाई एउटा विन्दुको पक्तिले देखाउनु होस् । प्रत्येक पटक शिक्षक जहाँ कुरा गर्न रोकिन्छन् बालक/बालिकालाई देखाउन एउटा बाणको चिन्ह दिनु होस् ।

आ) जव शिक्षकले प्रश्न सोद्धछन् के उनीले कुनै एउटा विशेष विद्यार्थीलाई हेर्दछन्? यदि हो भने, के त्यो एउटा बालक/बालिका हो ?

इ) कक्षा समाप्त भएपछि शिक्षकले कति पटक बालिकाहरू र बालकहरूसंग कुरा गरे त्यसको अभिलेख राख्नु होस् ।

शिक्षक र विद्यार्थीहरू बीच भएको प्रश्नउत्तरको गुणस्तर तर्फ पनि ध्यान दिनु पर्दछ (संख्यात्मक मात्रै होइन) ।

**कक्षा कोठाको नक्साको उदारहण**



## फाराम # ३: कक्षा कोठा सम्बन्धी जानकारी

१. के अध्ययन अध्यापन क्रियाकलापमा विद्यार्थी समूह छलफल प्रयोगमा ल्याइएको छ ?

२. यदि हो भने, बालिकाहरू र बालकहरू संगसंगै कसरी काम गर्दछन् ?

३. के भित्तामा टाँसेका तस्वीर/चार्टहरूमा पुरुष र महिलाहरूका चित्रहरू समान संख्यामा छन् ?

४. के यी महिला र पुरुषहरूका चित्रहरू लैङ्गिक रुढीबद्ध धारणाका हिसावले चित्रित गरिएका छन् ?

**टेबल ३: भित्ते पोष्टरहरू**

| | # बालिकाहरू/महिलाहरू | # बालकहरू/पुरुषहरू |
|---|---|---|
| भित्ते पोष्टरहरू (जम्मा #:) | | |

५. के सामग्रीहरूमा बालिकाहरू र बालकहरूको समान पहुँच छ ?

तपाइले अवलोकन गरेका कक्षा पढाइका दौरानमा बालिकाहरू र बालकहरूले प्रयोग गरिरहेका पाठ्यपुस्तकहरूको संख्या गन्ती गर्नु होस् । के प्रत्येक बालबालिकासंग एउटा कलम अथवा पेन्सील र कापी छ ?

**टेबुल ४: सामग्रीहरूमा पहुँच**

| | # पाठ्यपुस्तकहरू | # पेन्सीलहरू र कलमहरू | # कापीहरू |
|---|---|---|---|
| # उपस्थित बालिकाहरू ..... | | | |
| # उपस्थित बालकहरू ..... | | | |

६. के कक्षा कोठामा बालकहरू र बालिकाहरू दुबैका लागि पर्याप्त प्रकाश छ?

७. यदि कक्षा कोठामा टेवलहरू र कुसीहरू छन् भने के प्रत्येक बालबालिका संग एउटा एउटा छ ?

कति वटा बालकहरूसंग कुर्सीहरू छैनन् ? ...................................
कति वटा बालिकाहरूसंग कुर्सीहरू छैनन् ? ...................................

८. के कक्षा कोठामा पंखा अथवा हिटरको व्यवस्था छ ?

९. के हावा/गर्मी प्रत्येक बालबालिकाहरूसम्म पुग्दछ ?

१०. के बालिकाहरू र/अथवा बालकहरूलाई सम्बोधन गरिएका कुनै अपशव्दहरू प्रयोग भएका अथवा डेस्क, टेबुल वा भित्तामा लेखिएका छन् ?

## फाराम #४: शिक्षकले विद्यार्थीहरूलाई बोलाउने/विद्यार्थीहरूले बोर्डमा लेख्ने

१. कक्षा पढाइका दौरानमा शिक्षकले कति पटक एउटा बालिका अथवा एउटा बालकलाई बोलाउँछन् ? निम्नलिखित बक्समा एउटा टीक (√) चिन्ह दिनु होस् । त्यसपछि टीकहरूको जम्मा संख्या गन्ती गर्नु होस् ।

२. कक्षा पढाइको दौरानमा बालिकाहरू अथवा बालकहरू चक बोर्डमा लेख्न कति पटक जान्छन् ?

**टेबलु ५: बालिकाहरु र बालकहरू कति पटक कक्षामा सहभागी हुन्छन् ?**

| | बालिकाहरू | बालकहरू | जम्मा |
|---|---|---|---|
| शिक्षकले विद्यार्थीलाई बोलाउँछन् | | | |
| विद्यार्थी बोर्डमा लेख्न जान्छन् | | | |

३. शिक्षकका लागि बोर्ड कसले सफा गर्दछ ? एउटा बालकले अथवा एउटा बालिकाले ?

बोर्ड सफा गर्न कसरी काम बाँडिएको छ, शिक्षकसंग सोध्नु होस् ।

## फाराम #५ : पाठ्यपुस्तक विश्लेषण

पाठ्यपुस्तकहरूको छानविन गर्नु होस् ।

१. के पाठ्यपुस्तकहरूमा बालिकाहरू र बालकहरू समान रूपले र सही किसिमले चित्रित गरिएका छन् ?

अ) के तस्वीरहरूमा बालिकाहरू र बालकहरूको बरावर संख्या छ ? (बालिकाहरू र बालकहरूको जम्मा संख्या गन्ती गर्नु होस् )

आ) के बालिकाहरू र बालकहरू उस्तै उस्तै कामहरू गरिरहेका छन् ?

तस्वीरहरूमा बालकहरूले के गरिराखेका छन् ? बालिाहरूले के गरिराखेका छन् ? के उनीहरूले रुढीबद्ध धारणा अनुसारका भूमिकाहरू निर्वाह गरेका छन् ?

**टेबुल #६ : पाठ्यपुस्तकहरूमा तस्वीरहरू**

| | # बालिकाहरूको तस्वीर | # बालकहरूको तस्वीर | # बालिकाहरू देखिएको पटक | # बालकहरू देखिएको पटक |
|---|---|---|---|---|
| पाठ्यपुस्तकको # पाना ............... | | | | |

२. तस्वीरहरूमा बालिकाहरू र बालकहरूले के गरिराखेका छन् ?

के यी कार्यकलापहरू लैङ्गिक-रुढीबद्ध धारणाहरू अनुसार छन् (जस्तै आमाहरूले सधैं शिशु समाती राखेका अथवा पकाइरहेका बालकहरूले सधैं फुटबल खेलिरहेका, बुवाहरूले टिभी हेरिरहेका अथवा समाचारपत्र पढिराखेका) ?

**टेबुल #७: कार्यकलापहरू**

| बालिकाहरू के गरिराखेका छन् ? | बालकहरू के गरिराखेका छन् ? |
|---|---|
| | |

## फाराम # ६: विद्यालय आँगन र भोजनालयको अवलोकन

विद्यालय आँगनको छानविन गर्नु होस् ।

१. कक्षा छुट्टी भएको बेला विद्यार्थीहरूलाई खेलकूद मैदानमा अवलोकन गर्नु होस्।

अ) बालिकाहरूले के गरिराखेका छन् ?

आ) बालकहरूले के गरिराखेका छन् ?

इ) के बालिकाहरू र बालकहरूले खेलकूद मैदानमा समान ठाउँ ओगटेका छन् ?

२. के बालिकाहरू र बालकहरूका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था छ ?

अ) के ती सबै राम्ररी काम गरिराखेका छन् ?

आ) के बालिकाहरू र बालकहरूको संख्याको आधारमा पर्याप्त शौचालयहरूको व्यवस्था छ ?

विद्यार्थीहरूले खाजा खाईरहेको बेला भोजनालयको छानविन गर्नु होस् ।

१. के भोजनालयमा (अथवा तिनीहरू जहाँ वसेर खाजा खान्छन्) विद्यार्थीहरूलाई बस्ने व्यवस्था तोकिएको छ अथवा उनीहरू आफूखुशी बस्न सक्दछन्?

२. के बालिकाहरू र बालकहरू उनीहरूले चाहे अनुसार संगै बस्न सक्दछन् ?

३. के विद्यार्थीहरूले आफ्ना प्लेटहरू आफै सफा गर्दछन् अथवा अरू सफा गर्ने काम गर्दछन् ?

४. के बालिकाहरू र बालकहरू छुट्टा छुट्टै कामहरू गर्दछन् ?

## फाराम # ७: अन्तरवार्ताहरू

शिक्षकसंग अन्तरवार्ता गर्नुस र उनीलाई निम्नलिखित कुरा सोध्नु होस् ।

१. तपाइको विचारमा कति जना बालकहरूले माध्यमिक विद्यालयमा प्रवेश गर्ने छन् ?

२. तपाइको विचारमा कति जना बालिकाहरूले माध्यमिक विद्यालयमा प्रवेश गर्ने छन् ?

३. कक्षामा सबैभन्दा पहिला हुने दुईटा बालिकाहरूको विचार गर्नु होस् । तपाईको विचारमा उनीहरूले आफ्नो पढाइ सिध्याए पछि के काम गर्नेछन् ? किन ?

४. कक्षामा सबैभन्दा पहिला हुने दुईटा बालकहरूको विचार गर्नु होस् । तपाईको विचारमा उनीहरूले आफ्नो पढाइ सिध्याए पछि के काम गर्नेछन् ? किन ?

५. कक्षा नेताहरू कसरी छानिन्छन् ?

६. यो कक्षामा कक्षा नेता (मनिटर) को छन् (बालिका अथवा बालक) ?

७. उनीहरूका काम कर्तव्यहरू के के हुन्छन् ?

८. तपाईको कक्षा उप-नेता (मनिटर) को छ (बालिका अथवा बालक) ?

९. उनीहरूको काम कर्तव्यहरू के हुन्छन् ?

१०. विद्यालयका नेताहरू (नेता/उप-नेता) कसरी छानिन्छन् ?

११. उनीहरूका काम कर्तव्यहरू के के हुन्छन् ?

यदि उपलव्ध भएमा

**टेवल # ८: विद्यार्थी उपलव्धि - ... .... .... कक्षाका पहिला हुने २० विद्यार्थीहरू**

| | गणित | भाषा | विज्ञान |
|---|---|---|---|
| # बालिकाहरू | | | |
| # बालकहरू | | | |

विद्यार्थीहरूसंग अन्तरवार्ता गर्नु होस् । ५ जना बालिकाहरू र ५ जना बालकहरूसंग सोध्नु होस् ।

१. तपाई आफ्नो कक्षामा कहाँ बस्नु हुन्छ ? के तपाई त्यहाँ बस्न रुचाउनु हुन्छ?

२. के तपाई कोठामा कक्षामा अक्सर भाग लिनु हुन्छ (शिक्षक अथवा कक्षा सहपाटीसंग कुरा गर्ने र बोर्डमा गएर लेख्ने) ?

३. के तपाई विद्यालय जान र आफ्नो कक्षामा बस्न मन पराउनु हुन्छ ? किन पराउनु हुन्छ अथवा किन पराउनु हुन्न ?

४. तपाईको सबैभन्दा रुचिको विषय के हो ?

५. तपाईले मन नपराउने विषय के हो ?

६. तपाईले कति सम्म पढ्ने आशा गर्नु हुन्छ (निम्नमाध्यमिक, उच्च माध्यमिक, विश्वविद्यालय, अन्य) ? तपाईको विचारमा कुन कक्षासम्म तपाईले अध्ययन गर्न सक्नु होला ?

७. तपाईको विद्यालयको पढाई सिद्धिए पछि तपाईले कुन किसिमको काम गर्न चाहनु हुन्छ ?

८. बालिकाहरू/महिलाहरूले कुन किसिमका काम गर्नु पर्दछ ? किन ?

९. बालकहरू/पुरुषहरूले कुन किसिमका काम गर्नु पर्दछ ? किन ?

# भाग ३

# लैङ्गिकता अनुकूल प्रतिफल दिने शिक्षा व्यवस्थापनका लागि साधनहरु



# साधन १७(अ) शिक्षामा लैङ्गिकताको मूलप्रवाहीकरण

**लक्षित वर्ग:** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू

## शिक्षामा लैङ्गिकताको मूलप्रवाहीकरण भनेको के हो ?

**शिक्षामा लैङ्गिकताको मूलप्रवाहीकरण** शिक्षा पद्धतिका सबै तहमा थालनी गरिने नीति नियम अथवा कार्यक्रमहरू लगायतका कुनै पनि योजनाबद्ध कार्यको बालिकाहरू र बालकहरू/महिलाहरू र पुरुषहरूमा पर्ने प्रभावको मूल्यांकन गर्ने प्रक्रिया हो । यो बालिकाहरू र बालकहरू/महिलाहरू र पुरुषहरूका मुद्दाहरू र अनुभवहरूलाई शिक्षा नीतिहरू र कार्यक्रमहरूको निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका अभिन्न अंग बनाउने रणनीति हो जसले गर्दा बालिकाहरू र बालकहरू/महिलाहरू र पुरुषहरू समान रूपले लाभान्वित होऊन् र असमानता नलम्बियोस् । अन्तिम लक्ष्य शिक्षामा लैङ्गिक समानता प्राप्त गर्नु हो ।

## संयुक्त राष्ट्र संघ इकोसोक (ECOSOC) प्रस्ताव १९९७/२ बाट लिइएको

लैङ्गिकताको मूलप्रवाहीकरण चक्र (साधन १७(आ): *'लैङ्गिकताको मूलप्रवाहीकरण चक्र' हेर्नु होस्)* को चित्रले लैङ्गिकताको मूलप्रवाहीकरणका दुईटा प्रमुख तत्वहरू चित्रण गर्दछ :

१) लैङ्गिकताको मूलप्रवाहीकरण महिलाहरू र पुरुषहरूका आवश्यकताहरू तथा अनुभवहरूलाई योजना र कार्यान्वयन चक्रका प्रत्येक चरणको निर्णय प्रक्रियाका एकीकृत गर्न प्रयोग गरिने एउटा प्रयास हो ।

२) लैङ्गिकताको मूलप्रवाहीकरणको मुटु भनेको लैङ्गिकता अनुकूल प्रतिफल दिने सांगठनिक संस्कृति हो । संगठन आफैले लैङ्गिक समानता अघि बढाउन प्रतिवद्ध रहन्छ र चाहन्छ कि प्रत्येक कर्मचारीले, प्रत्येक तहमा, यस्तो गरोस् । विभिन्न पृष्ठभूमिबाट आएका र विभिन्न तहमा काम गरिरहेका सबै कर्मचारीहरू (चाहे पुरुष होउन अथवा महिला) ले संगठनका आवश्यकताहरूलाई सकारात्मक किसिमले हेरुन र लैङ्गिक समानतालाई आत्मसात गरुन् तथा आफ्नो दैनिक कार्यमा र एक अर्कासंगको व्यवहारमा यसलाई सक्रियताका साथ अगाडि बढाउनु ।

लैङ्गिकताको मूलप्रवाहीकरण सबै शिक्षण संस्थाहरूमा, चाहे ती निजी होउन् वा सार्वजनिक, सरकारी र अन्तर्राष्ट्रिय संगठनहरूमा, जसको शिक्षामा सरोकार छ, संचालन गरिनु पर्दछ ।

## लैङ्गिकताको मूलप्रवाहीकरण किन आवश्यक छ ?

लैङ्गिकताको-मूलप्रवाहीकरण शिक्षामा अथवा अन्य कुनै पनि क्षेत्रमा लैङ्गिक समानता प्राप्त गर्ने प्रयासहरूको दिशामा अन्तिम प्रक्रिया हो । जबैसम्म कुनै पनि देश शिक्षामा (साथै अन्य क्षेत्रहरूमा) लैङ्गिकताको-मूलप्रवाहीकरणको लक्ष्य पूर्णतया प्राप्त गर्न सफल हुँदैन, त्यस अवस्थामा पुग्नका लागि विशेष प्रयासहरूको आवश्यकता रहन्छ । विभिन्न देशहरू लैङ्गिकताको-मूलप्रवाहीकरणका विभिन्न चरणमा छन्, र लगभग सबै यसलाई पूर्णतया प्राप्त गर्न अझै टाढा छन् ।

## लैङ्गिक-मुद्दाहरूको मूलप्रवाहीकरणका फायदाहरू के के हुन् ?

- सफल कार्यक्रमहरू

  यदि कार्यक्रम निर्माणको प्रक्रियाका सबै चरणहरूमा महिलाहरू र पुरुषहरू दुबैका अभिरुचिहरू र अनुभवहरूमा ध्यान दिइयो भने कार्यक्रमका उद्देश्यहरू प्राप्त गर्ने सम्भावना बढी रहन्छ । यस किसिमले लक्षित सबै लाभग्राहीहरूका आवश्यकताहरू र अभिरुचिहरू सन्तुष्ट हुने बढी सम्भावना रहन्छ ।

- बजेटको प्रभावकारिता

  जहाँ लैङ्गिक मुद्दाहरूको मूलप्रवाहीकरण भएको छ कार्यक्रमको सफलताको अर्थ हुन्छ कि बजेट प्रभावकारी किसिमले विनियोजन गरिएको थियो र असफलताहरूको इलाजका लागि कुनै अतिरिक्त खर्चको आवश्यकता रहने छैन, किनभने महिलाहरू र पुरुषहरूका फरक फरक आवश्यकताहरू बजेट बनाउने बेला प्रारम्भमा नै विचार गरिएका छन् ।

- संगठनभित्र र समाजमा प्रजातन्त्रको अभिबृद्धि हुने

  यदि महिलाहरू र पुरुषहरू दुबैले निर्णयहरू र प्रक्रियाहरूलाई आकार दिन्छन् तथा परिणामहरूमा सहभागी हुन्छन् भने एउटा संगठन बढी प्रजातान्त्रिक र बहुमतको कदर गर्ने हुन जान्छ ।[३१]

- विभेदको अन्त हुने

विभेद सतहमा आउँछ र यसलाई हटाउन सकिन्छ ।[३२]

## यसलाई कसरी सफल तुल्याउने ?

लैङ्गिकता-मूलप्रवाहीकरणलाई सफल पार्ने धेरै तरिकाहरू छन् र यसै प्रक्रियामा अनेक संघसंस्थाहरूले आफ्नो भूमिका खेल्न सक्दछन् । तपाई जुनसुकै तहमा काम गरिरहनु भएको भएता पनि, चाहे मन्त्रालयमा उच्च तहमा अथवा एउटा विद्यालयमा एउटा शिक्षक/प्रधानाध्यापक, तपाईले केही परिवर्तनहरूको नेतृत्व गर्न सक्नु हुन्छ जसले लैङ्गिकता-मूलप्रवाहीकरण तर्फ डोऱ्याउँछन् ।

शिक्षामा लैङ्गिकता-मूलप्रवाहीकरणको अनुगमन गर्ने योजना सहितको एएटा रणनीति लिनु जरुरी छ । यो रणनीतिमा निम्नलिखित कदमहरू समावेश हुन सक्दछन् :

- एउटा लैङ्गिक समानताको नीति विकास गर्ने र कार्यान्वयन गर्ने

  तपाईको संगठनले लैङ्गिक असमानताहरूलाई सम्बोधन गर्न आफ्नो संगठनभित्र तथा कार्यक्रम निर्माण र कार्यान्वयन दुबैमा प्रतिवद्धता व्यक्त गर्नु पर्दछ । नीतिले स्पष्ट उद्देश्यहरू निर्धारण गर्नु पर्दछ, जिम्मेवारीहरू कोर्नु पर्दछ र लैङ्गिक समानता प्राप्त गर्ने दिशामा भएको प्रगतिको मूल्यांकन गर्ने प्रक्रिया प्रारम्भ गर्नु पर्दछ ।

- लैङ्गिक-विश्लेषण संचालन गर्ने

  लैङ्गिकता अनुकूल प्रतिफल दिने योजना तथा कार्यक्रम निर्माण गर्ने दिशामा लैङ्गिक विश्लेषण महत्वपूर्ण हुन्छ । यसमा महिलाहरू र पुरुषहरू बीचका फरकहरू, समानताहरू र आपसी व्यवहारहरू बुझ्नका लागि लिङ्ग छुट्याइएका सूचनाहरू र अनुभवहरूको संकलन र मूल्यांकन समावेश गरिन्छ । यसले महिलाहरू र पुरुषहरू दुबैका विशिष्ट क्रियाकलापहरू, अवस्थाहरू, आवश्यकताहरू, स्रोत साधनमा पहुँच र स्वामित्व विकास, प्रतिफलहरूमा पहुँच र निर्णय गर्ने शक्तिको छानविन गर्दछ । त्यसपछि यसले बृहत् सामाजिक, आर्थिक, राजनीतिक र वातावरणीय सन्दर्भमा यिनीहरूको आपसी सम्बन्धको अध्ययन गर्दछ ।[३३]

---

३१ WWW-fit for-gender.org. Angelika Blickhauser and Henning Von Bargen, Berlin, 2007.

३२ Ibid

३३ UNESCO Paris, Handbook for Gender Focal Points in UNESCO, National Commissions, June 2005 बाट लिइएको

"शिक्षा क्षेत्रमा लैङ्गिक विश्लेषण बालकहरू र बालिकाहरू/पुरुषहरू र महिलाहरूले शिक्षा पद्धतिमा भाग लिने भिन्ना भिन्नै किसिमहरूको विचार गरेर प्रारम्भ हुनेछ । यसमा कुनै एएटा समयमा विद्यालयमा भर्ना हेर्ने कुरामात्र आउँदैन, यसमा कक्षा पूरा गर्ने मुद्दाहरू, बढी उच्च तहमा स्थानान्तर दरहरू, विभिन्न गुणस्तरका मुद्दाहरू आदि पनि समावेश हुन्छन् । दोस्रो, मूलप्रवाहीकरण रणनीतिको अंगका रूपमा लैङ्गिक विश्लेषणले संरचनाहरू र प्रक्रियाहरूको पहिचान गर्न खोज्ने छ - ऐन नियमहरू, सामाजिक र राजनीतिक संस्थाहरू, सांस्कृतिक चालचलनहरू, अध्ययन-अध्यापन संस्थाहरूका कामकारवाहीहरू इत्यादि । यस अभ्यासमा परिणाम स्वरूप निस्केका शिक्षा नीतिहरू, कार्यक्रमहरू र परियोजनाहरूले पुरुषहरू र महिलाहरू दुबैलाई सेवा पुऱ्याउने छन् र समग्रमा शिक्षा क्षेत्रमा अझ समान लैङ्गिक सम्बन्ध प्राप्तिमा योगदान गर्नेछन् ।"[३४]

  - लैङ्गिक विश्लेषणमा अवश्यमेव संख्यात्मक र गुणात्मक दुबै विधिहरूको प्रयोग समावेश हुने गर्दछ । तपाईले यस साधन-सामग्रीमा दिइएका अथवा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरूले प्रदान गरेका अन्य सामग्रीहरू प्रयोग गर्न सक्नु हुन्छ (सन्दर्भ सामग्री खण्डलाई हेर्नु होस्) ।

- लैङ्गिक विश्लेषण निचोडहरूका आधारमा कामकारवाही गर्ने

  संचालन गरिएको लैङ्गिक विश्लेषणले ती यथार्थताहरूमा प्रकाश पारेको हुन सक्दछ जुन यस अघि कहिले पनि थाहा भएका अथवा सम्बोधन गरिएको थिएनन् । त्यसैले अवको कार्य भनेको यस्ता नीतिहरू, कार्यक्रमहरू र परियोजनाहरूको निर्माण र कार्यान्वयन गर्नु हो जसले महिलाहरू र पुरुषहरू दुबैका विभिन्न आवश्यकताहरू र अभिरुचिहरूको परिपूर्ति गर्दछन् ।

  विशिष्ट सन्दर्भ र अवस्थाको आधारमा लैङ्गिक विशेष प्रयासहरूले उनीहरूलाई विकास प्रयासहरूबाट समान रूपमा लाभान्वित हुन समर्थ बनाउन र त्यसमा सहभागी हुन महिलाहरूलाई मात्र, पुरुषहरू र महिलाहरू दुबैलाई अथवा पुरुषहरूलाईमात्र लक्षित गर्न सक्दछन् । केही उपायहरू अस्थायी हुन सक्दछन्, जबकि अरूहरू दीर्घकालीन हुन सक्दछन् । अस्थायी उपायहरू भूतकालमा विभेदहरूका प्रत्यक्ष अथवा अप्रत्यक्ष परिणामहरू विरुद्ध लड्न आवश्यक हुन्छन्।

- लैङ्गिकता-अनुकूल प्रतिफल दिने बजेट प्रक्रिया कार्यान्वयन गर्ने लैङ्गिकताको मूल प्रवाहीकरण रणनीतिको एउटा महत्वपूर्ण अंग हो लैङ्गिक - बजेट प्रक्रिया (हेर्नु होस्, साधन १८: *"शिक्षामा लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था")* ।

- लैङ्गिक सम्पर्क व्यक्ति/समूहको नियुक्ति

  तपाईको संगठनभित्र लैङ्गिक मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने दिशामा थालिएका प्रयासहरूलाई यदि यिनीहरूलाई एउटा कर्मचारी अथवा एउटा समूहद्वारा अनुगमन गर्ने गरियो भने थप सुदृढ गर्न सकिन्छ ।

  लैङ्गिक सम्पर्क व्यक्ति अथवा एउटा समूहले एउटा स्रोत तत्व (जस्तै तालीमका लागि) को सेवा दिन सक्दछ र सबै कर्मचारीहरूलाई लैङ्गिक मुद्दाहरूबारे सूचना प्रवाह गर्ने जिम्मेवार हुन सक्दछ ।

  उसले/उनीले सबै निर्णय प्रक्रियाहरूमा सक्रियतापूर्वक भाग पनि लिन सक्दछन् अथवा यसका विपरीत सल्लाहकारको रूपमा काम गर्न सक्दछ/छन् । सम्पर्क व्यक्तिका दीर्घकालीन उद्देश्यहरू र कार्यकलापहरूलाई विशिष्ट काम, कर्तव्य र जिम्मेवारीको अभिलेखद्वारा बैधानिक बनाउन सकिन्छ । थप तलव अथवा अन्य जिम्मेवारीहरूको कटौती जस्ता थप आकर्षणहरूको पनि योजना गर्न सकिन्छ जसले गर्दा सम्पर्क व्यक्ति (समूह) ले यस नयाँ कामलाई थप बोझका रूपमा नलिउन् र उनको प्रतिवद्धतामा कमी नआओस् ।

३४ OECD-DAC, 1999, as found in Ramya Subramanian, Gender in Primary and Secondary Education, Common Wealth Secretariat, 2007, p. 121.

- लैङ्गिक मुद्दाहरूमा तालीम कर्मचारीहरू

  तालीम अतिनै मूल्यवान छ किनभने तालीम प्राप्त कर्मचारीहरूले निम्नलिखित कुराहरू गर्न सक्दछन् :

  – लैङ्गिक मुद्दाहरूलाई बुझ्न सक्दछन् र तिनीहरू उनीहरूका सन्दर्भमा कसरी देखा पर्दछन् विचारगर्न सक्दछन् ।

  – सबै तहमा र सबै कार्यकलापहरूमा लैङ्गिक असमानतालाई हल गर्नु पर्ने आवश्यकतालाई बुझ्न सक्दछन् ।

  – लैङ्गिक समानताको प्रवर्द्धन गर्न र यसलाई सुदृढ पार्न आफ्नो व्यवहार र कार्यविधिहरूलाई समायोज गर्न सक्दछन् ।

  – लैङ्गिकता-अनुकूल प्रतिफल दिने निर्णयहरू गर्न सक्दछन् ।

  – लैङ्गिक-समानताको महत्व बारे अन्य धेरैलाइ विचार फैलाउन सक्दछन्।

तालीम प्रदान गर्ने तरीकाहरू थुप्रै छन् :

  – संगठनभित्रकै अथवा सम्बन्धित अन्य संगठनका (जस्तै शिक्षा मन्त्रालयबाट स्थानीय विद्यालयलाई) लैङ्गिक सम्पर्क व्यक्ति (समूह)द्वारा ।

  – बाहिरको कुनै संस्थाद्वारा (जस्तै एउटा गैसस अथवा अन्तर्राष्ट्रिय संस्था)

  – इन्टरनेट/पुस्तकालय अथवा कुनै संगठनको स्रोत साधनहरूको स्वाध्यायन विधिद्वारा ।

  – उल्लिेखित सबैको संयुक्त रूपबाट ।

  लैङ्गिक सम्बन्धी तालीमहरू प्रभावकारी हुन्छन् यदि तिनीहरूले विचारात्मक र विवेचनात्मक अभ्यासहरू समावेश गर्दछन् र विभिन्न किसिमका व्यक्तिगत, अन्तर्सम्बन्धका सांगठनिक र बृहत्त सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्दछन् । एकै चोटीको तालीमले मात्र पुग्दैन । यो एटा निरन्तरको प्रक्रिया हुनु पर्दछ ।

- लैङ्गिक विशेषज्ञताप्राप्त संगठनहरू र विशेषज्ञहरूको साझेदारीमा काम गर्ने :

  समूहहरूलाई सहयोग गर्न शिक्षा क्षेत्रभन्दा बाहिरको साझेदारी र विशेषज्ञताको खोजी गर्नु होस् । लैङ्गिकताको मूलप्रवाहीकरणको क्षेत्रमा काम गर्ने विभिन्न साझेदारहरूको पहिचान गर्न कृपया सन्दर्भ सामग्रीको खण्ड हेर्नु होस् ।

- अनुगमन र मूल्यांकन योजनाहरू

  लैङ्गिक समानता तर्फका सबै प्रयासहरूको अनुगमन र मूल्यांकन हुनु पर्दछ जसले गर्दा प्रक्रियाका दौरानमा परिमार्जन गर्न सकियोस र सिकेका पाठहरूले भविष्यको प्रगतिमा फायदा पुऱ्याउन् ।


  अनुगमन मूल्यांकन विभिन्न तरीकाले गर्न सकिन्छ, तर कम्तीमा यी प्रक्रियाहरूमा सबै कर्मचारीहरूलाई समावेश गर्नु पर्दछ । एउटा उदाहरण हुन सक्दछ, उनीहरूले एउटा नियमित ‘चेकलिष्ट’ का माध्यमले लैङ्गिक सूचकहरूको अनुगमन गरुन् ।

## साधन १७(आ) लैङ्गिकता मूलप्रवाहीकरण चक्र

**लक्षित वर्ग:** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू

*यस साधनलाई कसरी प्रयोग गर्ने भन्ने जानकारी, साधन १७(अ) "शिक्षामा लैङ्गिकताको मूल प्रवाहीकरण" मा दिइएको छ ।*

**लैङ्गिकताको मूलप्रवाहीकरण चक्र**[३५]




३५ युनेस्को लैङ्गिक सल्लाहकार, लिन्दा प्यानेल्सद्वारा मूल रूपमा विकास गरिएको (२००३) बाट लिइएको । यहाँ उल्लेख गरिएको अनुमगन लैङ्गिक लेन्सद्वारा सचालित गरिनु पर्दछ ।

# साधन १८ शिक्षामा लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था[३६]

**लक्षित वर्गः** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू

## १. तपाई आफ्नो संगठनको बजेटलाई कसरी वर्गीकरण गर्नु हुन्छ ?

*तपाईको विचारमा तपाईको संगठन/देशको बजेटको विद्यमान लैङ्गिक विभेदहरू अथवा असमानताहरूको प्रवृत्तिमा के प्रभाव परेको छ ?*

- यसले महिलाहरू र पुरुषहरू/बालिकाहरू र बालकहरूका बीचका असमानतामा कुनै फरक पारेको छैन अथवा यो “लैङ्गिक उदासीन” छ ।
- यसले लैङ्गिक असमानताहरू घटाएको छ ।
- यसले लैङ्गिक असमानताहरू बढाएको छ ।
- तपाईलाई थाहा छैन ।

बजेट कार्यपत्रहरू सामान्यतया “लैङ्गिक उदासीन” मानिन्छन् । तर केही अवस्थामा बजेटहरू लैङ्गिक उदासीन हुनुभन्दा पनि उनीहरूको प्रभावबारे अनभिज्ञ अथवा अन्धा हुन्छन् । अधिकाँश सरकारहरू/संगठनहरू यिनीहरूको खर्चको अथवा राजस्वको महिलाहरू अथवा पुरुषहरू/बालिकाहरू अथवा बालकहरूमा पर्ने प्रभाव बारे बहुत कम जानकारी राख्दछन् ।

## २. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था भन्नाले के बुझिन्छ ?

- यो यस्तो बजेट व्यवस्था गर्ने प्रयास हो जसले लैङ्गिक जानकारी र बजेट सम्बन्धी जानकारीलाई आपसमा जोड्दछ ।
- यो बजेटलाई लैङ्गिक सम्वेदनशील हुने किसिमले सोच्ने, योजना गर्ने, स्वीकृत गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, विश्लेषण गर्ने, र लेखापरीक्षण गर्ने प्रकृया हो ।
- यसले महिलाहरू र बालिकाहरू/पुरुषहरू र बालकहरूमा गरिने वास्तविक खर्च र राजस्वको विश्लेषण गर्दछ ।
- यसले सरकारहरूलाई नीतिहरूलाई कसरी निर्माण गर्ने, कसरी समायोजन गर्ने र कसरी प्राथमिकतामा राख्ने भन्ने कुरा निर्णय गर्न मद्दत पुर्‍याउँछ ।
- यो प्रभावकारी नीति कार्यान्वयको लागि एउटा साधन हो जसद्वारा विनियोजनहरू नीतिगत प्रतिवद्धता अनुसार र अपेक्षा गरिएको प्रभाव अनुसार गरिएका छन् कि छैन भन्ने कुरा जाँच गर्न सकिन्छ ।
- यो लैङ्गिक समानता र महिला सशक्तीकरण प्राप्त गर्ने साधन अथवा माध्यम हो ।

## ३. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरूले कुन कुराको सम्बोधन गर्दैनन् ?

- तिनीहरू महिलाहरू र पुरषहरूका लागि छुट्टा छुट्टै बजेट होइनन् ।
- तिनीहरूले बजेटलाई महिलाहरू र पुरुषहरूमा ठ्याक्कै वरावर ५०% - ५०% बाँड्दैनन् ।
- तिनीहरू सरकारी बजेटमा मात्र सीमित हुँदैनन् ।
- तिनीहरू महिलाहरूका लागि बजेट विनियोजनमा बढोत्तरी गर्दैनन् ।

---

३६ यो साधन साउथ अस्ट्रेलिया विश्वविद्यालयका डा. रैनाइचिद्वारा, जेनिया (GENIA) कार्यशाला २००८ का लागि विकास गरिएको सामग्रीमा आधारित छ ।

- तिनीहरू मुख्यतया लैङ्गिक विशेष कार्यक्रमहरूमा बजेट बढोत्तरी गर्ने कुराहरूसंग सम्बन्धित हुँदैनन्, जस्तै गर्भवती आमाका लागि स्वास्थ्य हेरचाह कार्यक्रमहरू अथवा छातीको क्यान्सको लागि स्वास्थ्य परीक्षा ।
- उनीहरू आफैमा साध्य होइनन्, तर लैङ्गिक समानता प्राप्त गर्ने दिशामा एउटा साधन हुन् ।

## ४. लैङ्गिक अनुकूल प्रतिफल दिने बजेटहरू किन महत्वपूर्ण हुन्छन् ?

सरकार/संगठनका लागि बजेटहरू सबैभन्दा महत्वपूर्ण नीतिगत साधनहरू हुन् र यिनीहरूले यसका प्राथमिकताहरूलाई र मूल्य मान्यताहरूलाई प्रतिविम्वित गर्दछन् । त्यसैकारण उनीहरूलाई लैङ्गिकता अनुकूल प्रतिफल दिने बनाउनु अत्यन्त महत्वपूर्ण छ ।

- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरू भन्नाले महिलाहरूका मानव अधिकार प्राप्ति गर्ने दिशामा बढ्नु हो ।
  *लैङ्गिक अनुकूल प्रतिफल दिने बजेटहरूले महिलाहरू विरुद्धका सामाजिक, आर्थिक विभेदहरूलाई सम्बोधन गर्नु पर्दछ ।*
- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटले समानता र समतामा प्रश्नवाचक चिन्ह लगाउँछन् ।
  *सरकार/संगठनले रकम उठाउने र खर्च गर्ने प्रकृयाले महिलाहरूमा नकारात्मक प्रभाव पर्न सक्दछ ।*
- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटले गरीवीलाई बढी प्रभावकारी किसिमले कम गर्न मद्दत गर्दछ ।
  *एउटै सामाजिक, आर्थिक समूहमा पनि महिलाहरू सामान्यतया पुरुषहरूभन्दा खराव अवस्थामा रहन्छन् र महिलहरू र पुरुषहरूले गरीवीको भिन्नै किसिमले अनुभव गर्दछन् । पुरुषहरू भन्दा महिलाहरू गरीवीबाट बढी प्रभावित हुन्छन् ।*
- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरूले नीतिगत लक्ष्यहरूको उपलव्धि अनुगमन गर्न मद्दत गर्दछन् ।
  *अधिकाँश नीतिगत प्रतिवद्धताहरू तव मात्रै प्राप्त गर्न सकिन्छन जव यिनीहरूको कार्यान्वयनका लागि पर्याप्त रकमको विनियोजन गरेको हुन्छ ।*
- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरूले सुशासन प्राप्तिमा मद्दत गर्दछन् ।
  *महिलाहरू, पुरुषहरू, बालिकाहरू र बालकहरूलाई दिइने सरसामानहरू र सुविधाहरूमा बढी सही न्यायपूर्ण र जिम्मेवार तरिकाले सुधार गर्न सकिन्छ ।*
- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरूले जवाफदेहिता र पारदर्शिताको अभिबृद्धि गर्दछन् ।
  *अन्तर्राष्ट्रिय/राष्ट्रिय/सांगठनिक प्रतिवद्धताहरू र सार्वजनिक/सांगठनिक खर्चहरू बीचका असमानताहरूलाई प्रकाशमा ल्याउन सकिन्छ ।*
- लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरूले आर्थिक क्षमताको अभिबृद्धि गर्दछन्।
  *घट्दो लैङ्गिक असमानता र बढ्दो बृद्धि दर बीच सकारात्मक सम्बन्ध रहन्छ । महिलाहरूको उत्पादकत्व उनीहरूको जानकारी/ऋणमा पहुँचका साथ अभिबृद्धि हुन्छ र साधारण उत्पादकत्व त्यस समाजमा माथि उठ्दछ जहाँ बढी समानता हुन्छ ।*

## ५. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटका खेलाडीहरू को को हुन् ?

- सरकार
- संसद्
- सबै मन्त्रालयहरू र विभागहरू (जस्तै अर्थमन्त्रालय, शिक्षा मन्त्रालय, महिला तथा बालबालिका मन्त्रालय, स्वास्थ्य मन्त्रालय इत्यादि) ।
- अनुसन्धान/तालीम संस्थाहरू

- गैससहरू/स्थानीय संगठनहरू
- मिडिया
- विकास साझेदारहरू (दातृ समूदाय समेत)
- शैक्षिक संस्थाहरू (विद्यालयहरू समेत)

## ६. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटहरूका चारवटा मुख्य लक्ष्यहरू:

- लैङ्गिक मुद्दाहरू र बजेटका तथा नीतिका प्रभावबारे चेतना र ज्ञानको अभिबृद्धि गर्ने ।
- लैङ्गिक समानता प्रवर्द्धन गर्न सरकार/संगठनहरूका बजेटहरू र नीतिहरूलाई परिवर्तन गर्ने र परिमार्जन गर्ने ।
- सरकारहरू/सगठनहरूलाई लैङ्गिक समानता सम्बन्धमा तिनीहरूको बजेट तथा नीतिगत प्रतिवद्धताहरूका लागि जवावदेही बनाउने ।
- घोषित नीतिगत लक्ष्यहरू र वास्तविक कार्यान्वयन बीचका असमानताहरू हटाउने ।


## ७. लैङ्गिक बजेटका वर्गहरू[३७]

अ) **महिला विशेष लक्षित खर्चहरू:** कार्यक्रमहरूका लागि विनियोजित श्रोतहरू जुन विशेष गरी महिलाहरूलाई लक्षित गरिन्छन् ।

आ) **वरावर रोजगारीका अवसर दिने खर्चहरू:** महिलाहरू र पुरुषहरूको वरावर संख्यालाई रोजगारी अभिबृद्धि गर्न, व्यवस्थापन पदहरू भित्र वरावर प्रतिनिधित्व गर्न र समान तलव स्केल गर्न सकारात्मक कार्यकलापकाहरूका लागि विनियोजित श्रोतहरू ।

इ) **मूल धारका खर्चहरू:** पहिलो दुईटा वर्गहरूले नओगटेका बाँकी खर्चहरू र लैङ्गिक समानतामा उनीहरूको प्रभावको हिसावले विचार गरिने ।

**जम्मा बजेट प्रयास**




यस चित्रले देखाउँछ कि महिला कार्यक्रमका लागि विनियोजित बजेट लक्षित नगरिएको खर्चको दाँजोमा ज्यादै सानो छ । जस्तै: साधारण खर्च धेरै बढी छ, सबै देशहरूमा जम्मा बजेटको करिव ९५% ।[३८] त्यसैले साधारण बजेटलाई लैङ्गिक दृष्टिकोणले पनि छानविन गरिनु अत्यावश्यक छ ।

---

३७ Sharp, R. and Brom Hill, R. (1990), "Women and Government Budgets", Australian Journal of Social Issues, 25(1) 1-14.

३८ UNIFEM (2000) Progress of World's Women;' A New Biennial Report, NY:UNIFEM

## ८. बजेट विश्लेषणका लागि पाँच बुँदे ढाँचा[३९]

**बुँदा १:** शिक्षा क्षेत्रमा महिलाहरू र पुरुषहरू, बालिकाहरू र बालकहरूका अवस्थाको विश्लेषण ।

**बुँदा २:** बुँदा १ मा बयान गरिएका लैङ्गिक मुद्दाहरू र असमानताहरूलाई क्षेत्रगत नीतिहरूले सम्बोधन गर्ने अवस्थाको मूल्यांकन, सम्बन्धित विधानहरू, नीति नियमहरू र कार्यक्रमहरूको मूल्यांकन समेत ।

**बुँदा ३:** बुँदा २ मा तयार गरिएको लैङ्गिकता अनुकूल प्रतिफल दिने नीतिको कार्यान्वयनका लागि गरिएको बजेट विनियोजनको पर्याप्तताको मूल्यांकन ।

**बुँदा ४:** योजना अनुसार प्रदान गरिएको र जसका लागि प्रदान गरिएको हो त्यसमा त्यो रकम खर्च भयो वा भएन भन्ने कुराको अनुगमन ।

**बुँदा ५:** बढी लैङ्गिक समानताको दिशामा बुँदा १ मा बयान गरिएका अवस्थामा नीतिको कार्यान्वयनले परिर्वतन ल्यायो वा ल्याएन भन्ने कुराको प्रभाव मूल्यांकन ।

जब बजेट ल्याइयो र कायान्वयन गरियो (बुँदा ३ र ४):

- **लैङ्गिक बजेटको विश्लेषण संचालन गर्नु होस्**

यो सरकार/संगठनका नीति तथा कार्यक्रमहरूका खर्चहरू र राजस्वहरूको महिलाहरू, बालिकाहरू, पुरुषहरू र बालकहरू (साथै आम्दानी, उमेर, जातीयता, इत्यादिका हिसावले वर्गीकृत गरिएका विभिन्न महिलाहरू तथा पुरुषहरूका समुहहरू) को प्रभावको मूल्यांकन गरेर गर्न सकिन्छ ।

- **बजेटका प्राथमिकताहरू परिवर्तन गर्नु होस्**

(यदि आवश्यक भएमा) जसबाट लैङ्गिक समानताको प्रवर्द्धन होस् । यी लैङ्गिक बजेट विश्लेषणको परिप्रेक्षमा रणनीतिहरू र कार्यकलापकहरूको कायान्वयन गर्नु होस् जसबाट महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्ने बजेट व्यवस्था हुन सकोस् ।

यी दुवै कार्यकलापहरूको सम्मिश्रणले लैङ्गिक अनुकूल प्रतिफल दिने बजेटको प्रादुर्भाव हुनेछ ।

## ९. शिक्षा क्षेत्रमा लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था

के कुराको विश्लेषण गर्ने :

- विद्यालयहरू/कलेजहरूमा विद्यार्थीहरूको उमेर अनुसार भर्ना
  - के विद्यालयहरू/कलेजहरूमा बालिकाहरूको भर्ना बालकहरू जस्तै छ ? अथवा बालिकाहरू कम छन् ? (बालकहरूको तुलनामा अथवा यसको विपरित) ?
- विद्यालयहरू/कलेजहरूमा विद्यार्थीहरूको उमेर अनुसार उपस्थिति
  - के विद्यालयहरू/कलेजहरूमा बालिकाहरूको उपस्थिति बालकहरू जस्तै छ? अथवा बालिकाहरू कम छन् ? (बालकहरूको तुलनामा अथवा यसको विपरित) ?
- विद्यालयहरूमा विद्यार्थीहरूको टिकाउ:
  - के बालिकाहरूको टिकाउ दर बालकहरू जस्तै छ अथवा कम छ ?
  - के बालिकाहरूको विद्यालय छोड्ने अनुपात बालकहरूको भन्दा बढी छ अथवा यसको विपरित ?

३९ UNIFEM - UNFPA Gender Responsive Budgeting and Women's Reproductive Rights : Resource Pack, 2006 बाट लिइएको ।

- विद्यालयहरू/कलेजहरूमा उमेर अनुसार विद्याथहिरूको सिकाइ उपलव्धि
  - के विद्यालयहरू/कलेजहरूमा बालिाहरूको सिकाइ उपलव्धि बालकहरूको जस्तै छ ? अथवा बालकहरू र बालिकाहरूका बीचमा असमानता छन् ?
- शिक्षकहरूमा महिलाहरूको प्रतिशत
  - के शिक्षकहरूको बीचमा महिला र पुरुषहरूको बीच समान प्रतिनिधित्व छ ? अथवा महिलाहरू शिक्षकहरूको संख्या कम छ अथवा यसको विपरित ?
- महिलाहरू/बाकिलाहरूमा गरिएको बजेट खर्चको प्रतिशत
  - के शिक्षाका विभिन्न तहहरूको खर्च महिलाहरू र पुरुषहरूमा बराबर पुगेको छ र दुवै लाई बरावर फाइदा पुगिराखेको छ अथवा महिलाहरूमा पुरुषहरूको दाँजोमा कम खर्च पुगेको छ ?

## १०. लैङ्गिक बजेट विश्लेषणका सातवटा साधनहरू[४०]

१. क्षेत्रगत रूपमा सार्वजनिक खर्चको लैङ्गिक सचेतना नीतिको मूल्यांकन ।

उद्देश्य: कुन किसिमले नीतिहरू र तिनसंग जोडिएका श्रोत विनियोजनहरू योजना गरिएका छन् र के तिनीहरू लैङ्गिक असमानताहरूलाई कम गर्छन अथवा बढाउँछन् भन्ने कुरा सोधेर बजेट व्यवस्था गरिएका नीतिहरू र कार्यक्रमहरूको लैङ्गिकताको दृष्टिकोणले विश्लेषण गर्ने ।

२. सार्वजनिक सेवा प्रदान र बजेटका प्राथमिकताहरूको लिङ्गभेद छुट्याइएको लाभग्राहीहरूको मूल्यांकन ।

उद्देश्य: विद्यमान सार्वजनिक सेवा प्रदान गरिने विधिहरूले उनीहरूका आवश्यकताहरू कसरी परिपूर्ति गर्दछन् र विद्यमान सार्वजनिक खर्चहरूले उनीहरूका प्राथमिकताहरूमा कसरी मेल खान्छन् भन्ने सम्बन्धमा पुरुषहरू र महिलाहरूका रायहरू संकलन गर्ने र विश्लेषण गर्ने ।

३. सार्वजनिक खर्चका लिङ्गभेद छुट्याइएको शीर्षकहरूको बिश्लेषण गर्ने

उद्देश्य: सार्वजनिक सेवाहरूमा गरिएको खर्चबाट पुरुषहरू, महिलाहरू, बालिकाहरू र बालकहरूलाई कुन हदसम्म फाइदा पुगेको छ भन्ने कुराको विश्लेषण गर्ने ।

४. लिङ्गभेद छुट्याइएको सार्वजनिक राजस्वका शीर्षकहरूको विश्लेषण गर्ने

उद्देश्य: सरकारले उठाएका राजस्वहरूका प्रकारहरूको महिलाहरू र पुरषहरूमा परेको प्रभावको विश्लेषण गर्ने ।

५. बजेट समयमा पुग्न र प्रयोग हुने कुराको लिङ्गभेद छुट्याएर प्रभावको विश्लेषण गर्ने ।

उद्देश्य: सरकारका श्रोतहरूको विनियोजनको रकम र घरपरिवारमा खर्च गरिएको समयको प्रभावको विश्लेषण गर्ने ।

६. लैङ्गिक सचेत मध्यावधि, बृहत्, आर्थिक नीतिगत ढाँचा,

उद्देश्य: बृहत् आर्थिक नमूनाहरूका लैङ्गिक-अन्धा अवधारणाहरूमा प्रश्न गर्ने र ती नमूनाहरूहरूमा लैङ्गिकता विषय समावेश गर्ने जसमा मध्यावधि सार्वजनिक खर्च योजना आधारित होस् ।

---

४० Diane Elson's tools menitoned in Kusari, M. etal. (2006) Gender Budget Analysis and the Imapct of Fiscal Policies on the Poverty Level of Rural women in the Municiaplity of Gjakova, Kosovo p. 13. Accessed at http://www. unifem.sk/uploads/doc/Gjakova%20report%20final.pdf बाट लिइएको ।

७. लैङ्गिक सेचत, बजेट वाक्य

उद्देश्यः केही अन्य साधनहरूको प्रयोग गरेर बजेटको पुनरावलोकन गर्ने तथा विभिन्न सूचकहरूमा लैङ्गिक समानताका लागि यसका प्रभावहरूको साराँश तयार गर्ने ।

लैङ्गिक बजेट विश्लेषणका लागि कुनै एउटा छुट्टै सूत्र छैन । लैङ्गिक बजेट विश्लेषण निम्नलिखित कुराहरूमा फरक हुन्छ :

- संगठनको राजनीतिक र संस्थागत प्रकृति
- फैलावट/कार्यक्षेत्र
- बजेट चक्रको चरण (प्रारम्भिक कार्यान्वयन, मूल्यांकन, इत्यादि)
- बजेटमा लैङ्गिकताको मुद्दाहरूलाई दिइएको महत्व (संस्थागत प्रतिवद्धताहरूको प्रमाण)

# साधन १९ लैङ्गिकता अनुकूल प्रतिफल दिने शिक्षा परियोजना र कार्यक्रमहरूको विकास गर्दै[४१]

**लक्षित वर्गः** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू

निम्नलिखित प्रश्नहरूले तपाईलाई परियोजना/कार्यक्रम चक्रका विभिन्न चरणहरूको लैङ्गिक दृष्टिकोणले विश्लेषण गर्न मद्दत पुऱ्याउने आशा गरिएको छ । यदि प्रश्नको उत्तरमा 'होइन' भन्ने आउँछ भने तपाईले हस्तक्षेप गरेर प्रश्नको उत्तर 'हो' भन्ने मा परिवर्तन गर्न काम गर्नु पर्नेछ ।

## परियोजना/कार्यक्रम विकास र कार्यान्वयन प्रक्रिया

१. के परियोजना/कार्यक्रम चक्रका सबै चरणहरूमा महिलाहरू र पुरुषहरूमा वरावर सहभागीहरू, निर्णयकर्ताहरू, लाभग्राहीहरू छन् (परियोजना पहिचान, निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन) ?

२. परियोजना/कार्यक्रम जीवन चक्रका सबै चरणहरूमा विभिन्न समूह र ओहदाका महिलाहरू र पुरुषहरूका दृष्टिकोणहरू तथा आवाजहरूलाई परियोजना/कार्यक्रमले कसरी सुनिश्चित गर्न सक्दछ ?

निम्नलिखित प्रश्नहरूका समूहहरूलाई परियोजना/कार्यक्रम चक्रका प्रत्येक चरणमा प्रयोग गर्न सकिन्छ ।

## पहिचान र निर्माण

### आवश्यकता मूल्यांकन

१. के आवश्यकता मूल्यांकनले महिलाहरू, पुरुषहरू, बालिकाहरू, बालकहरूका विशिष्ट आवश्यकता र अवसरहरूको खोजी गर्दछ ?

२. के महिलाहरू र बालिकाहरूसंग यस्ता आवश्यकताहरू र अवसरहरू पहिचान गर्न वरावरी र सोझै सरसल्लाह गरिएको छ ?

३. के पुरुषहरू र बालकहरूसंग यस्ता आवश्यकताहरू र अवसरहरू पहिचान गर्न वरावरी र सोझै सरसल्लाह गरिएको छ ?

## परियोजना/कार्यक्रमका साधारण उद्देश्यहरू परिभाषित गर्ने

४. के परियोजना/कार्यक्रमका उद्देश्यहरू घोषित रूपमा महिलाहरू, पुरुषहरू, बालिकाहरू र बालकहरू सबैका तुरन्त अथवा व्यावहारिक आवश्यकताहरूसंग सम्बन्धित छन् ?

५. के परियोजना/कार्यक्रमका उद्देश्यहरूले शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने हिसावले दीर्घकालीन रणनीतिक आवश्यकताहरू समावेश गर्दछन् ?

६. के यी उद्देश्यहरूले समुचित रूपमा महिलाहरू, पुरुषहरू, बालिकाहरू र बालकहरूका आवश्यकताहरू प्रतिविम्वित गर्दछन् ?

७. के परियोजना/कार्यक्रमका लक्षित जनसंख्याका महिलाहरू र पुरुषहरूले उद्देश्यहरू निर्धारण गर्नमा समान रूपमा भाग लिएका छन् ?

८. के यस्तै उद्देश्यहरूको दिशामा यस अघि कुनै प्रयास भएका छन् ?

९. वर्तमान प्रस्तावलाई पहिले गरिएका कार्यकलापहरू/सिकेका पाठहरूबाट कतिको फाइदा पुगेको छ ?

---

४१ The Harvard Analytical Framework: Overholt, Anderson, Cloud and Austin, Gender Roles in Develoment Project/Programme, Kumarian Press, Connecticut, 1985 बाट लिइएको ।

## सम्भावित नकारात्मक प्रभावहरूको पहिचान गर्ने

१०. के परियोजना/कार्यक्रमले लक्षित जनसंख्याको वर्तमान अवस्था/ परिस्थितिलाई नकारात्मक असर पार्ने खतरा छ ? यदि छ भने कृपया व्याख्या गर्नु होस् ।

११. महिलाहरू र पुरुषहरू तथा बालिकाहरू र बालकहरूमा परियोजना/कार्यक्रमका छोटो अवधिका अथवा दीर्घकालीन के असरहरू पर्लान् ?

## कार्यान्वयन

१. के परियोजना/कार्यक्रम कार्यान्वयन गर्ने संग[४२] लैङ्गिकता अनुकूल प्रतिफल दिने सांगठनिक संस्कृति[४३] छ र पुरुषहरू र महिलाहरू, बालकहरू र बालिकाहरूको सशक्तीकरण गर्ने कीर्तिमान छ ?

२. यदि होइन भने के परियोजना/कार्यक्रम कार्यान्वयन समूहलाई लैङ्गिक तालीम दिइएको छ ?

३. के कार्यान्वयन समूहलाई परियोजना/कार्यक्रम शुरु गर्नु भन्दा पहिले लैङ्गिक विशेष मार्ग निर्देशनहरू निर्माण गर्न सहयोग गरिएको छ ?

४. के लक्षित समूहका पुरुषहरू र महिलाहरू, बालकहरू र बालिकाहरूका खतराहरू, बढी खतरा भएका व्यवहार र कमजोरीहरूलाई यथोचित रूपमा सम्बोधन गरिएको छ ?[४४]

५. के परियोजना/कार्यक्रममा पिछडिएका महिलाहरू र पुरुषहरू, बालिकाहरू र बालकहरू समावेश गरिएका छन् ?

## अनुगमन र मूल्यांकन

### आवश्यक तथ्यांकहरू

१. के अनुगमन चेक लिष्टमा स्पष्ट लैङ्गिकताको मूलप्रवाहीकरणका आवश्यकताहरू समावेश छन् ?

२. के अनुगमन चेक लिष्टमा लिङ्गभेद छुट्याइएका सूचनाहरू समावेश छन् ?

३. के परियोजना/कार्यक्रममा लिङ्गभेद छुट्याइएका आधारस्तम्भ तथ्यांकहरू, लैङ्गिक उद्देश्यहरू, अपेक्षित लैङ्गिक समानता परिणामहरू, र सम्बन्धित सूचकहरू छन् जसले परियोजना/कार्यक्रमको समूह र लाभग्राहीहरूलाई परियोजना कार्यक्रम-जीवन चक्रका विभिन्न चरणहरूमा लैङ्गिक लेखापरीक्षण तथा मूल्यांकन गर्न समर्थ तुल्याओस् ।

४. के महिलाहरू र पुरुषहरू, बालिकाहरू र बालकहरू तथ्यांक आवश्यकताहरूको निर्माणमा बरावरी संलग्न छन् ?

## तथ्यांक संकलन र विश्लेषण

५. के तथ्यांकहरू पर्याप्त समयको अन्तरालमा संकलन गरिएका छन् जसबाट परियोजना/कार्यक्रमका दौरानमा आवश्यक संशोधन गर्न सकियोस् ?

---

४२ कार्यान्वयन गर्नेका उदाहरणहरू: NGOs, education research groups, community learning centers, partners teacher organizations, teacher training colleges, school management teams, curriculum development teams.

४३ लैङ्गिक अनुकूल प्रतिफल दिनेसंस्कृति भएको संगठनले महिलाहरू र पुरुषहरूका ज्ञान र सीपहरूलाई बरावर मान्यता दिन्छ, र निर्णय प्रक्रियामा उनीहरूको भूमिकालाई सहज पार्दछ । यसले दुवै थरिका क्षमताहरूलाई प्रयोग गर्दछ, प्रवर्द्धन गर्दछ र निर्माण गर्दछ ।

४४ बढी खतारा भएका व्यवहारहरूका उदाहरणहरूमा यस्ता व्यवहार पर्दछन् जसले बालबालिकाहरूलाई एचआईभी/एड्स को संक्रमण हुने खतरामा पार्दछन्, लागु पदार्थ सेवन गर्ने अथवा वेश्यावृत्तिमा धकेल्दछन्, र हिंसा अथवा बाल श्रमको शिकार बनाउँछन् ।

६. के तथ्यांकहरू, परियोजना/कार्यक्रमका कर्मचारीहरू तथा लाभग्राहीहरूलाई बुझिने ढाँचामा र संशोधन गर्न पर्याप्त समय दिएर प्रदान गरिएका छन्?

७. के महिलाहरू र पुरुषहरू तथ्यांकहरूको संकलन र व्याख्या गर्नमा बराबर संलग्न छन् ?

८. के तथ्यांकहरू अन्य परियोजनाहरू/कार्यक्रमहरूलाई निर्माण गर्न मार्गदर्शन गर्ने हिसावले विश्लेषण गरिएका छन् ?

## राम्रा कार्यविधिहरूको स्तरोन्नति

१. के परियोजना/कार्यक्रमहरूबाट प्राप्त सकारात्मक पाठहरूलाई अन्य परियोजनाहरू/कार्यक्रमहरूमा बृहत् परिमाणमा एकआपसमा बाँड्न तथा प्रयोग गर्न सुनिश्चित गर्ने कार्यविधि छ ?

## यदि परियोजना/कार्यक्रममा तालीम समावेश छ भने

१. के तालीममा महिला तथा पुरुष सहभागीहरूका जीवनका अनुभवहरूलाई मान्यता दिइएको छ ?

२. के विशेषवस्तु र विधिहरू पुरुष तथा महिला सहभागीहरूका लागि उचित छन् ?

३. के महिला तथा पुरुष सहभागीहरू प्राप्त गरेको ज्ञान/सीपहरू लाई स्थानीय श्रम बजार, आफ्नो समुदाय, अथवा आफ्नो घरपरिवारमा प्रयोग गर्न समर्थ छन् ?

४. के तालीम प्रशिक्षकहरू अथवा सहभागीहरू दुबैमा लैङ्गिक सन्तुलन छ ?

५. के अनुगमन (तालीम पश्चात्का) सेवाहरू, सहभागीहरू/तालीमेहरूलाई प्रदान गरिन्छन् अथवा उनीहरूसंग तालीम प्रशिक्षकहरूले नियमित सम्पर्क राख्दछन् ?

# साधन २० अनुसन्धान र सर्वेक्षणहरूका लागि लैङ्गिकता-अनुकूल प्रतिफल दिने सेवा शर्तहरूको विकास गर्दै

**लक्षित वर्गः** नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू अनुसन्धानकर्ताहरू

*काम गर्ने शर्तहरू विभिन्न अनुसन्धान तथा सर्वेक्षणहरूका आफ्ना विशिष्ट उद्देश्यहरू, समय सीमा तथा सन्दर्भको आधारमा निर्धारण हुन्छन् । त्यसैले, यो साधनमा एउटा साधारण चेक लिष्ट प्रस्तुत गरिएको छ जुन विभिन्न उद्देश्यहरूका लागि उपयोगी हुन सक्दछ । कुनै विशेष अनुसन्धान/सर्वेक्षण परियोजनाका लागि आवश्यकता अनुसार बढी प्रश्नहरू/बुँदाहरू थप्न सकिन्छ ।*

## शीर्षक, लक्षित समूह र भौगोलिक क्षेत्रको पहिचान गर्ने

१. के अनुसन्धान/सर्वेक्षणका अंगको रूपमा ओगटिने महिलाहरू र पुरुषहरूका (बालकहरू र बालिकाहरूका) अवस्था, ज्ञान र अनुभव बारे जानकारी पहिले नै उपलब्ध छ ?

२. यदि छ भने, के त्यो जानकारीको पहिचान प्रक्रियाको दौरानमा विचार गरिएको छ ? यदि छैन भने यसलाई कसरी प्राप्त गर्न सकिन्छ र प्रयोग गर्न सकिन्छ ?

३. यदि यस्तो जानकारी उपलब्ध छैन भने के तपाईले यसलाई आफ्नो अनुसन्धान/सर्वेक्षण प्रारूपमा विचार गर्नु भएको छ ?

४. के शीर्षक महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) दुबैसंग सम्बन्धित छ ? यदि छ भने कसरी ?

५. के लक्षित समूहमा महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) दुबै छन् र किन ?

६. यदि छन् भने, कति जना महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) लक्षित छन् ?

७. के उद्देश्यहरू र लक्षित समूह बारे निर्णय गर्दा महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) को विद्यमान सामाजिक अवस्था र स्थिति विचार गरिएको छ ?

८. के महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) का आफ्नो वातावरणसंग सम्बन्ध राख्ने कुराहरूमा हुने फरकको विचार गरिएको छ ?

## प्रमुख सल्लाहकार र अनुसन्धान/सर्वेक्षण समूहको छनौट गर्ने

१. प्रमुख सल्लाहकारको छनौट कसरी गरिएको थियो ?

२. अनुसन्धान/सर्वेक्षण समूहमा कति जना महिलाहरू र पुरुषहरू छन् ? के त्यसमा लैङ्गिक सन्तुलन छ ? यदि छैन भने किन र यसको क्षतिपूर्ति कसरी हुन सक्दछ ?

३. के प्रमुख सल्लाहकार, तथ्यांक संकलकहरू, र विश्लेषकहरूसंग लैङ्गिक विश्लेषणहरूमा आधिकारिक अनुभव छ ?

४. यदि छैन भनेको लैङ्गिक विश्लेषणका लागि क्षमता निर्माण गर्ने कुरा सुनिश्चित गर्न समुचित प्रावधान छ ?

## अनुसन्धान/सर्वेक्षणका आवश्यकताहरू निर्धारण गर्ने

१. के प्रमुख सल्लाहकारलाई अनुसन्धान/सर्वेक्षणको योजना निर्माण, विकास र कार्यान्वयनमा लैङ्गिक दृष्टिकोण समावेश गर्न लगाइएको छ ?

२. के अनुसन्धान/सर्वेक्षणको निर्माणमा लैङ्गिकता अनुकूल प्रतिफल दिने उद्देश्यहरू समावेश छन् जुन महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) का बीच विभेदकारी छैनन् र महिलाहरू र पुरुषहरू दुबैलाई बरावरी फाइदा दिन्छन् र मर्यादा क्रम अनुसारको लैङ्गिक सम्बन्धमा सुधार गर्दछन् तथा एक आपसमा सम्मान गर्ने साझेदारी निर्माण गर्दछन् ?

३. अनुसन्धान/सर्वेक्षणको निर्माणमा सरोकारवालाहरूलाई कसरी संलग्न गरिएको छ ? के अनुसन्धान/सर्वेक्षणको निर्माणमा लैङ्गिकता अनुकूल प्रतिफल दिने प्रभावहरू समावेश छन् जुन महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) का विभिन्न आवश्यकताहरूलाई सम्बोधन गर्दछन् जसले गर्दा यी आवश्यकताहरूको नीतिहरू, कार्यक्रमहरू, र परियोजनाहरूलाई जानकारी प्राप्त हुन्छ ? (जस्तैः लिङ्ग छुट्याइएका तथ्यांकहरू) ?

४. के अनुसन्धान/सर्वेक्षणको निर्माणमा लैङ्गिक सम्बेदनशील सूचकहरू छन् जुन परियोजनाले अपेक्षा गरिएका लैङ्गिक परिवर्तनहरू तथा समयको अन्तरालमा समाजमा देखिने परिवर्तनहरू मापन गर्न सहायक हुन्छन् ?

५. के यी परिवर्तनहरूमा संख्यात्मक र मापन गर्न सकिने परिवर्तनहरू मात्र नभएर मान्यताहरू, दृष्टिकोणहरू, व्यवहारहरू र अरू गुणात्मकहरू परिवर्तनहरू समावेश छन् ?

६. यदि अनुसन्धान/सर्वेक्षण लक्षित समूहमा महिलाहरू र पुरुषहरू दुवै (बालिकाहरू र बालकहरू) छन् भने उनीहरू मध्ये कति जनाको अन्तरवार्ता गरिनेछ र कति जना लाभग्राहीहरू/सरोकारवालाहरू हुने छन् ? के त्यसमा सन्तुलन कायम रहने छ ? सन्तुलन कायम राख्नु बाध्यात्मक छैन। प्रत्युत्तरकर्ताहरू/अन्तरवार्ताकारहरू, अनुसन्धान/सर्वेक्षणको किसिम तथा यसको कार्यविधिको आवश्यकता अनुसार निर्धारण गरिन्छन्।

७. के अनुसन्धान/सर्वेक्षण समूहलाई महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) बाट लैङ्गिक संवेदनशील सूचकहरू विकास गर्न तथा लिङ्ग छुट्याइएका तथ्यांकहरू र गुणात्मक सूचना संकलन गर्न लगाइएको छ ?

८. के अनुसन्धान/सर्वेक्षण साधानहरूले महिलाहरू र पुरुषहरू (बालिकाहरू र बालकहरू) का विभिन्न व्यवहारिक र रणनीतिक आवश्यकताहरू, भूमिकाहरू, ज्ञान तथा अनुभवहरूको खोजी गर्दछन् ?

## अनुसन्धान/सर्वेक्षणको प्रभावको पहिचान गर्ने

१. अनुसन्धान/सर्वेक्षणका लैङ्गिकता सम्बन्धी निचोडहरूलाई प्रशारण गरिने के रणनीति अपनाइएको छ ? के लैङ्गिकता सम्बन्धी सिकेका पाठहरू कुनै प्रतिवेदनमा र पछिल्लो सरसल्लाहमा उल्लेख गरिने छन् ?

२. के यस अनुसन्धान/सर्वेक्षणका लैङ्गिकता सम्बन्धी निचोडहरू र राष्ट्रिय/स्थानीय/सांगठनिक नीति बीच सोझो र स्पष्ट सम्बन्ध स्थापित गरिएको छ ?

३. के यस अनुसन्धान/सर्वेक्षणका निचोडहरूलाई चालू अथवा भविष्यका कार्यक्रमहरू तथा नीतिहरूका साथै स्थानीय/विद्यालय तहमा सुधारका लागि उपयोग गरिने कुनै कार्यविधि स्थापित गरिएको छ ?

४. के यस्तो कुनै रणनीति स्थापित छ जुन यस अनुसन्धान/सर्वेक्षणको निर्माण र यसको लैङ्गिक अन्तर्दृष्टिले नीतिलाई प्रभावित पार्ने कुरा सुनुश्चित गर्न सहयोगी हुनेछ ?

## साधन २१ लैङ्गिकता अनुकूल प्रतिफल दिने तालीम सत्रहरू, बैठकहरू र सम्मेलनहरूको आयोजना गर्ने[४५]

**लक्षित वर्ग:** परियोजना कार्यक्रम अधिकृतहरू, शिक्षक प्रशिक्षकहरू, लैङ्गिक तालीमकर्ताहरू ।

*यो साधन तपाईलाई लैङ्गिकता अनुकूल प्रतिफल दिने किसिमले तालीम सत्रहरू, बैठकहरू, र सम्मेलनहरूको आयोजना गर्न मद्दत पुऱ्याउने उद्देश्यले तयार गरिएको हो। यो यस्ता कार्यक्रमहरूका विशेषज्ञहरूलाई लैङ्गिकतामा मात्र लक्षित गर्दैन कुनै पनि विषयमा यो उपयोग गर्न सकिन्छ ।*

### तयारी र योजना निर्माण:

#### सहभागीहरू

१. कार्यक्रममा सरिक हुन कति जना पुरुषहरू र कतिजना महिलाहरूलाई आमन्त्रित गरिएको छ ? के त्यसमा लैङ्गिक सन्तुलन हुनेछ ?

यदि सन्तुलन सम्भव छैन भने यो कुराको सुश्चितता हुन जरुरी छ कि बैठक आफैमा लैङ्गिकता अनुकूल प्रतिफल दिने होस् र लैङ्गिक असन्तुलनका बावजूद यसले महिलाहरू र पुरुषहरूका विविध आवश्यकताहरूमा ध्यान देओस् ।

२. संगठनमा उनीहरूको मर्यादाको हिसावले उनीहरूको वितरण कस्तो छ? के उनीहरूको स्तरको हिसावले महिलाहरू र पुरषहरूका बीच सन्तुलन कायम छ ? (उदाहरणका लागि के त्यहाँ बढी बरिष्ठ पुरुष सदस्यहरू छन् जुन कार्यक्रमका लागि आमन्त्रित गरिएका छन् ?)

#### तालीमकर्ता/सहजकर्ता

३. यो विशेष उद्देश्यका लागि कुन सबैभन्दा उपयुक्त तालीमकर्ता/सहजकर्ता हुन्छ ।

४. के यो महिला अथवा पुरुष हुनु पर्दछ ?

५. प्रत्येकका राम्रा र नराम्रा पक्षहरू के के हुन् ?

६. के तालीमकर्ता लैङ्गिकता अनुकूल प्रतिफल दिने र सिकाइ वातावरणमा असर गर्ने विशेष लैङ्गिक मुद्दाहरूप्रति सचेत छ ?

७. के तालीमकर्ता/सहजकर्ता लैङ्गिकता अनुकूल प्रतिफल दिने किसिमको हुनु पर्ने जरुरी छ ? (तालीमकर्ता/सहजकर्तालाई नियुक्तिगर्न दिइएको सेवा शर्तका हिसावले)

#### अध्यक्ष/प्रवक्ता/प्रस्तुतकर्ता

८. अध्यक्ष कुन हुन् ? एउटा पुरुष अथवा महिला ? के अध्यक्षको भूमिका महिलाहरू र पुरषहरूमा आलोपालो गरिएको छ ?

९. के प्रवक्ताहरू र प्रस्तुतकर्ताहरूमा लैङ्गिक सन्तुलन छ अथवा कम्तीमा महिलाहरू/पुरुषहरूको संख्या (कुन अल्पसंख्यक छन् त्यसका आधारमा) उल्लेखनीय छ?

१०. के तिनीहरू लैङ्गिकता अनुकूल प्रतिफल दिने खालका छन् अथवा तिनीहरूलाई लैङ्गिकता अनुकूल प्रतिफल हुने किसिमले कार्यसम्पादन गर्न तालीमको आवश्यकता छ?



४५ The Division for Gender Equality, Bureau of Strategic Planning, UNESCO, Paris, 2007 and a document developed by Linda Pennells, UNESCO gender consultant बाट लिइएको ।

## व्यवस्थापन

११. के सेवा शर्तहरूमा एउटा यस्तो उद्देश्य उल्लेख गरिएको छ जसले यो कार्यक्रमका लागि लैङ्गिक समानता/अनुकूल हुने किसिमको अवस्थाको प्रवर्द्धन गर्दछ ?

१२. के सेवा शर्तहरूमा लैङ्गिकता अनुकूल प्रतिफल दिने प्रभावहरूको प्रारूप दिइएको छ ?

१३. के अवधारणा र एजेन्डा सबैमा लैङ्गिक मुद्दाहरू सम्बोधन गरिएका छन् ?

१४. के कार्यक्रमको बनोटमा पहिलेका कार्यक्रमहरूबाट लैङ्गिकता अनुकूल प्रतिफल दिने अवस्थाका लागि सिकिएका पाठहरू (पूँजी, असफलताहरू, सुधारका लागि सिफारिशहरू) को ज्ञान समावेश गरिएको छ ?

१५. के योजनाकारहरूको समूहहरूमा लैङ्गिक सन्तुलन कायम छ ?

१६. के कार्यक्रमका विषयवस्तुहरूमा लैङ्गिक समानताका मुद्दाहरू समावेश गर्न अनुगमनका लागि कुनै व्यक्ति नियुक्त गरिएको छ ?

१७. के कार्यक्रममा महिलाहरू र पुरुषहरूकोसमान सहभागिता सुनश्चित गर्न कुनै व्यक्ति नियुक्त गरिएको छ ?

## सहभागिता प्राप्त गर्न सम्भावित बाधाहरू

१८. के पुरुषहरू र महिलाहरूको समान र पूर्ण सहभागिता प्राप्त गर्न कठिनाईहरू छन् ? (सुरक्षाका कुराहरू, आर्थिक मुद्दाहरू, पारिवारिक जिम्मेवारीहरू, व्यावसायिक काम कर्तव्यहरू, बैधानिक बाधाहरू, नैतिक/धार्मिक कुराहरू इत्यादि)

१९. के बैठक व्यवस्थापनमा यी कुराहरूको विचार गरिएको छ र यिनीहरूलाई हटाउन कुनै प्रयास गरिएको छ ?

२०. समय तालिका

- के महिलाहरू र पुरुषहरूको काम गर्ने समय अनुकूल बनाइएको छ ?
- के यो अरू जिम्मेवारीहरू सुरक्षाका कुराहरू इत्यादि संग बाभिन्छ ?

२१. कार्यस्थल

- के कार्यस्थल पुरुषहरू तथा महिला सहभागीहरू दुबैको पहुँच भित्र सुरक्षित र उनीहरूको अनुकूल छ ?
- घरबाट/काम गर्ने ठाउँबाट कार्यस्थलको दूर कति छ ? के त्यसको अवस्थिति महिलाहरू लगायत अधिकाँश सहभागीहरूका लागि सजिलैसंग अथवा सुविधासाथ पुगिने किसिमको छ ?
- के कार्यस्थलमा महिलाहरू, पुरुषहरू र उनीहरूले हेरचाह गर्नु पर्ने बालबालिकाहरूका लागि पर्याप्त बस्ने व्यवस्था छ (शौचालयहरूको व्यवस्था, बालबालिकाहरूका लागि सुविधाहरू इत्यादि)

## प्रक्रिया

### विषयवस्तु

१. के विषयवस्तु पुरुषहरू र महिलाहरू दुबैको अनुभवका लागि सार्थक छ ?

२. के मौखिक र लिखित विषयवस्तु लैङ्गिक भाषा प्रयोगबाट मुक्त छ ?

३. के दिइएका चित्रहरू, उद्धरणहरू महिलाहरू र पुरुषहरूका अनुभवहरूलाई मान्यता दिने कुरालाई प्रतिविम्वित गर्दछन् ?

## तालीम विधि/व्यवस्थापन

४. तालीमकर्ताले कतिजना महिलाहरू र पुरुषहरूलाई बोलाउँछन् वा सम्बोधन गर्छन् ? के यसमा सन्तुलन छ ? के यो उनीहरूको प्रतिनिधित्वका लागि समानुपातिक छ ?

५. के तालीम विधिहरू र सिकाइ अध्यासहरू तालीममा महिलाहरू र पुरुषहरू दुबैको पूर्ण र समान सहभागिता सुनिश्चित गर्नका लागि सबैलाई समाहित गर्ने, सहभागितामूलक र लैङ्गिक रूपान्तरण गर्ने किसिमका छन् ?

- समान सहभागितालाई प्रोत्साहित गर्ने विधिहरूमा निम्नलिखित कुराहरू पर्दछन् : सामुहिक छलफलहरू, जोडा मिलाएर गर्न छलफलहरू, कुर्सी आलोपालो गरेर बस्ने व्यवस्था गरेर, प्रति सहभागी बोल्ने समय तोकेर, सहभागीहरूको चारैतिर घुम्दै प्रत्येक सहभागीहरूलाई केही शव्द बोल्न लगाएर इत्यादि) । कृपया साधन २४ "एउटा कार्यशालामा सहभागिता प्राप्त गर्नका लागि ११ वटा उपायहरू" हेर्नु होस् ।

६. के तालीमकर्ताहरूको सामान्य व्यवहार लैङ्गिक पूर्वाग्रह रहित र लैङ्गिक सम्मेवदनशील छ ?

७. के प्रत्येक बैठक सत्र/कार्यशाला/कार्य समूह भित्र पुरुष/महिलाको वितरणको अनुगमन गरिएको छ ? (जस्तै संयुक्त अथवा एउटै लिङ्गका समूहहरू जुन उपयुक्त हुन्छन्)

८. कार्यक्रमका दौरान बस्ने व्यवस्था कस्तो छ ? के यसले महिलाहरू र पुरुषहरूमा विभेद गर्दछ ?

## मूल्यांकन

१. के मूल्यांकन फाराममा महिलाहरू र पुरुषहरू दुबैका आवश्यकताहरु र आकांक्षाहरूलाई परिपूर्ति गरिएको छ भन्ने कुरा अनुगमन गर्न सहभागीहरूको लिङ्गको पहिचान गरिएको छ ?

२. के प्रश्नहरूले सहभागिताहरूका विभिन्न आवश्यकताहरूलाई प्रतिविम्वित गर्ने अवसर दिन्छन् ?

३. के अन्तिम प्रतिवेदनमा समूहको दौरानामा उठाइएका लैङ्गिक मुद्दाहरू प्रतिबिम्वत भएका छन् ?

४. के यस कार्यक्रमको प्रभाव विश्लेषणले महिलाहरू र पुरुष सहभागीहरूले नयाँ सिकेका सीपहरू र विषयवस्तुहरूको उपयोग गरिराखेका छन् भन्ने कुराहरू पत्ता लगाउने छ ?

५. के यस कार्यक्रममा लैङ्गिकता अनुकूल प्रतिफल दिने अवस्थाका सिकेका पाठहरूलाई भविष्यका कार्यक्रमहरूमा प्रयोग गर्ने सुनिश्चितताका लागि कुनै कार्यविधि छ ?

# उपयोगी स्रोत साधनहरु

साधन २२

# लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्था विषयमा हाजिरी जवाफ[४६]

लक्षित वर्ग: नीति निर्माताहरू र योजनाकारहरू, परियोजना/कार्यक्रम अधिकृतहरू

### १. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट भन्नाले के बुझिन्छ ?

अ) महिलाहरूका लागि छुट्टै बजेट

आ) सरकारको मूलप्रवाहको बजेटलाई यसको महिलाहरू र पुरुषहरूमा पर्ने प्रभाव अनुसार टुक्र्याउने अथवा छुट्याउने प्रयास ।

इ) महिला तथा बालबालिका मन्त्रालयको बजेट मात्र ।

ई) माथिका कुनै पनि होइन ।

### २. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटको कार्यान्वयनमा को सहभागी हुन्छन् ?

अ) सरकार, सांसदहरू, गैससहरू, र दातृ निकायहरू ।

आ) अर्थमन्त्रालय, महिला तथा बालबालिका मन्त्रालय मात्र ।

इ) नागरिक समाजहरू, विशेष गरेर महिलाहरू समूहहरू

ई) अनुसन्धानकर्ताहरू, अर्थविज्ञहरू ।

उ) तथ्यांक शास्त्रीहरू

ऊ) संचारजगत

ए) विकास साझेदारहरू/दातृ संस्थाहरू

ऐ) महिलाहरू र पुरुषहरू जसका लागि यो बजेट बनाइएको छ ।

### ३. लैङ्गिक अनुकूल प्रतिफल दिने बजेटका के फाइदाहरू छन् ? (मिल्ने जति सबैमा चिन्ह दिनु होस्)

अ) लैङ्गिक बजेटहरूले बालिकाहरू र महिलाहरूलाई बढी स्रोत साधनहरू प्रदान गर्दछन् ।

आ) लैङ्गिक बजेटहरूले भ्रष्टाचार निर्मूल गर्दछन् ।

इ) लैङ्गिक बजेटहरूले नागरिक समाजको आर्थिक नीति निर्माणमा सहभागिता प्रवर्द्धन गर्दछन् ?

ई) लैङ्गिक बजेटहरूले सुशासनमा सुधार गर्न सक्दछन् ।

### ४. निम्नलिखित मध्ये सरकारका कुन विभिन्न किसिमका खर्चहरूले लैङ्गिक प्रभाव पार्दछन् ? (मिल्ने जति सबैमा चिन्ह लगाउनु होस्) ।

अ) सार्वजनिक यातायातमा बजेट विनियोजनमा बढोत्तरी ।

आ) महिलाहरू र पुरुषहरूका लागि सार्वजनिक सेवाहरूमा समान तलवमा बजेट विनियोजन ।

इ) पुरुष जवानहरूका बीच हिंसा रोक्ने कार्यक्रमका लागि नयाँ बजेट व्यवस्था ।

---

४६ यो हाजिरी जवाफ साउथ अष्ट्रेलिया विश्वविद्यालयका डा. रैनाइची र डा. संयुक्ता बास्देवले सन् २००८ को जेनिया (GENIA) कार्यशालाका लागि विकास गरेका हुन् ।

ई) अस्पतालहरूमा बृद्धहरूलाई सेवा पुऱ्याउने कामदारहरूको संख्या बृद्धि गर्न बजेट पुनर्विनियोजनको व्यवस्था ।

उ) माथिका कुनै पनि होइन ।

**५ यदि सबै मन्त्रालयहरूले आफ्ना विकास तथा नियमित खर्चहरूमा लैङ्गिकताको विचार गऱ्यो भने लैङ्गिकतामा लक्षित खर्चहरू हटाउन सकिन्छ ।.**

अ) सही

आ) गलत

**६. लैङ्गिक-सचेत लाभग्राही मूल्यांकन, लैङ्गिक बजेट विश्लेषणको सबैभन्दा राम्रो साधन हो ।**

अ) सही

आ) गलत

**७. लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेटका मुख्य तीन वटा उद्देश्यहरू कुन हुन्?**

अ) कार्यसम्पादन सूचकहरूको विकास गर्नु

आ) कार्यक्रमहरूमा र बजेटमा लैङ्गिक मुद्दाहरूका बारे चेतना जगाउनु

इ) सरकारी नीतिहरू र कार्यक्रमहरूका लैङ्गिक प्रभावहरूको जवाफदेहिता प्रवर्द्धन गर्नु ।

ई) लैङ्गिक समानता प्रवर्द्धन गर्न बजेट र कार्यक्रमहरू परिवर्तन गर्नु ।

**८. जब बजेट समितिमा प्रस्तावहरू पेश गरिन्छन् निम्नलिखित मध्ये कसलाई समावेश गर्नु पर्दछ ?** (मिल्नेजति सबैमा चिन्ह लगाउनु होस् )

अ) लैङ्गिक मुद्दाको पहिचान

आ) परियोजना बजेटको प्रतिशत/मन्त्रालयको जम्मा बजेटको प्रतिशत

इ) नीतिगत उद्देश्यहरू

ई) प्रभावहरू र प्रतिफलहरू

उ) आवश्यक रकम

ऊ) लाभग्राहीहरू

**९. लैङ्गिक बजेटका चरणहरू कुन कुन हुन् ?** (मिल्नेजति सबैमा चिन्ह लगाउनु होस् )

अ) बजेट तयारी

आ) जब बजेट पेश गरिन्छ

इ) कार्यान्वयको दौरान

ई) कार्यान्वयन पछि

उ) माथिका सबै

**१०. लैङ्गिकता बजेट व्यवस्था भन्नाले के बुझिन्छ ?** (मिल्नेजति सबैमा चिन्ह लगाउनु होस् )

अ) बजेटलाई लैङ्गिक सम्बेदनशील हुने किसिमले ग्रहण गर्ने, योजना बनाउने, स्वीकृत गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, विश्लेषण गर्ने, र लेखापरीक्षण गर्ने कुराहरूलाई जनाउँछ ।

आ) महिलाहरू र बालिकाहरूको पुरुषहरू र बालकहरूको तुलनामा वास्तविक खर्च र राजस्व (सामान्यतया: सरकारको) को प्रभावको विश्लेषण गर्ने कुराहरू समावेश हुन्छ ।

इ) सरकारलाई नीतिहरूलाई कसरी बनाउनु पर्दछ, परिमाजर्न गर्नु पर्दछ, र कसरी पुन: प्राथमिकतामा पार्न पर्दछ भन्ने कुरा निर्णय गर्न सघाउँछ ।

ई) प्रभावकारी नीति कार्यान्वयनका लागि एउटा साधन हो जसबाट विनियोजनहरू नीतिगत प्रतिवद्धता अनुसार सही दिशामा छन्, छैनन् र अपेक्षित परिणाम प्राप्त भएको छ छैन भन्ने कुरा जाँच गर्न सकिन्छ ।

उ) माथिका सबै ।

**११. कुन लैङ्गिकता बजेट व्यवस्था होइन? (मिल्नेजति सबैमा चिन्ह दिनु होस्)**

अ) लैङ्गिकता बजेट व्यवस्था पुरुष र महिलाहरूका लागि छुट्टाछुट्टै बनाउने कुरा होइन।

आ) लैङ्गिकता बजेट व्यवस्था महिलाहरू र पुरुषहरूका लागि पचास, पचास प्रतिशत बजेट छुट्याउने कुरा होइन ।

इ) लैङ्गिकता बजेट व्यवस्था भन्नाले महिलाहरूका लागि विनियोजनमा बृद्धि गर्ने कुरा होइन - यो प्राथकिता तोक्ने कुरा पनि हो ।

ई) लैङ्गिकता बजेट व्यवस्था सरकारको बजेट मात्र होइन । सार्वजनिक तथा निजी क्षेत्रहरू, संस्थाहरू, स्थानीय संगठनहरू र गैससहरूका बजेटहरूलाई पनि लैङ्गिकता अनुकूल प्रतिफल दिने बनाउन सकिन्छ ।

उ) माथिका सबै

## लैङ्गिकता अनुकूल प्रतिफल दिने बजेट व्यवस्थमा हाजिरी जवाफका उत्तरहरू

१. आ) सरकारको मूलप्रवाहको बजेटलाई यसको महिलाहरू र पुरुषहरूमा पर्ने प्रभाव अनुसार टुक्र्याउने अथवा छुट्याउने प्रयास ।

२. अ) सरकार, सांसदहरू, गैससहरू, र दातृ निकायहरू ।

३. अ) लैङ्गिकता बजेटहरूले बालिकाहरू र महिलाहरूलाई बढी स्रोत साधनहरू प्रदान गर्दछन् ।
इ) लैङ्गिकता बजेटहरूले नागरिक समाजको आर्थिक नीति निर्माणमा सहभागिता प्रवर्द्धन गर्दछन् ?
ई) लैङ्गिकता बजेटहरूले सुशासनमा सुधार गर्न सक्दछन् ।

४. अ) सार्वजनिक यातायातमा बजेट विनियोजनमा बढोत्तरी ।
आ) महिलाहरू र पुरुषहरूका लागि सार्वजनिक सेवाहरूमा समान तलवमा बजेट विनियोजन ।
इ) पुरुष जवानहरूका बीच हिंसा रोक्ने कार्यक्रमका लागि नयाँ बजेट व्यवस्था ।
ई) अस्पतालहरूमा बृद्धहरूलाई सेवा पुऱ्याउने कामदारहरूको संख्या बृद्धि गर्न बजेट पुनर्विनियोजनको व्यवस्था ।

५ आ) गलत - सम्पूर्ण बजेट तथा लैङ्गिकता लक्षित खर्चभित्र लैङ्गिकताको मूल-प्रवाहीकरण जरुरी छ ।

६. आ) गलत - यो बजेटको लैङ्गिकता विश्लेषण गर्दा प्रयोग गर्ने धेरै साधनहरूमध्ये एउटा साधन मात्र हो ।

७. आ) कार्यक्रमहरूमा र बजेटमा लैङ्गिक मुद्दाहरूका बारे चेतना जगाउनु

इ) सरकारी नीतिहरू र कार्यक्रमहरूका लैङ्गिक प्रभावहरूको जवाफदेहिता प्रवर्द्धन गर्नु ।
ई) लैङ्गिक समानता प्रवर्द्धन गर्न बजेट र कार्यक्रमहरू परिवर्तन गर्नु ।

८. अ) लैङ्गिक मुद्दाको पहिचान
इ) नीतिगत उद्देश्यहरू
ई) प्रभावहरू र प्रतिफलहरू
उ) आवश्यक रकम
ऊ) लाभग्राहीहरू

९. उ) माथिका सबै

१०. उ) माथिका सबै ।

११. उ) माथिका सबै

## साधन २३ लैङ्गिकता सम्बन्धी तालीम कार्यशालाको एउटा उदाहरण

**लक्षित वर्ग:** परियोजना/कार्यक्रम अधिकृतहरू, शिक्षक प्रशिक्षकहरू, लैङ्गिक तालीमकर्ताहरू ।

*शिक्षामा लैङ्गिकतामा तालीम कार्यशालाको निम्नलिखित एउटा उदाहरण हो । यसलाई सहभागीहरूको र कार्यक्रमको शीर्षकका आवश्यकताहरू/अभिरुचीहरू संग मेल खाने गरी अनुकूल बनाउन सकिन्छ/परिमार्जित गर्न सकिन्छ ।*

तालीम कार्यशालाको नाम
मिति
शहर, देश

| दिन १ | | |
|---|---|---|
| समय | कार्यकलाप | सहजकर्ताहरु/प्रस्तुतकर्ताहरु |
| ८:००-९:०० | नाम दर्ता | |
| ९:००-९:४५ | • उद्घाटन समारोह<br>• उद्घाटन मन्तव्य<br>- अध्यक्ष<br>- प्रतिनिधिहरु<br>• सहभागीहरुको परिचय | व्यवस्थापकहरू |
| ९:४५-१०:१५ | कार्यशालाको परिचय<br>• बैठकको उद्देश्यहरु र एजेन्डाको पुनरावलोकन<br>• चालू सत्रहरुको परिचय | व्यवस्थापकहरू/स्रोत व्यक्तिहरू |
| १०:१५-१०:४५ | चियापान | |
| १०:४५-१२:३० | सत्र १: चालू सत्र<br>• शिक्षामा लैङ्गिक मुद्दाहरुको परिचय<br>• प्रश्न उत्तर र छलफल | स्रोत व्यक्तिहरू |
| १२:३०-१३:३० | भोजन | |
| १३:३०-१४:०० | सत्र २: शिक्षामा लैङ्गिकताको अवस्थाको पुनरावलोकन | स्रोत व्यक्तिहरू |
| १४:००-१५:०० | सत्र ३: तालीम कार्यशालाका शीर्षकहरुको परिचय | स्रोत व्यक्तिहरू |
| १५:००-१५:३० | चियापान | |
| १५:३०-१७:०० | सत्र ४: शीर्षकहरु बारे अनुभवहरुको आदान प्रदान<br>• विभिन्न समकक्षीहरुका अनुभवहरु<br>• क्षेत्रीय अनुभवहरु<br>• प्रश्न उत्तर र छलफल | स्रोत व्यक्तिहरू |

| दिन २ | | |
|---|---|---|
| समय | कार्यकलाप | सहजकर्त्ताहरु/प्रस्तुतकर्त्ताहरु |
| ९:००-९:३० | दिन १ को पुनरावलोकन | सहभागीहरू |
| ९:३०-१०:०० | सत्र ५: शीर्षकहरुमा देशका पद्धतिहरुको प्रस्तुतिकरण | स्रोत व्यक्तिहरू |
| १०:००-१०:३० | सत्र ६: शीर्षकहरु सम्बन्धित लैङ्गिक विश्लेषण बारे परिचय | स्रोत व्यक्तिहरू |
| १०:३०-११:०० | चियापान | |
| ११:००-१२:३० | साधनहरुको विश्लेषणको अभ्यास (३ अथवा ४ समूहमा) | स्रोत व्यक्तिहरू |
| १२:३०-१३:३० | भोजन | |
| १३:३०-१५:०० | सत्र ८: समूह कार्यकलापहरु (यसका लागि कृपया साधन नं. २४ "कार्यशालामा सहभागिता प्राप्त गर्न ११ वटा उपायहरु") लाई हेर्नु होस् । | स्रोत व्यक्तिहरू |
| १५:००-१५:३० | चियापान | |
| १५:३०-१७:०० | सत्र ९: समूह कार्य (चालू) | स्रोत व्यक्तिहरू |

| दिन २ | | |
|---|---|---|
| समय | कार्यकलाप | सहजकर्त्ताहरु/प्रस्तुतकर्त्ताहरु |
| ९:००-१०:३० | सत्र १०: समूह कार्य प्रस्तुतिकरण | सहभागीहरू |
| १०:३०-११:०० | चियापान | |
| ११:००-११:३० | सत्र ११: शीर्षकहरूमा कार्ययोजना र रणनीतिहरू निर्माणका लागि समूह कार्यको परिचय | व्यवस्थापकहरू |
| ११:३०-१२:३० | सत्र १२: शिक्षा मन्त्रालयमा शिक्षामा लैङ्गिकता प्रारम्भ गर्नका लागि कार्ययोजना तथा रणनीतिहरू विकास गर्न सम्बन्धित देशहरूका समूह कार्य | सहभागीहरू |
| १२:३०-१३:३० | भोजन | |
| १३:३०-१५:०० | सत्र १३: राष्ट्रिय शिक्षा पद्धतिमा लैङ्गिक मूल प्रवाहीकरण गर्न देशहरूका कार्ययोजनाहरू तथा रणनीतिहरूको प्रस्तुतिकरण | सहभागीहरू |
| १५:००-१५:३० | चियापान | |
| १५:३०-१७:०० | सत्र १४: कार्ययोजना र भविष्यका कदमहरू बारे छलफल | व्यवस्थापकहरू |
| १७:०० | समाप्त | |

## साधन २४ एउटा कार्यशालामा सहभागिता प्राप्त गर्नका लागि एघार वटा उपायहरू

**लक्षित वर्ग:** शिक्षक प्रशिक्षकहरू, लैङ्गिक तालीमकर्ताहरू

*यिनीहरू एउटा कार्यशालाका दौरानमा सहभागिता प्राप्त गर्नका लागि सुझाइएका केही तरीकाहरू हुन् । यी सबैलाई प्रयोग गर्न आवश्यक छैन, तर विभिन्न सत्रहरूमा विभिन्न तरीकाहरूको प्रयोग गर्न सकिन्छ । तपाईले यसलाई अनुकूल बनाउन र यस सूचीमा केही बुँदाहरू थप्न सक्नु हुन्छ ।*

### १. खुला छलफल

**बयान:** एउटा प्रश्न सोध्नु होस् र विना कुनै थपघट गरी यसलाई सम्पूर्ण समूहमा राख्नु होस् ।

**फायदाहरू:** जव तपाईलाई पूरा विश्वास छ कि धेरैजनाले सहभागी हुनेछन् खुला छलफलको प्रयोग गर्नु होस् । यसको निर्धक्क भाग लिने गुण घतलाग्दो हुन्छ । यदि तपाईलाई चिन्ता छ कि छलफल ज्यादै लम्बिने छ पहिले नै भन्नु होस् कि “म चाहन्छु कि चार पाँच जनाले भाग लिनुस्” । सहजकर्ताले थप निर्देश गर्न सक्छन् कि भाग लिन चाहने सहभागीहरूले आफ्नो हात उठाउनु होला ।

### २. उप-समूहमा छलफल

**बयान:** सहभागीहरूलाई उप-समूहहरूमा विभाजित गर्नु होस् र सूचना एक आपसमा बाँड्न र अभिलेख राख्न उनीहरूलाई एउटा अध्यक्ष, अभिलेखकर्ता र प्रस्तुतकर्ता छान्न दिनोस् । यो विशेष विधि त्यसबेला उपयोगी हुन्छ जव सहभागीहरू धेरै हुन्छन् । प्रत्येक समूहमा ५-७ जना हुनु राम्रो हुन्छ । सहजकर्ता प्रत्येक समूहमा छोटा परिचय दिन अथवा सहयोग गर्न कोठाको चारैतिर घुम्न सक्नु हुन्छ । प्रत्येक समूहका लागि छलफल सही दिशामा गइरहेको छ छैन भन्ने कुरा यकिन गर्न पर्यवेक्षकहरू पनि तोक्न सकिनछ । छलफल पश्चात् उप-समूहलाई आफ्ना दृष्टिकोणहरू छानिएको एउटा प्रस्तुतकर्ताद्वारा बाँकी समूहमा प्रस्तुत गर्न प्रोत्साहित गरिनु पर्दछ ।

**फायदाहरू:** उप-समूहहरूको प्रयोग गर्नु होस् जव तपाईसंग प्रश्नहरू र मुद्दाहरूलाई अगाडि बढाउन पर्याप्त समय छ । प्रत्येकको सहभागिता प्राप्त गर्न यो सबैभन्दा राम्रो विधि हो ।

### ३. जोडा अथवा साझेदारहरू

**बयान:** आफ्नो सीटसंगै बसेका अर्का सहभागीसंग तोकिएको काम गर्न वा प्रमुख प्रश्नहरूमा छलफल गर्न लगाउनु होस् ।

**फायदाहरू:** साझेदारहरूको प्रयोग गर्नु होस् जव तपाई प्रत्येकलाई संलग्न गराउन चाहनु हुन्छ तर तपाईसंग छोटो समूहमा छलफल गराउनका लागि पर्याप्त समय छैन । सहयोगी सम्बन्ध विकास गर्न र/अथवा उनीहरूलाई समूहको निर्माण गर्न अप्ठ्यारो हुने जटिल कार्यकलापहरूमा काम गर्न जोडीहरू राम्रो संरचना हुन् ।

## ४. आर्को वक्तालाई बोलाउने

**बयान:** सहभागीहरूलाई उनीहरूले आफ्ना दृष्टिकोण प्रस्तुत गर्न चाहेमा हात उठाउनू भन्नु होस् र अनुरोध गर्नु होस् कि वर्तमान वक्ताले अर्को बक्तालाई बोल्न दिउन् । जव तपाई मध्यस्तकर्ताको भूमिका पुन: प्रारम्भ गर्न चाहनु हुन्छ, तपाईको समूहलाई सूचित गर्नु होस् कि तपाई आफ्नो नियमित भूमिकामा फर्किन लाग्नु भएको छ ।

**फायदाहरू:** सहभागीहरूलाई अर्को वक्तालाई बोल्न दिन भन्न होस् जव तपाईलाई पूरा विश्वास छ कि छलफल/क्रियाकलापमा पर्याप्त अभिरुचि छ र तपाईले सहभागीहरूको अन्तर्क्रिया प्रवर्द्धन गर्न चाहनु हुन्छ ।

## ५. भकुण्डो/छडी पास गर्ने

**बयान:** समूहको चारैतिर जानु होस् र प्रमुख प्रश्नहरूका छोटा प्रत्युत्तर प्राप्त गर्नु होस् (जस्तै, यस्ता वाक्यहरू "लैङ्गिक सम्पर्क व्यक्तिलाई प्रभावकारी बनाउने एउटा कुरा हो .... ") । सहभागीहरूलाई उनीहरूले चाहेमा भकुण्डो/छडी पास गर्न भन्नु होस् । प्रत्येक सहभागीलाई एउटा नयाँ कुरा भन्न लगाउनु होस् ।

**फायदाहरू:** सहजकर्ताले प्रत्येक सहभागीलाई भाग लिन प्रोत्साहित गर्न सक्छ ।

## ६. विज्ञमण्डलहरु

**बयान:** सहभागीहरूको एउटा सानो समूहलाई पूरै समूहमा आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्न लगाउनु होस् ।

**फायदाहरू:** प्रश्नहरू बारे विषय केन्द्रित, गम्भीर बिचार प्रस्तुतिका लागि विज्ञमण्डलहरूको प्रयोग गर्नु होस् । सहभागिता बढाउनका लागि विज्ञमण्डलहरूको आलोपालो गर्नु होस् ।

## ७. माछाको कचौरा

**बयान:** समूहका केही सहभागीहरूलाई एउटा बृत्ताकारमा बस्न लगाउनु होस् र बाँकीलाई उनीहरूका कुरा सुन्न उनीहरूको चारैतिर बृत्ताकारमा बस्न लगाउनु होस् । छलफल चालू राख्न भित्री बृत्तमा नयाँ समूह ल्याउनु होस्, छलफलका लागि नयाँ विषयहरू छनौट गर्न माछाको कचौरा प्रयोग गर्नु होस्, भिन्नता ल्याउन, प्रत्येक व्यक्ति आफ्नो ठाउँमा बसी रहन्छन् छलफल गर्ने फरक फरक सहभागीहरू निम्त्याइन्छन् र अरूहरूले सुनिरहन्छन् ।

**फायदाहरू:** ठूलो समूह छलफलमा विषय केन्द्रित हुन मद्तका लागि माछाको कचौरा प्रयोग गर्नु होस् ।

## ८. चारैतिर घुम्ने

**बयान:** सहभागीहरूका स-साना समूहहरू बनाउनु होस् र प्रत्येक समूहलाई बैठक कोठामा छुट्टाछुट्टै स्थान तोक्नु होस् । प्रत्येक समूहले एउटा नेता र एउटा अभिलेखकर्ता छान्ने छन् । लैङ्गिक विषयहरूका 'क्लिप चार्ट' बैठक कोठाका विभिन्न स्थानहरूमा टाँसिएका हुनेछन् । समूहलाई आफ्नो पहिलो स्थानमा प्रश्नहरूका उत्तर दिनका लागि निर्दिष्ट समय दिइनेछ । जव सहजकर्ताले संकेत गर्दछ समूह नेताहरूले आ-आफ्ना समूहहरूलाई घडीको सुइका दिशामा आएको 'क्लिप चार्ट' भएको ठाउँमा घुमाउँछ । सहभागीहरूले आ-आफ्ना विचारहरू पहिलो समूहले लेखेका विचारहरूमा थप्ने छन् । सहभागीहरूलाई पहिले दिइएका विचारहरू/विषयहरूमा थप्न अथवा त्यसमा असहमत हुन स्वतन्त्रता हुनेछ । तर, कसैलाई पनि पूरै काट्न अथवा अरूले लेखेका 'X' चिन्ह राख्न दिइने छैन ।

**फाइदाहरू**: यो 'ब्रेनस्टोर्मिङ्ग' विधि हो, त्यसैले सहभागीहरूका विचारहरूको स्वागत गरिन्छ । सबै समूहहरूले सबै स्थानहरूमा आ-आफ्ना कुराहरू राखी सकेपछि सहजकर्ता र अन्य सबै सहभागीहरूले संगसंगै कोठामा झुण्ड्याइएका सबै क्लिप चार्टहरूका विषयवस्तुमा छलफल गर्न चारैतिर जाने छन् ।

## ९. गुमनाम कार्डहरू

**बयान**: कार्डहरू बाड्नु होस् र तपाईको प्रश्नहरूमा गुमनाम उत्तरहरू दिन लगाउनु होस् (जस्तै, तपाईको कार्यस्थलमा लैङ्गिक समानता प्रवर्द्धन गर्न कुनै तीनवटा परिवर्तनहरू कार्यान्वयन गरिनु पर्दछ ?) पूरा गरिएका कार्डहरू समूहमा पास गर्न लगाउनु होस् अथवा भित्तामा टाँस्न लगाउनु होस् ।

**फायदाहरू**: समयको बचत गर्न अथवा आफ्ना भेद खुल्नाले लाग्ने व्यक्तिगत धक्कालाई गोप्य राख्न गुमनाम कार्डहरू प्रयोग गर्नु होस् । कार्डहरूको प्रयोगले गर्दा गर्नु पर्ने विचार प्रस्तुतिको संक्षिप्तता यस विधिको अर्को फायदा हो ।

## १०. प्रश्नावलीहरू

**बयान**: सहभागीहरूले भर्नु पर्ने र लगतै जम्मा गर्नु पर्ने एउटा छोटो प्रश्नावली निर्माण गर्नु होस् ।

**फायदाहरू**: प्रत्येक सहभागीबाट तुरुन्तै र परिमाणमा प्रस्तुत गर्न सकिने गरी तथ्यांक प्राप्त गर्न प्रश्नावलीहरूको प्रयोग गर्नु होस् । वास्तविक उत्तर प्राप्तिका लागि सहभागीहरूलाई आफ्नो नाम नलेख्न भन्न सकिन्छ । प्राप्त भएका उत्तरहरूको नतीजा तुरुन्तै सहभागीहरूलाई सुनाउन सकिन्छ ।

## ११. खेलहरू

**बयान**: सहभागिता प्राप्तिका लागि एएटा जाँच पनि प्रयोग गर्न सकिन्छ । यस उद्देश्यका लागि सहभागीहरूलाई समूह समूहमा विभाजित गर्न सकिन्छ र प्रत्येक उत्तरहरू समूहका सहभागीहरूसंग छलफल गरी समूहका एकजनालाई भन्न प्रोत्साहित गर्न सकिन्छ । विजयी समूहको उत्प्रेरणाका लागि उपहार राख्न सकिन्छ, जस्तै, चौकलेटहरूको पैकेट विजयी टीमलाई दिन सकिन्छ । जाँचका प्रश्नहरू उपलव्ध समयका आधारमा निर्माण गरिनु पर्दछन् । जम्मा प्रश्नहरूको संख्या १०-१५ हुनु राम्रो हुन्छ ।

**फायदाहरू**: सहभागीहरूको दृष्टिकोण अथवा ज्ञानलाई बाहिर ल्याउन जाँचको खेल अथवा यस्तै तरीका प्रयोग गर्नु होस् । जाँगर र संलग्नता प्राप्त गर्न खेलहरूको प्रयोग गर्नु होस् । खेलहरू नाटकीय बूँदाहरू निर्माण गर्न पनि सहयोगी हुन्छन् जुन सहभागीहरूले कहिले विर्सदैनन् ।

# साधन २५ शिक्षामा लैङ्गिक समानता प्रवर्द्धन गर्न आफ्नो सञ्जाल बनाउनु होस्

**लक्षित वर्गः** सबै

*यो साधनमा शिक्षामा लैङ्गिक समानता प्रवर्द्धन गर्न एउटा सञ्जाल निर्माण गर्न वा त्यसमा आवद्ध हुन साधारण जानकारी र मार्ग निर्देशनहरू दिइएका छन् ।*

## सञ्जाल के हो ?

सञ्जाल व्यक्तिहरू अथवा संस्थाहरूको एउटा जालो हो जहाँ उनीहरू संगसंगै र साझा लक्ष्य गर्ने दिशामा विचार आदान प्रदान गर्दछन्, र काम गर्दछन्, जस्तो कि शिक्षामा लैङ्गिक समानताको प्रवर्द्धन गर्ने ।

## सञ्जाल कस्ले बनाउन सक्दछन् ?

साझा रुचि र लक्ष्य भएका कुनै पनि व्यक्तिले सञ्जाल निर्माण गर्न वा यसमा भाग लिन सक्दछन् । तथापि, धेरैजसो सञ्जालहरू साझा गुण भएका व्यक्तिहरूद्वारा निर्मित हुन्छन् वा यस्ता व्यक्तिहरूलाई एक आपसमा जोड्दछन् : कुनै एउटा विषयमा वा कार्य क्षेत्रमा उनीहरूले उही रुचिहरू एक आपसमा बाँड्न सक्दछन्; उनीहरू एउटै पेशामा कार्यरत हुन सक्दछन्, इत्यादि ।

## शिक्षामा लैङ्गिकताको क्षेत्रमा हामीलाई सञ्जालको आवश्यकता किन छ ?

- लैङ्गिकता एउटा अन्तर्क्षेत्रीय (Cross cutting) विषय हो । त्यसैले सञ्जालमा अन्य विषय क्षेत्रका व्यक्तिहरू पनि संलग्न हुन सक्दछन् ।
- लैङ्गिक मुद्दाहरू स्वभाव अनुसार बहु-क्षेत्रीय हुन्, त्यसैले बहु-क्षेत्रीय प्रत्युत्तर चाहन्छन् ।
- शिक्षामा लैङ्गिक समानताको वकालत बढी सशक्त हुन सक्दछ जब यसका समर्थकहरू एक हुन्छन् ।
- लैङ्गिक मुद्दाहरू विवादास्पद र जटिल हुन सक्दछन् । उनीहरूलाई खुला छलफलका लागि छोडी दिनु पर्दछ जसबाट बृहत् राय सुझावहरूबाट समाधान निकाल्न सकियोस् ।
- एउटा समुदायसंगको सम्बन्धको भावनाले व्यक्तिहरूलाई अझ बढी गर्न उत्प्रेरित गर्दछ ।
- शिक्षामा लैङ्गिक समानता अन्तर्राष्ट्रिय समुदायद्वारा डाकार कार्य योजना, सबैका लागि शिक्षामा गरिएका प्रतिवद्धताहरू मध्ये एक हो र यस प्रतिबद्धतालाई पूरा गर्न अन्तर्राष्ट्रिय सहयोग अनुभव र सूचना आदान प्रदानबाट शुद्ध बनाइनु पर्दछ । यस उद्देश्यका लागि सञ्जाल निर्माण उपयोगी हुन्छ र विभिन्न देशमा सबैका लागि शिक्षाको प्राप्तिका प्रगति अनुगमन गर्न प्रभावकारी पनि हुन्छ ।

## सञ्जालका नमूना कार्यहरू

- अन्य सदस्यहरूसंग ज्ञान र अनुभव साटासाट गर्ने ।
- कार्य क्षेत्रबाट प्राप्त अनुसन्धान निचोडहरू र सिकेका व्यावहारिक पाठहरू र नीति निर्माणका लागि तिनीहरूको प्रभाव बाँडेको अनुभव आपसमा बाँड्ने ।
- शिक्षमा लैङ्गिकता बारेमा प्रवर्द्धन गर्नु पर्ने र/अथवा नीति निर्माताहरूको ध्यान आकृष्ट गर्नु पर्ने प्रमुख मुद्दाहरू पहिचान गर्ने ।

- नीतिहरू, कार्ययोजनाहरू र बैधानिक प्रयासहरूबारे साझा टिप्पणीहरू र प्रस्तावहरू ।
- नियमित रूपमा सामग्रीहरू/स्रोतहरूको आदानप्रदान गर्ने तथा वितरण गर्ने तालीमको आयोजना गर्ने ।

## हामीले सञ्जाललाई कसरी सफल तुल्याउने

- सञ्जालका सबै सदस्यहरूको उत्प्रेरणा महत्वपूर्ण छ । यो तवमात्र थाम्न सकिन्छ जव सञ्जालका उद्देश्यहरू स्पष्ट हुन्छन्, जसको निर्माणमा सबै सदस्यहरूको योगदान हुन्छ र सबैद्वारा आदान प्रदान गरिन्छन् ।
- सञ्जालका माध्यमले संचालन गरिने साझा कार्यकलापकहरूले सबै सदस्यहरूलाई फायदा पुऱ्याउनु पर्दछ । साझा कार्यक्रमहरूको वास्तवमै स्वेच्छिक र स्वायत्त कार्यविधिको खोजी हुनुपर्दछ ।
- सदस्यहरूले नियमित रूपमा एक अर्कासंग सम्पर्क राख्नु पर्दछ ।
- सञ्जाल व्यक्तिगत सदस्यहरूको लक्ष्यहरू प्राप्तिका लागि एउटा पूँजी हो भन्ने कुराको अनुभूति हुनु पनि अत्यावश्यक छ ।
- कुनै पनि सदस्यमा निर्भरता (आर्थिक रूपले, बौद्धिक रूपले र अन्य हिसावले) को क्रमशः समाप्ति हुनु पर्दछ ।

## तपाईले आफ्नो सञ्जाल कसरी निर्माण गर्न सक्नु हुन्छ ।

- आफ्ना सहपाठीहरूसंग अथवा क्षमतावान सदस्यहरूसंग आफ्नो परियोजना बारे छलफल गर्नु होस् र निर्माण गर्नुहोस् । (साझा लक्ष्य र उद्देश्यहरू)
- प्रमुख व्यक्तिहरूको छनौट गर्नु होस् जसले सञ्जाल व्यवस्थापनको जिम्मेवारी लिने छन् अथवा सञ्जाल व्यवस्थापनको कार्यविधि परिभाषित गर्नु होस् (एउटा व्यवस्थापन केन्द्र हुनुभन्दा जिम्मेवारी सदस्यहरूमा पालैपालो सार्न सकिन्छ) ।
- संचारको माध्यम छान्नु होस् (प्रत्यक्ष बैठकहरू, इमेल, छलफलहरू, वेभसाईट, चिट्ठीपत्रहरू इत्यादि) ।
- आर्थिक र जिन्सी सहयोग आफ्नो संगठन/कार्यालयबाट अथवा क्षमतावान दाताहरूबाट प्राप्त गर्नु होस् ।
- सानो कुराबाट प्रारम्भ गर्नु होस्: कुनै एक विशेष शीर्षकमा बैठक 'औनलाइन' छलफलहरू अथवा स-साना कार्यकलापहरू आयोजना गर्नु होस् ।
- बढी सदस्यहरू बनाउन आफ्नो सञ्जालको विज्ञापन गर्नु होस् ।
- तपाई भइराखेको सञ्जालमा पनि सामेल हुन सक्नु हुन्छ ।

# सन्दर्भ सामग्रीहरू



यहाँ प्रस्तुत गरिएका सन्दर्भ सामग्रीहरू पुस्तक आकारमा वा 'ओनलाइन'मा उपलब्ध भएका थुप्रै स्रोतहरूमध्ये छनौट गरिएका मात्र हुन् । थप सामग्रीको खोज गर्न नहिचकिचाउनुहोस् !

## साधारण तालिम सामग्रीहरु

**यी सामग्रीहरु लैङ्गिक समानता कसरी सुनिश्चित गर्ने भन्ने विभिन्न पक्षसँग सम्बन्धित छन् ।**

UNDP (United Nations Development Programme), Gender mainstreaming learning manual, UNDP, January 2001 http://www.org/women/infopack.shtml

UNDP (United Nations Development Programme), Gender mainstreaming in practice: a handbook, UNDP, 2001. It can be found at the UNDP women's section, publications page, along with other resources: http://www.undp.org/women/publicaitons.shtml

International Labour Organization (ILO)
http://www.ilo.org/public/english/region/asro/manila/gender/module/htm

Canada Nepal Gender in Organizations
http://www.cngo.org.np/pub/trainingpack.php

Gender Toolbox
http://www.gendertoolbox.org

UN INSTRAW
http://www.un-instraw.org/wiki/training/index.php/Trainings

UNESCO Girls' and Women's Education in Africa
http://www.unesco.org/education/mebam/modules.shtml

Women Watch's training resources' listing
http://www.un.org/womenwatch/directory/gender_training_90.htm#tools

DFID, Gender Manual: A Practical Guide for Development Policy-makers and Practitioners

## लैङ्गिकता सम्बन्धी परिभाषाहरु/शब्दावलीहरुका लागि स्रोत-साधनहरु

ILO (International Labour Organization), ABC of women workers' rights and gender equality, 2007.

OSCE (Organization for Security and co-operation in Europe), Glossary on gender related terms, May 2006 http://www.osce.org/documents/gen/2006/05/25936_en.pdf

OECD (Organization for Economic Co-operation and Development), DAC Source book on concepts and approaches linked to gender equality, Paris, 1998 http://www.oecd.org/dataoecd/4/16/31572047.pdf

## प्रचारात्मक स्रोत-साधनहरु

UNESCO, Gender sensitivity, A training manual for sensitizing education managers, curriculum and material developers and media professionals to gender concerns, UNESCO, Paris, 2004 http://unesdoc.unesco.org/images10013/0013/137604eo.pdf

*A fair chance, OXFAM/ASPBAE/ActionAid/FAWE/DFID*

http://www.unescobkk.org/fileadmin/user_upload/appeal/gender/AFairChanceFullReport.pdf

The Centre for Development and Population Activities (CEDPA), Advocacy: Building Skills for NGO leaders, Washington 1999
www.cedpa.org/files/666_file_advocacy_english_all.pdf

## लैङ्गिक मूल प्रवाहीकरण सम्बन्धी स्रोत-साधनहरु

*Ramya Subrahmanian, Gender in primary and secondary education: a handbook for* policy-makers and other stakeholders, Commonwealth Secretariat 2007

## लैङ्गिक विश्लेषण सम्बन्धी स्रोत-साधनहरु

Status of Women Canada, Gender-based analysis: a guide for policy-making, Status of Women-Canada, Canada, 1996.
http://www.swc-cfc.gc.ca/pol/gba-acs/index-eng.html

ILO
http://www.ilo.org/public/english/reigon/asro/mdtmanila/training/unit1/mainmenu.htm

### लैङ्गिक अनुकूल प्रतिफल दिने बजेट व्यवस्था गर्ने सम्बन्धी स्रोत-साधनहरु

UNIFEM Gender Responsive Budgeting
http://www.gender-budgets.org/

UNFPA/UNIFEM, Gender responsive budgeting and women's reproductive rights" a reosurce pack, New York, 2006
http://www.unifem/org/attachments/products/GRB_WomensReproductive Rights_ResourcePack_eng.pdf

UNIFEM Video
Morocco http://www.unifem.org/resources/audiovideo/detail.php?VideoID=6

Bolivia http://www.unifem.org/resources/audiovideo/detail.php?VideoID=7

## तथ्यांकहरु

World Bank's Gender stats
www.genderstats.worldbank.org

UNESCO Institute for Statistics (UIS)
http://www.uis.unesco.org

## लैङ्गिकता सम्बन्धी हाजिरी जवाफ

UNICEF
http://www.unicef.org/sowc07/quiz/index.html

World Bank Quiz
http://youthink.worldbank.org/.issues/gender/quiz/index.php

# लैङ्गिक समानता समर्थन गर्ने संगठनहरुसँगको सम्बन्ध

**संयुक्त राष्ट्र संघका संस्थाहरू**

UNESCO's Division for Gender Equality
www.unesco.org/genderequality

UNESCO Bangkok - Gender in Education website
http:///www.unescobkk.org/education/appeal/programme-themes/gender

UNESCO Bangkok - Gender in Education Network in Asia-Pacific (GENIA) website http://www.unescobkk.org/educaiton/appeal/progrmme-themes/gender/genia/

United Nations Girls' Education Initiative (UNGEI)
http://www.ungei.org/

United Nations Development Programme (UNDP)
http://www.undp.org/women/resources.shtml

United Nations International Research and Training Institute for the Advancement of Women (UN-INSTRAW)
http://www.un-instraw.org

United Nations Division for the Advancement of Women (DAW)
http://www.un.org/womenwatch/daw/

Office of the Special Adviser on Gender Issues and Advancement of Women (OSAGI)
http://www.un.org/womenwatch/osagi/

United Nations Children's Fund (UNICEF)
http://www.unicef.org/girlseducation/index.php

United Nations Population Fund (UNFPA)
http://www.unfpa.org/gender/index.htm

United Nations International Fund for Agricultural Development (FAD)
http://www.ifad.org/gender/index.htm

EC/UN Partnership on Gender Equality for Development and Peace
http://www.gendermatters.eu/

**विकास संस्थाहरू**

Canadian International Development Agency (CIDA)
http://www.acdi-cida.gc.ca/CIDAWEB/acdicida.nsf/En/JUD-31192610-JXF

Danish International Development Agency (DANIDA)
http://www.danidaevforum.um.dk/en/menu/topics/genderequality/genderequality.htm

Irish Aid
http://www.irishaid.gov.ie/development_gender.asp

Swiss Agency for Development and Cooperation (SDC)
http://www.deza.admin.ch/en/Home/Themes/Gender

United Kingdom Department for International Development (DFID)
http://www.dfid.gov.uk/Global-Issues/Millennium-Development-Goals/3-Promote-gender-equality-and-empower-women





**अन्य संघ/संगठनहरू**

Commonwealth Secretariat
http://www.thecommonwealth.org/

BRIDGE, Gender and Development in Brief
http://www.bridge.ids.ac.uk/bridge/Bri_bull.html

Thailand's Gender Information Centre
www.gender.go.th/eng

Forum for African Women Educationalists (FAWE)
http://www.fawe.org/

Womankind
http://www.womankind.org.uk/

ActionAid - Women and Girls' page
http://www.actionaid.org/main.aspx?PageID-21

Eldis
http://www.eldis.org/go/topics/reosurce-guides/gender

Network Learning
http://www.networklearning.org/gender/

Gender and ICT
http://www.unesco.org/webworld/en/gender-ict

Inter-Parliamentary Union
http://www.ipu.org/wmn-e/classif.htm

INSTRAW
http://www.un-instraw.org/

Nobel Prize
http://nobleprize.org/

Oxfam
http://www.oxfam.org/

The Global Coalition on Women and AIDS
http://womenandaids.unaids.org/

UN Millennium Development Goals
http://www.un.org/millenniumgoals/

UNICEF
http://www.unicef.org/

Peace Women (Women's Internaitonal League for Peace and freedom)
http://www.peacewomen.org/

World Bank
http://www.worldbank.org/

2005 World Summit Outcome
http://www.un.org/summit2005/documents.html




UNESCO

United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu Office

T : + 977-1-5554396 / 769
F : + 977-1-5554450
E : kathmandu@unesco.org
Sanepa-2, Lalitpur, Nepal
P.O. Box 14391, Kathmandu, Nepal